# अध्याय एक

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **वामदेव पहाडीको उपन्यास कैदी र झ्यालखानको अध्ययन र विश्लेषण** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह (एम.ए) दोस्रो वर्षको दसौं पत्रको पाठ्यभार परिपूर्ति गर्ने प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ शोध समस्या

कथा, उपन्यास, कविता, समालोचना जस्ता विविध विधामा लेखनी चलाएका वामदेव पहाडीको प्रारम्भिक लेखनकार्य वि.सं. २००८ देखि हिन्दी भाषा साहित्यबाट भएको र वि.सं. २०१३ देखि नेपाली भाषा साहित्यमा लेखनकार्यको थालनी भएको हो । विद्यार्थी अवस्थादेखि नै साहित्यतर्फ रूचि देखाउने पहाडीले विविध पत्रपत्रिकामा फुटकर कृतिहरू प्रकाशित गराउँदै आएका भए पनि प्रथम प्रकाशित पुस्तकार कृतिका रूपमा **नयननीर** हिन्दी गद्य कविता र गीत सङ्ग्रह वि.सं. २०१० सालमा प्रकाशित भएको देखिन्छ । वि.सं. २०१० सालदेखि औपचारिक साहित्ययात्रारम्भ गरेका पहाडीका **नयननीर** (२०१०) काव्य सङ्ग्रह, **कैदी र झ्यालखान** (२०३६) उपन्यास, **विवेक र मन्थन** (२०३७), आलोचनात्मक निवन्ध सङ्ग्रह, **जय देश जय नेपाल** (२०४१) कथा सङ्ग्रह, **विचारका केही क्षण** (२०५२) आलोचनात्मक निवन्ध सङ्ग्रह, **आलोचना वृत्त** (२०५४) समालोचनात्मक लेख सङ्ग्रह कृतिहरू प्रकाशित भएका छन् ।

नेपाली भाषा साहित्यको विकास गर्न राजधानी लगायत बाहिरी क्षेत्रका विविध सर्जक व्यक्तित्वहरूको अथक प्रयास गरेको पाइन्छ । यसै क्रममा देशको राजधानीभन्दा बाहिर रूपन्देही जिल्ला अन्तर्गत भैरहवा नगरीमा रहेको नेपाली

साहित्यको खासगरी आख्यान समालोचना विधामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका वामदेव पहाडीको नेपाली साहित्य क्षेत्रमा सामान्य चर्चा र अध्ययन एवम् छिटफुट रचनाको विश्लेषण गर्ने कार्य भए पनि पहाडीका उपन्यास कृतिहरूको विशद् अध्ययन-अनुसन्धान तथा विश्लेषण गर्ने कार्य अहिलेसम्म भएको पाइदैंन ।

वामदेव पहाडीका उपन्यास कृतिको अध्ययन र विश्लेषण गरी उनका उपन्यास सम्बन्धी विभिन्न तथ्यहरूलाई प्रकाशमा ल्याउनु नै प्रमुख उद्देश्य भएकोले यस दिशामा निम्न अनुसारका समस्या रहेका छन् ।

क) उपन्यासकार वामदेव पहाडीको जीवनी के कस्तो छ ?

ख) उपन्यासको सैद्धान्तिक परिचय के कस्तो छ ?

ग) वामदेव पहाडीको उपन्यास कैदी र झ्यालखान र त्यसको प्रवृत्तिगत विशेषताहरू के कस्ता छन् ?

घ) नेपाली उपन्यास परम्परामा वामदेव पहाडीको योगदान कस्तो रहेको छ ?

ङ) वामदेव पहाडीको उपन्यास कृतिको मूल्याङ्कन के कसरी गर्न सकिन्छ ?

## १.४ शोधको उद्देश्य

नेपाली साहित्यमा यथेष्ट मात्रामा उपन्यासकारहरू लेखनमा सक्रिय छन् । ती मध्ये वि.सं. २०१३ सालदेखि नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार हुन् वामदेव पहाडी । उनका उपन्यास कृतिहरूको अध्ययन र विश्लेषण गरी समस्या समाधान गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

क) उपन्यासकार वामदेव पहाडीको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु ।

ख) उपन्यासको सैद्धान्तिक परिचय प्रस्तुत गर्नु ।

ग) वामदेव पहाडीको उपन्यास कैदी र झ्यालखान र त्यसको प्रवृत्तिगत विश्लेषण गर्नु ।

घ) नेपाली उपन्यास परम्परामा वामदेव पहाडीको योगदानको चर्चा गर्नु ।

ङ) वामदेव पहाडीको उपन्यास कृतिको मूल्याङ्कन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

वामदेव पहाडीको उपन्यास र उपन्यास कृतिका वारेमा विस्तृत अध्ययन हालसम्म भएको पाइदैँन तापनि उनका प्रकाशित कृतिहरू सामान्य समीक्षा छिटफुटरूपमा केही पत्र-पत्रिकामा भएको पाइन्छ । उनका सम्बन्धमा चर्चा गरिएका सामग्रीलाई क्रमिक रूपमा यसरी देखाउन सकिन्छ :

मदनदेव भट्टराईले **रत्नश्री पदक**, रत्नश्री साहित्यिक प्रकाशनमा पहाडीको बारेमा यसरी उल्लेख गरेका छन् - नेपाली साहित्यका उदीयमान प्रतिभा वामदेव पहाडीलाई २०२० को **रत्नश्री पदक**द्वारा विभूषित गरियो ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**मा सामान्यरूपमा पहाडीको यसरी चर्चा गरेका छन्- परम्परागत लेखनका विरूद्ध नवलेखनको तीव्र स्वर, पाश्चात्य प्रभाव र शिल्पगत प्रयोगप्रतिको झुकावले वामदेव पहाडीको **कैदी र झ्यालखान** (२०३६) उपन्यासको प्रकाशनले पनि उपन्यास फाँटलाई निकै उर्वर बनाएको छ ।

सम्पादकले **लेखक परिचय** उद्योग वाणिज्य संघ वार्षिक पत्रमा पहाडीको बारेमा यसरी परिचय गराएका छन्- लेखक, समालोचक कथाकार र उपन्यासकार श्री वामदेव जोशीलाई वामदेव पहाडीको नामले जानिन्छ ।

घटराज भट्टराईले **साहित्यकार परिचय कोश** मा पहाडीको परिचय यसरी दिएका छन्- नवलपरासीको परसामा जन्मी अङ्ग्रेजी र हिन्दी विषयमा उच्च शिक्षा लिई कानून व्यवसायी बन्ने पहाडी कविता, कथा, उपन्यास र समीक्षा लेखन फाँटमा उत्तिकै प्रभावकारी रूपले कलम चलाउँदैं आएका छन् । उनका रचनामा जीवन्त अनुभूति पनि भेटिन्छ ।

कृष्णप्रसाद पन्थीले **मुर्दावाददेखि जिन्दावादसम्म** कथाको समीक्षा दैनिक लुम्बिनीमा पहाडीको साहित्यिक प्रतिभापक्षलाई यसरी प्रस्तुत गरेका छन्- कथाकार वामदेव पहाडी प्रगतिशील यथार्थवादी भै वस्तुतथ्य अङ्कन गरेर विसङ्गत अवस्थाको अन्त्य गर्न चाहन्छन् । साथै उनी राष्ट्रिय समालोचक साहित्यिक प्रतिभा सम्पन्न छन् ।

प्रकाशकीयमा, प्रकाशकका तर्फबाट **आलोचना वृत्त** मा पहाडीका विषयमा निम्न कुरा चर्चा गरेको पाइन्छ - झण्डै चारदशकदेखिका विविध विधामा आफ्ना प्रखर लेखनीद्वारा नेपाली साहित्यको सेवा गर्दै आउनु भएका

वामदेव पहाडी राजधानीको सुविधा नपाएर पनि निरन्तर र अथकरूपमा कलम चलाउँदै आउने एक साधकमध्ये हुनुहुन्छ ।

डा.वामदेव पहाडीको निधनको दुःखद अवसरमा **दैनिक लुम्बिनी**ले यसरी समाचार सम्प्रेषण गरेको थियो- प्रगतिवादी नेपाली साहित्यमा कलम चलाइ मूल्यवान् कृतिहरू दिएर प्रगतिवादी साहित्यमा महत्वपूर्ण योगदान दिनुभएका वामदेव पहाडी आठराई क्याम्पस प्रमुख, बुटवल र भैरहवा बहुमुखी क्याम्पसमा समेत प्रध्यापन गर्नुभएको थियो ।

मदनप्रसाद दवाडीज्यूले **हाम्रो पुरूषार्थ** लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्कको 'लुम्बिनी अञ्चलका चार उपन्यास एक परिचय' शीर्षकमा वामदेव पहाडीको उपन्यास कैदी र झ्यालखानको वारेमा परिचय यसरी प्रस्तुत गर्नुभएको छ – मानवअधिकारको लागि संघर्षरत हुँदा कैदी भएका संसारका कुनै पनि देशका नागरिक, त्यहाँका शासकको दमन, त्यस देशका कुनै पनि व्यवस्थाका गुण दोषहरू, ढुङ्गा र इँटाले बनेको पर्खालभित्र मात्र कैद नभए पनि वैचारिक कारागारमा परेका जनताका चाहनाहरू जस्ता विषयवस्तु समेटेको 'कैदी र झ्यालखान' ले नेपाली उपन्यासमा महत्वपूर्ण स्थान ओगटेको छ ।

नेपाली साहित्यको इतिहास लगायत विभिन्न लेखक, प्रकाशकहरूबाट पहाडीका सम्बन्धमा चर्चा परिचर्चा गर्ने कार्य भए तापनि यो कार्य अतिसङ्क्षेप र सामान्यरूपमा भएको पाइन्छ तर उनले कलम चलाएको उपन्यास विधामा विस्तृत अध्ययन एवम् अनुसन्धान भएको पाइदैंन । विविध पत्र-पत्रिका तथा भूमिकामा समेटिएका समीक्षाहरू पहाडीको उपन्यास कृतिको अध्ययन र विश्लेषणका लागि अपूर्ण र अप्रर्याप्त छन् तर पनि प्रस्तुत शोधकार्यले उपन्यास कृतिको अध्ययन तथा विश्लेषणका लागि उपर्युक्त कार्यबाट धेरथोर सहयोग प्राप्त भएको छ । प्रस्तुत शोधकार्य पूरा गर्न ती सामग्रीहरूको सहयोग लिइएको छ ।

## १.६ शोधको औचित्य र महत्व

नेपाली प्रगतिशील साहित्यको फाँटमा लामो समयदेखि सक्रिय रहँदै आएका साहित्यसाधक वामदेव पहाडीका बारेमा जान्न इच्छा राख्ने अध्येता

एवम् अनुसन्धाताहरूलाई यस शोधकार्यले नेपाली साहित्यकै महत्वपूर्ण खोज-अनुसन्धान परम्परामा धेरै हद सम्म सहयोग पुऱ्याउँने आशा राखिएको छ । कविता, कथा, उपन्यास, समालोचना र लेखसम्मको यात्रा पार गरिसकेका साहित्यकार वामदेव पहाडीको उपन्यास कृतित्वको बारेमा अध्ययन एवम् अनुसन्धान गरी चर्चाको दृष्टिले पर्दा पछाडि परेका स्रस्टालाई प्रकाशमा ल्याएर नेपाली साहित्यानुरागी समक्ष ल्याउने कार्य हुनु आफैमा औचित्यपूर्ण कार्य भएकोले यसको महत्व र उपयोगिता प्रष्ट हुने देखिएको छ । यस अध्ययन कार्यबाट एकातिर साहित्यकारको उचित मूल्याङ्कन हुने र अर्कोतिर उनको उपन्यासकारिताको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने मार्ग प्रशस्त भएको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा उपन्यासकार वामदेव पहाडीको उपन्यास **कैदी र झ्यालखान** को अध्ययन र विश्लेषण गरिएको छ ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि विविध पत्र-पत्रिका छापिएका कथा, कविता, समालोचना, लेख आदिको सङ्कलन र अध्ययन गरिएको छ । सम्बन्धित पारिवारिक सदस्य, नाता सम्बन्धी, छरछिमेकीका साथै सम्बन्धित क्षेत्रका विशिष्ट साहित्यिक व्यक्तित्व, समालोचक, विद्धान् आदिसँग भेटघाट गरी अर्न्तवार्ता, प्रश्नावली विधिको उपयोग गरी सामग्री जुटाइएको छ । उपन्यास कृतिको विश्लेषणका लागि पुस्तकालय विधिलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । पहाडीको बारेमा लेखिएका विविध पत्र-पत्रिका र पुस्तकहरूमा भएका समीक्षात्मक टिप्पणी एवम् उपलब्ध सबै तथ्य र सूचनालाई आवश्यकता अनुसार संयोजन गरी सामग्री सङ्कलन गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यलाई वस्तुपरक र व्यवस्थितरूपमा प्रस्तुत गर्नका लागि सङ्कलित सामग्रीहरूलाई कृतिपरक, वर्णनात्मक र विश्लेषणात्मक व्याख्यात्मक अध्ययनविधि अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नको लागि विभिन्न अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । शोधपत्रको रूपरेखा निम्न अनुसारको रहेको छ -

| | |
|---|---|
| अध्याय- एक | शोधपत्रको परिचय |
| अध्याय- दुई | उपन्यासकार वामदेव पहाडीको सङ्क्षिप्त जीवनी र व्यक्तित्व |
| अध्याय- तीन | उपन्यासको सैद्धान्तिक परिचय र नेपाली उपन्यासको विकासक्रम तथा उपन्यासकार वामदेव पहाडीको साहित्ययात्रा |
| अध्याय- चार | उपन्यासकार वामदेव पहाडीको ‘कैदी र झ्यालखान’ कृतिको अध्ययन र विश्लेषण |
| अध्याय- पाँच | नेपाली उपन्यास परम्परामा वामदेव पहाडीको स्थान र योगदानको निरूपण |
| अध्याय- छ | निष्कर्ष एवम् उपसंहार |

- सन्दर्भग्रन्थ सूची

# अध्याय दुई

# उपन्यासकार वामदेव पहाडीको सङ्क्षिप्त जीवनी र व्यक्तित्व

## २.१ वामदेव पहाडीको सङ्क्षिप्त जीवनी

### २.१.१ परिचय

वामदेव पहाडीको पारिवारिक वास्तविक नाम वामदेव जोशी हो ।[१] पिता विष्णुप्रसाद जोशी, माता लल्लीदेवी जोशीका प्रथम पुत्रका रूपमा उनको जन्म भएको हो ।[२] वामदेव पहाडीको ९ वर्षको उमेरमा उपनयन संस्कार गायत्री गुरु उमापति जोशीद्वारा सम्पन्न भएको हो ।[३] जोशी कुलघरानमा जन्मिएका वामदेव पहाडी उपाध्याय ब्राम्हण जातिका हुन् ।[४]

खेलकुद मनोरञ्जन र मित्रतालाई पढाइसँगै लैजानु पर्दछ भन्ने उनको विचार थियो ।[५] वामदेव पहाडी १९ वर्षको उमेरदेखि काठमाडौं जाने आउने गर्दै रहे र यो समयमा पनि अध्ययन कार्यलाई पनि अग्रगति प्रदान गरे । वि.सं.२०१२ मा नवलपरासी हाईस्कूलमा अध्यापन कार्यमा प्रविष्ट गरेका थिए परन्तु केही समयपछि नै उनी त्यहाँबाट भैरहवा हाईस्कूलमा अङ्ग्रेजी विषयका शिक्षक भए । त्यस हाईस्कूलमा एक वर्ष अध्यापन कार्य गर्दागर्दै काठमाडौं भएर उच्च शिक्षाका बाँकी तह पूरा गर्नमै आफूलाई समर्पित गरे । वि.सं.२०१२ देखि भैरहवामा स्थायी रूपमा बसोवास शुरु गरेका वामदेव पहाडी जीवनभर त्यहीं नै बसे ।[६] शैक्षिक उपाधिभन्दा पनि ज्ञानको महत्वलाई प्राथमिकता दिने उच्च प्रशिक्षित वामदेवले त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि उपाधिसमेत हासील गरेका थिए ।[७]

---

१ सम्पादक, 'लेखक परिचय' बुटवल उद्योग वाणिज्य संघ, २०४२ पृ. ५ ।

२ शोधार्थीलाई मनोजकुमार जोशीद्वारा प्राप्त जानकारी ।

३ ऐजन

४ ऐजन

५ ऐजन

६ ऐजन

७ वामदेव पहाडी, 'हिन्दी और नेपाली काव्य की भक्तिधारा', (अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध, त्रि.वि. वि. काठमाडौं, २०४८, पृ. १ ।

### २.१.१.१ जन्म र बाल्यकाल

वामदेव पहाडीको जन्मतिथि वि.सं.१९९३ साल चैत्र शुक्ल पञ्चमी शुक्रवारका दिन भएको हो । यो जन्ममिति विवरण उनको जन्मकुण्डली अनुसार रहेको छ । पिता विष्णुप्रसाद जोशीले पाल्पा जिल्ला अन्तर्गत ग्रामीण वस्ती आँधीघाट गेझ्रागाँउमा र अर्को भारतको उत्तर प्रदेश जिल्ला गोरखपुरको धरमौली मौजा ठुटीवारीमा जमिन्दारी गरेका थिए ।[८] वामदेव पहाडीका पिता तराईका औलो गर्मीदेखि जोगिदैं ग्रीष्म समयमा पनि सपरिवार तराईमा बसोवास गर्थे । पहाडी खास नवलपरासी जिल्लाको परसा गाउँमा जन्मिएका हुन् ।[९]

नेपालमा चार जात छत्तीस वर्णका थरहरूमध्ये कतिपय थरहरू बासस्थलबाट बन्दै आएका र कतिपय थर कर्मका आधारबाट पनि बनेका छन् । जोशी थर ब्राम्हण कुलको व्यवसायिक पेशा ज्योतिषी शब्दबाट > जइसी > जैशी हुदैं जोशी अपभ्रंश भई बनेको थर हो । ग्रामीण भाषिक उच्चारणमा ज्योतिषीलाई जैशी भन्ने प्रचलन यद्यपी कायमै छ । यही जोशी नै व्यवसायिक कर्म गर्ने, ज्योतिषज्ञ गर्ने मानिसको जोशी थर भएको हो ।[१०] जोशी थर पनि तीन प्रकारका रहेको पाइन्छ । (क) सिलाई जोशी (ख) लटौला जोशी (ग) झिजार जोशी ।

वामदेव पहाडी गर्गगोत्र भएकोले झिजार जोशी कुलका हुन् जुन पाल्पा जिल्लाको गेझ्रा गाउँसित शाब्दिक सामिप्य छ ।[११]

वाल्यवस्था मानिसको जीवनको प्रारम्भिक चरण हो । वामदेव पहाडीको वाल्यावस्था सुखद् रूपमा व्यतित भएको थियो । बालककालमा भविष्यप्रति निश्चित भएर खानपान र खेलकुदका साथै पोशाक र पहिरनले आकर्षणयुक्त रहन्थे । उनले समुच्चमा मनोरञ्जनका साथ हुर्कने अवसर पाएका थिए ।[१२] उनको वाल्यकाल मातापिताको प्रगाढ वात्सल्य र भरणपोषणमा धरमौली मौजा

---

[८] घटराज भट्टराई, 'साहित्यकार परिचय कोश', ( काठमाण्डौं : एकता बुक्स डिष्ट्रिब्युटर्स, २०५१) पृ. ४९ ।

[९] ऐजन

[१०] शिखरनाथ सुवेदी 'विभिन्न जातिका थर र गोत्र', शिखरनाथ थरगोत्र प्रवरावली (वाराणासी, यशोदा, पुस्तकालय, दुर्घाघाट, २०२७) पृ. १३ ।

[११] ऐजन पृ. १२ ।

[१२] शोधार्थीलाई मनोज कुमार जोशीद्वारा प्राप्त जानकारी ।

ठुटीबारीमा सुखद् भएर बित्यो । पहाडीले शिक्षा हासील गर्ने प्रारम्भिक कार्य पनि यही अवस्थाबाट शुरू गरे ।[१३]

### २.१.१.२ शिक्षादीक्षा

वामदेव पहाडीको शिक्षादीक्षाको प्रारम्भ ७ वर्षको उमेरमा भारतमा भयो ।[१४] त्यतिखेर नेपालमा निरङ्कुश जहानीया राणशाही व्यवस्थाले सर्वसाधारण तथा शिक्षा अनुरागी मानिसका निम्ति शैक्षिक प्रतिबन्धको अङ्कुश भएकाले ग्रामीण सुदूर बस्तीमा औपचारिक शिक्षण संस्था प्रायः शून्य अवस्थामा थियो तर पहाडीको धरमौली मौजा ठुटीबारीमा पैतृक जमिन्दारी सरहको खेतीपाती भएकोले उनलाई प्रारम्भिक शिक्षाको अवसर पाउन कुनै कठिनाई परेन । पहाडीको भारतको ठुटीबारीमै प्रारम्भिक शिक्षा सम्पन्न भयो ।[१५]

तत्पश्चात् वामदेव पहाडीले भारतको इलाहावाद बोर्ड अन्तर्गत नौतनवाँ हायर सेकेन्डरी स्कूलबाट हाईस्कूल (एस्.एल्.सी.) परीक्षा सन् १९५२ मा र आई.ए. परीक्षा सन् १९५४ मा उत्तीर्ण गरेका थिए ।[१६] वामदेव पहाडीले उच्च शिक्षा हासील गर्ने क्रममा भारतको आगरा विश्वविद्यालयबाट सन् १९५७ ( वि.सं.२०१४) मा बि.ए. उत्तीर्ण गरे । त्रिभुवन विश्वविद्यालयबाट वि.सं.२०१८ सालमा बि.एल. उत्तीर्ण गरे । पछि गएर आगरा विश्वविद्यालयबाट सन् १९६३ ( वि.सं.२०२०) मा हिन्दी साहित्यमा एम्.ए. उत्तीर्ण गरेका हुन् । यसरी उच्च प्रशिक्षित भएका वामदेवले त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०४८ विद्यावारिधि उपाधि समेत हासील गरेका थिए ।[१७]

### २.१.१.३ पारिवारिक स्थिति

कुनै पनि साहित्यका साधक स्रष्टा र द्रष्टा व्यक्तित्वको सम्बन्ध परिवार सापेक्ष रहन्छ र व्यक्तिका जीवनमा परिवारको, समाजको र राष्ट्रको अन्तः सम्बन्ध हुन्छ । परिवार सभ्य, शान्त र सहयोगी भएमा अवश्यमेव साधक स्रष्टा प्रभावोत्पादक बनेर अगाडि लम्किरहन्छ ।

---

[१३] ऐजन ।

[१४] ऐजन

[१५] ऐजन

[१६] वामदेव पहाडीका शैक्षिक, प्रमाणपत्रहरूमा आधारित विवरण ।

[१७] वामदेव पहाडीले प्राप्त गरेका शैक्षिक प्रमाण पत्र ।

वामदेव मातापिताका ज्येष्ठ सुपुत्र हुन् । उनका एक भाइ, एक दिदी सहित दुई बहिनी छन् । उनको वैवाहिक दाम्पत्य जीवन वि.सं.२०१२ सालबाट प्रारम्भ भएको हो । उनले आफ्नो जीवनमा तीनवटी श्रीमतीसँग दाम्पत्य जीवन स्थापित गर्नुपरेको थियो ।[१८] पहिलो र दोस्रो श्रीमतीको असामयिक र अकस्मात् निधनले गर्दा पहाडीले तेस्रो दाम्पत्य जीवन जोड्नु परेको थियो ।[१९] वामदेव पहाडीका २ छोरा ३ छोरी छन् । उनको तेस्रो श्रीमतीको नाम तिलोत्तमा जोशी हो ।[२०] वि.सं.२०२० सालमा वामदेवका पिता विष्णु जोशीको देहावसान हुँदा उनी २६ वर्षका मात्र भएका थिए । घरपरिवारको ज्येष्ठ सुपुत्र भएकाले उनीमाथि सोही बेलादेखि नै सम्पूर्ण पारिवारिक जिम्मेवारी काँधमा आएको थियो ।[२१] वामदेव पहाडीकी माता लल्लीदेवी जोशीको वृद्ध अवस्थाका
कारण वि.सं.२०४४ सालमा मृत्यु भएपश्चात् उनी मातृविहीन भए । माताको देहावासन हुँदा उनी ५१ वर्षको उमेरका थिए ।[२२]

वामदेव पहाडीको जीवन वृत्तले पारिवारिक दुःखान्त क्षणहरूलाई छिचोल्दै र विदीर्ण हृदयमा आफै मलमपट्टी लगाउँदै इतिवृत्त बोकेर ल्याएको छ । उनले मातृपितृ एवं श्रीमती वियोगका सन्तप्त क्षणलाई संसारको विधिको विधान सम्झेर खेपे ।

### २.१.१.४ आर्थिक अवस्था

वामदेव पहाडीको आर्थिक अवस्था मध्यमस्तरको रहेको थियो । आफ्नो जीवनमा उनले अनेक प्रकारका पेशा अवलम्वन गर्नुपऱ्यो । अन्य साधारण व्यक्तिसरह जीवनका आधारभूत न्यूनतम आवश्यकताको परिपूर्ति गर्न सङ्घर्षशील रहनुपऱ्यो । जीजीविषा शान्त गर्नको लागि संघर्ष गर्नुपरे पनि साहित्य सृजनाका फाँटमा जुँधिरहे ।

पहाडीलाई एकातिर परिवारबाट आंशिक सहयोग भएको महशुस थियो भने अर्कोतिर जीवनमा साध्यसम्म पुग्न साधनको न्यूनताले कुठाराघात गरेको

---

[१८] शोधार्थीलाई तिलोत्तमा जोशीद्वारा प्राप्त जानकारी ।

[१९] ऐजन

[२०] ऐजन

[२१] शोधार्थीलाई तिलोत्तमा जोशीद्वारा प्राप्त जानकारी ।

[२२] वामदेव पहाडी “पछिबाट” ‘जय देश जय नेपाल’ (भैरहवा : राजकुमार जोशी, २०४८)

अनुभव भएकाले लेखनवृत्तिबाट यहाँ बाँचिरहनु असम्भव नहोला, कठिन त छ नै, आधा पेट र आधा ज्ञानको बीचमा नेपाली लेखक झुण्डिएको छ भन्ने थियो ।[२३]

वामदेव पहाडी क्यान्सर रोगबाट ग्रसित थिए । उनको मुखभित्र जिभ्रोमा क्यान्सर रोग लागेर ठहर भएपछि काठमाडौंका डा. अञ्जनीकुमार शर्माद्वारा सम्बन्धित चिकित्सक लखनऊमा पठाइयो । खासगरी पहाडीको स्वास्थ्य वि.सं.२०५१ को फाल्गुण महिनादेखि नाजुक अवस्थामा पुगेको थियो ।[२४] खासगरी वि.सं.२०५४ देखि राजीव गान्धी क्यान्सर इन्स्टिच्युट एण्ड रिसर्च सेन्टर नयाँ दिल्ली र टाटा मेमोरियल अस्पतालमा मुम्बईमा उनले स्वास्थोपचार गराउँदै आएका थिए । उपचारको क्रममा दिल्लीमा जिभ्रोको धेरै अंश काटेर फालिएपछि उनको बोली बुझ्न अरुलाई अलिकति गाह्रो हुन्थ्यो । उनले क्यान्सर रोगको उपचारार्थ लगभग पौने पाँच लाख रूपैंया खर्च गरेका थिए ।[२५]

वि.सं.२०५४ सालको वैशाखमा श्री ५ को सरकार गृह मन्त्रालयले स्वास्थ्योपचारार्थ स्वरूप रु. १ लाख प्रदान गऱ्यो भने विभिन्न साहित्यकार, पत्रकार, वकिल, संघसंस्था एवं मित्रवर्गबाट समेत रु.१ लाख सहयोग उपलब्ध गराइएको थियो ।[२६] यसै क्रममा पहाडीको स्वास्थ्योपचारको लागि भनेर वि.सं.२०५४ मा नै बुटवल नगरपालिकाबाट रु. ५०००/- र नेपाल प्रेस काउन्सिलबाट रु.१०,०००/- प्राप्त भएको थियो ।[२७] यसका साथै गोरखापत्र संस्थानले रु.५०००/- र भूपालमानसिंह प्रतिष्ठानद्वारा रु.५०००/- स्वास्थ्य उपचारको लागि प्रदान गरिएको थियो ।[२८]

वामदेव पहाडी जस्ता समालोचक तथा साहित्यिक स्रष्टा व्यक्तित्वको जीवन रक्षार्थ श्री ५ को सरकारले नै विदेश पठाउनु पर्ने अवस्था थियो । क्यान्सर जस्तो संवेदनशील रोगको उपचार गर्न सरकारबाट थप अनुदान रकम

[२३] वामदेव पहाडी "निवेदन पत्र" 'विवेक र मन्थन' (भैरहवा : राजेन्द्र कुमार श्रेष्ठ, २०३७)
[२४] शोधार्थीलाई तिलोत्तमा जोशीद्वारा प्राप्त जानकारी ।
[२५] ऐजन
[२६] गृह सचिव, श्री ५ को सरकार गृहमन्त्रालयको पत्रानुसार, बैशाख १५ गते, २०५४ ।
[२७] शोधार्थीलाई तिलोत्तमा जोशीद्वारा प्राप्त जानकारी ।
[२८] ऐजन

प्राप्त हुनुपर्थ्यो । जीवन छँदैं त्यो हुन सकेन । राष्ट्रले पहाडीजस्ता मूर्धण्य व्यक्तिको जीवन गुमाउनुपऱ्यो ।

### २.१.१.५ पेशा

पेशाका दृष्टिले वामदेव पहाडीको मुख्य पेशा शिक्षण हो । वि.सं.२०१२ सालदेखि शिक्षण पेशामा प्रवेश गरी प्रारम्भमा नवलपरासी हाईस्कूल (त्यसवेला जुनियर हाईस्कूल) शिक्षक बने र त्यसपछि वि.सं. २०१३ सालदेखि भैरहवा हाईस्कूलमा अङ्ग्रेजी विषयको शिक्षक बनी शिक्षण पेशामा संलग्न रहदैं आए ।[२९] वि.सं.२०२४ सालदेखि उनले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा प्राध्यापक भएर विभिन्न क्याम्पसमा रही अङ्ग्रेजी साहित्यको प्राध्यापन कार्य गरे ।[३०] यसैक्रममा भैरहवा क्याम्पस र तत्कालीन लुम्बिनी कलेज (पछि बुटवल बहुमुखी क्याम्पस) मा प्राध्यापनको कार्य गरे । पहाडीले शिक्षण पेशाको सिलसिलामा पूर्वी नेपालमा समेत रही सेवा गरे । वीरेन्द्र कलेज आठराई ( वर्तमान अवस्थाको तेह्रथुम) मा क्याम्पस प्रमुख समेत बनेर प्राध्यापकीय पेशामा संलग्न रहे ।[३१]

वामदेव पहाडीको जीवनवृत्तलाई केलाउँदा कानून व्यवसायीको रूपमा पनि हेर्न सकिने अवस्था देखिन्छ । उनी एक अधिवक्ता थिए । उनले वि.सं.२०२२ सालदेखि कानून अभ्यास कार्य शुरु गरेका थिए र वि.सं.२०३५ सालदेखि पूर्णरूपेण कानून व्यवसायीका रूपमा रहे । कानून व्यवसायी तर्फ धेरै मुद्दा मामिलामा वादी तथा प्रतिवादी , अपिल, रिट निवेदन आदिको लेखनकार्य सम्पन्न गरेका र आफ्नो पक्षमा आएका मुद्दाको प्रतिनिधि वहस पैरवी पनि गर्ने गरेका थिए ।[३२]

पहाडी लेखनक्रियामा निरन्तर लगनशील रहने हुँदा पत्रकारिताको क्षेत्रमा रहेर विभिन्न पत्रपत्रिकाको सम्पादन र प्रकाशन गर्ने कार्य पनि गरेको देखिन्छ । वि.सं.२०१७-१८ मा **हालखवर** पत्रिकाका सहायक सम्पादक र पछि गएर वि.सं.२०१९ तिर अङ्ग्रेजी भाषाको प्रतिनिधि साप्ताहिक पत्रिका **नेपाल रिभ्यु** को

---

[२९] शोधार्थीलाई मनोजकुमार जोशीद्वारा प्राप्त जानकारी ।

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] घटराज भट्टराई, 'साहित्यकार परिचय कोश' पूर्ववत् , पृ. ४९ ।

सम्पादक बनेर पत्रकारिताको काम गरे ।[३३] सिद्धार्थनगर भैरहवाबाट प्रकाशित हुने पाक्षिक (पछि साप्ताहिक) **प्रतिमान** पत्रिकाको ८ वर्षसम्म सम्पादक रहेर गहनतम दायित्त्व वहन गरे । लेख, रचना सामग्रीको अभावले गर्दा पहाडी स्वयंले भिन्न-भिन्न उपनामले रचनाको सृजना गरी प्रकाशनलाई निरन्तरता दिने क्रममा कतै आफ्नै नामको सङ्क्षिप्त रूप बि.देव, काका चौधरी, पतञ्जली शास्त्री, असोक, महर्षि, सिजोदेम्बा, देम्वाडीहामप उपनामबाट **प्रतिमान** साहित्यिक पत्रिकामा लेख प्रकाशन गरेका हुन्थे भने कतै पहाडी र बी.डी. पहाडीको नामले पनि रचना प्रकाशन गर्दै पत्रकारितामा संलग्न रही काम गरेका थिए ।[३४]

## २.१.१.६ मृत्यु

वामदेव पहाडीको देहवसान वि.सं. २०५४ साल फाल्गुण २ गते रूपन्देही जिल्ला अन्तर्गत सिद्धार्थनगर, भैरहवाको आफ्नै निवासमा भएको हो ।[३५] क्यान्सर रोगको पीडाले गर्दा शरीरभित्रको जलन उनलाई असह्य भएको थियो । छाती र पेटमा हलुका मालिस गर्न तेल लगाईदेऊ भन्ने झीनो र अस्पष्ट स्वर परिवारले नबुझेपछि पहाडीले कागजको सानो टुक्रमा ‘तेल’ भन्ने शब्द लेखे । यसरी आसन्न मृत्युको घडीमा लेखिएको दुई अक्षर ‘तेल’ ले अन्तिम दस्तखतको महत्व राखेका थिए ।[३६] प्रकृतिमा जीवन पाएर मृत्युको अवसानमा टुङ्गिने नैसर्गिक अकाट्य नियममा पूरा ३ वर्षसम्म क्यान्सर रोगले पीडित जीवन बिताएपछि अन्ततः ६१ वर्षको उमेरमा वि.सं. २०५४ साल फाल्गुण २३ गते प्रातः ९ बजे पहाडीको दैहिक जीवन मृत्युमा परिणत भयो ।[३७]

वामदेव पहाडीको देहावसानमा शोक सन्देश प्रकट गर्ने संस्थाहरू निम्नानुसार थिए :

[३३] सम्पादक, वामदेव पहाडी, ‘प्रतिमान’, वार्षिक सङ्ग्रह (भैरहवा : राजु प्रिन्टर्स, २०४१) पृ. ४५-६५ ।

[३४] सम्पादक, वामदेव पहाडी, प्रतिमान, वार्षिक सङ्ग्रह (भैरहवा : राजु प्रिन्टर्स, २०४१) पृ. ४५-६५ ।

[३५] शोधार्थीलाई तिलोत्तमा जोशीद्धारा प्राप्त जानकारी ।

[३६] ऐजन ।

[३७] सम्पादक, “डा.वामेदव पहाडी रहनु भएन”, जनसङ्घर्ष दैनिक (बुटवल : वर्ष ८, अङ्क २०२, फाल्गुण २५, २०५४) पृ.१ ।

"डा. वामदेव पहाडीको असामयिक निधनले नेपाली साहित्य, पत्रकारिता जगत् र शैक्षिक तथा कानूनी जगत् समेतले गम्भीर क्षति बेहोर्नु परेको छ ।"

दैनिक जनसङ्घर्ष, वर्ष ८, अङ्क २०२, २०५४ फाल्गुण २५ ।

"भैरहवा क्याम्पसको स्थापना कालदेखि नै सहयोग पुऱ्याउँदै आउनुभएका यस क्षेत्रका बुद्धिजीवि अधिवक्ता नेपाली साहित्यका साधक श्री वामदेव पहाडीको असामयिक निधन भएकोमा वहाँको आत्माले चीर शान्ति पाओस् ।"

मदनप्रसाद दवाडी, क्याम्पस प्रमुख एवं क्याम्पस परिवार २०५४/११/२६

"वरिष्ठ कानूनविद् लेखक, समालोचक तथा पत्रकार डा.वामदेव पहाडीज्यूको ६१ वर्षको उमेरमा निधन भएको समाचारले हामी अत्यन्त दुखित भएका छौं । वहाँको निधनले सिङ्गो राष्ट्रले एउटा वरिष्ठ विद्वान, साहित्यकार, लेखक, पत्रकार एवं मूर्धण्य व्यक्तित्व गुमाएको हामीले महशुश गरेका छौं ।"

वसन्तध्वज जोशी, वालकृष्ण चापागाई, वद्रीनाथ पाण्डे, डोलराम घिमिरे एवं प्रेस क्लव अफ रूपन्देही परिवार, २०५४/११/२७

"पत्रकारिता, साहित्यलेखन, समालोचना अध्यापन, कानूनव्यवसायी र समाजसेवाको विविध क्षेत्रमा वरिष्ठता र उत्कृष्टता हासील गर्नुभएका वामदेव पहाडीको फाल्गुण २३ गते निधन भयो ।"

साप्ताहिक सम्वाद, वर्ष २०, अङ्क २२, २०५४ फाल्गुण २७ ।

"पत्रकार, साहित्यकार, अधिवक्ता तथा प्राध्यापक डा.वामदेव पहाडीको ६१ वर्षको उमेरमा भैरहवामा असामयिक निधन भयो ।"

नयाँ दिशा दैनिक, वर्ष ५, अङ्क २१, पूर्णाङ्क ११२३, २०५४ फाल्गुण २७ ।

## २.२ वामदेव पहाडीको व्यक्तित्व

### २.२.१ परिचय

वामदेव पहाडी मध्यमवर्गीय समाजको ब्राम्हण परिवारमा जेठो सन्तानका रूपमा रहेका हुँदा पैतृक उत्तराधिकारमा गर्नुपर्ने कर्तव्यको अनुपालन र जिम्मेवारीको कारणले उनमा उच्च व्यक्तित्वको विकास भयो । पहाडीको नीजि व्यक्तित्व, सामाजिक र साहित्यिक व्यक्तित्वको पृष्ठमा जीवन, परिवार र

अर्थ प्राप्तिप्रतिको दृष्टिको आभ्यन्तरिक सम्बन्धको उपस्थापन भएको छ ।[३८] वामदेव पहाडीको शिक्षक प्रध्यापक, पत्रकार, साहित्यकार व्यक्तित्व र साहित्येतर अधिवक्ता व्यक्तित्वको समग्र उपलब्धिको अवलोकन गर्दा समाजमा, राष्ट्रमा उनको नाम, कीर्ति र प्रख्याती बढेको छ । साहित्यिक व्यक्तित्वको प्रभावले घोषित रूपमा **राष्ट्रिय प्रतिभा** सम्मको प्रसिद्धि र मान-मर्यादाको स्तर वृद्धि गर्न सक्षम रहेको छ ।[३९]

पारिवारिक, सामाजिक, वातावरण नीजि व्यक्तित्व निर्माणको कारक तत्त्व हो । उनको आफ्नो सोचाइ ,भोगाइ र जीवन दर्शनको समग्रताबाट सार्वजनिक व्यक्तित्वको उपस्थापन भएको छ । अधिवक्ता व्यक्तित्वको प्रभाव र अर्थोपार्जनका भरमा उनले जीवनवृत्ति चलाए । जीवनवृत्तिको बलियो आधार यही साहित्येतर व्यक्तित्व भएको छ । अर्कोतिर शारीरिक वाह्यरूप, सोच, विचार जस्ता आन्तरिक पक्षलाई पनि हेर्दा साहित्यिक व्यक्तित्व नै उनका व्यक्तित्व पक्षको सबल एवं प्रभावकारी व्यक्तित्व देखिन आउँदछ ।[४०] पहाडीको व्यक्तित्व पारिवारिक, सामाजिक, आर्थिक तथा राजनैतिक परिस्थितिले निर्माण गरेको छ । पहाडीले भोगेको जीवन र कार्यक्षेत्रमा प्राप्त अनुभवबाट उनको नीजि तथा सार्वजनिक व्यक्तित्वको रूपरेखा तयार भएको छ । उनको व्यक्तित्वलाई वाह्य र आन्तरिक व्यक्तित्व गरी दुई तहबाट हेर्न सकिन्छ ।

### २.२.२ वाह्य व्यक्तित्व

वामदेव पहाडीको वाह्य व्यक्तित्त्वलाई निम्नानुसार चर्चा गरिएको छ ।

#### २.२.२.१ शारीरिक व्यक्तित्व

वामदेव पहाडीको शारीरिक व्यक्तित्व गहुँगोरो वर्ण, गोलो मुखाकृति, ठूलो ललाट, मझौला कदको आकर्षक, सादगी एवं साधुतापूर्ण थियो । शारीरिक उचाइ ५.२ फिट र स्वस्थ्य हुँदाको ६२ के.जी. तौल भएपछि रोगले शरीर क्षय

---

[३८] सम्पादक, वामदेव पहाडी, “हाम्रो सामाजिक आर्थिक जीवन”, प्रतिमान मासिक (सिद्धार्थनगर : राजु प्रिन्टर्स, वर्ष २, अङ्क ८, २०४१) पृ.३१ ।

[३९] विष्णुप्रसाद पौडेल, “सम्मान पत्र ”, श्री ५ को सरकार युवा खेलकुद तथा संस्कृति मन्त्रालय, आषाढ २९, २०५४ ।

[४०] नेपाली साहित्य प्रचार समिति, ‘नेपाली साहित्यको परिचयात्मक इतिहास’ (सिलगढी भारत : ने.सा.प्रचार समिति, सन् १९९१), पृ. १३७ ।

हुदैं गएपछि ४२ के.जी. मा झरेको थियो ।[४१] सामान्य सर्ट, पाइन्टको पोशाक पहिरिने पहाडीले लेनीनकट दाह्री राखेमा अरुको सामु आफू नौलो रूपमा प्रस्तुत भइने विचार उनमा थियो । कपाल सानो राख्ने र शारीरिक सरसफाइमा विशेष ध्यान दिनु मानिसको सभ्यताको सूचक हो भन्नु उनको धारणा थियो ।[४२] पहाडीको शारीरिक व्यक्तित्त्व आकर्षक भएपनि  क्यान्सर रोगको कठोर परिस्थितिले गर्दा वि.सं. २०५१ सालदेखि २०५४ सालसम्म पहाडीको शारीरिक व्यक्तित्वमा निकै ह्रास आएको थियो ।[४३]

### २.२.२.२ स्वभाव

वामदेव पहाडीको स्वभाव असत्य र छलकपट मन नपराउने, सत्य बोल्ने, स्पष्ट वक्ता, मृदुभाषी र पेटमा कुरा नपचाउने असल व्यक्तित्वको पुञ्ज थियो ।[४४] व्यक्तिसँग भेटघाट हुँदा परिवेश र विषयवस्तु अनुसार अति सङ्क्षेपमा तर गहकिलो पाराले व्यवहार गरेर शीघ्र नै बिदा हुने बानी थियो । आफ्नो योग्यतामा निपूण भएकोले निर्भिक आत्मनिर्भर एवं कसैसित नदब्ने स्वभाव उनमा रहेको थियो ।[४५] समाजमा मिलनसारिता र उपकारिताको स्वभाव रहेकोले आफ्नै प्रशंसनीय व्यक्तित्वका माध्यमबाट साहित्यिक र सामाजिक क्षेत्रमा ख्यातिप्राप्त हुने काम गर्न रुचि राख्ने स्वभाव थियो र उनको लागि यस्तो मौका जुट्दै पनि गएको थियो ।[४६]

### २.२.२.३ रूचि

मानिस एक सामाजिक प्राणी हो । जन्मसिद्ध नै मानिसलाई भिन्न-भिन्न रूचि एवं स्वभाव प्राप्त भएको हुन्छ । मानिसको रूचि र गुणको विकासमा भौगोलिक र सामाजिक वातावरणले पनि प्रभाव पारिरहेको हुन्छ । मानिसको वैयक्तिक धारणा र कर्मक्षेत्रको उपयोगिता वस्तुतत्वले उसमाथि ल्याउने

---

[४१] शोधार्थीलाई तिलोत्तमा जोशीद्वारा प्राप्त जानकारी ।
[४२] ऐजन ।
[४३] शोधार्थीलाई मनोजकुमार जोशीद्वारा प्राप्त जानकारी ।
[४४] शोधार्थीलाई तिलोत्तमा जोशीद्वारा प्राप्त जानकारी ।
[४५] ऐजन ।
[४६] ऐजन ।

अनिवार्यतः आवश्यकताका वस्तुतत्व परिपूर्ति गर्न रुचिको विकास भइरहेको हुन्छ ।

वामदेव पहाडी निरन्तर सिर्जनको पक्षमा संसारका असल-असल सान्दर्भिक पुस्तकहरू, इतिहास, राजनीति, दर्शन, अर्थशास्त्र, पत्रकारिता, कानून, धर्मशास्त्र, चारवेद, महाभारत, श्रीमद्भागवत्पुराण र उपनिषद्हरू पढ्ने र कृतिको सिर्जना गर्ने रुचि उनमा थियो ।[४७] उनी स्वाभिमानी पुरुष भएकाले आफ्नो कर्मको वस्तुगत सफलताका लागि सूक्ष्म चिन्तन, विवेचना, विश्लेषण र समीक्षा तथा आलोचना गर्नमा रुचि राख्ने व्यक्ति थिए । प्राध्यापन, कानूनी, प्रतिनिधि (वकील) बहस पैरवी कर्ता बन्न पनि रुचि राख्दथे ।[४८]

वामदेव पहाडीको घरमा आफ्नै सानो पुस्तकालय रहेको छ । जुन सानो पुस्तकालयमा इन्साइक्लोपेडिया ब्रिटानिकादेखि हिन्दी विश्वकोष तथा दर्शनशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, इतिहास, अङ्ग्रेजी साहित्य, पत्रकारिता आदिका पुस्तक सङ्कलित छन् । उनमा पुस्तक सङ्कलन गरी अध्ययन गर्ने रुचि प्रवल रहेको देखिन्थ्यो ।[४९] पहाडीको सौख खेलकुद, सिनेमा, नाटक हेर्नुदेखि लिएर गृह परिसरमा भिन्न-भिन्न जातका फलफूल लगाएर हरियाली वातावरण बनाउने साथै जात-जातका पुष्परोपण गरी गृह परिसरलाई प्रशान्ति तुल्याउन श्रम र समयको लगानी गर्न रुचि राख्दथे । यी सबै पक्षलाई व्यक्तित्व विकासका अभिन्न अङ्ग मान्दै रचनात्मक कार्यमा मानसिक र शारीरिक दुवै शक्ति प्रयोग गर्दथे तर आफ्नो प्रशंसा र आत्म प्रशंसा दुवैदेखि टाढा रहन चाहनु उनको वैयक्तिक रुचिगत विशेषता थियो ।[५०]

## २.२.३ आन्तरिक व्यक्तित्व

वामदेव पहाडीको आन्तरिक व्यक्तित्व वहुविधाका क्षेत्रमा विभाजित रहेको पाइन्छ । उनमा अन्तर्निहित व्यक्तित्वलाई छुट्टाछुट्टै रूपमा क्रमशः तल चर्चा गरिएको छ ।

---

[४७] मनोज कुमार जोशीद्वारा शोधकर्तालाई प्राप्त जानकारी ।
[४८] ऐजन ।
[४९] शोधकर्ता स्वयम्ले वामदेव पहाडीको घरमा जाँदा देखेको ।
[५०] शोधकर्तालाई तिलोत्तमा जोशीद्वारा प्राप्त जानकारी ।

### २.२.३.१ साहित्यिक व्यक्तित्व

वामदेव पहाडी बहु-आयामिक व्यक्तित्वका प्रतिभा थिए । उनी लेखक, प्राध्यापक, पत्रकार र अधिवक्ता र समालोचकका रूपमा परिचित रहेकाले उनका व्यक्तित्वका विशेषतामा साहित्यिक व्यक्तित्व प्रबल छ । उनले सिर्जन कर्ममा स्वतन्त्र उत्प्रेरणाको स्वतः स्फूर्त भावनाद्वारा आफ्नो साहित्यिक व्यक्तित्वलाई गतिशील राखेका थिए ।[५१] पहाडीको भद्र स्वभाव र शैक्षिक ज्ञानको सूक्ष्म गहिराइमा प्रभावोत्पादक व्यक्तित्व रहेकाले सादा जीवन र उच्च विचारको माध्यमबाट नै समाजमा नवीन आयाम ल्याउन सकिन्छ भन्नेतर्फ उनी दृढ थिए । उनको उच्च स्तरीय व्यक्तित्वले कडा-कडा परिस्थितिको सामना त गर्नुपर्‍यो तापनि उनमा विद्यमान आत्मनिर्भरता, स्वाभिमान, धैयर्ता, निर्भिकता एवं मिलनसारिता उनका विशेषता थिए ।[५२] उनका साहित्यिक व्यक्तित्वलाई निम्न अनुसार तल प्रस्तुत गरिएको छ ।

### २.२.३.२ कवि व्यक्तित्व

वामदेव पहाडीले नेपाली साहित्यमा चार दशक भन्दा बढी समयसम्म कलम चलाएर पुस्तकाकार, कृति र फुटकर रचनाहरूको प्रकाशन गरेका छन् ।[५३] सर्वप्रथम हिन्दी साहित्यको कविता विधामा आफ्नो काव्य प्रतिभा उठाएर कविता र गीतहरूको सङ्ग्रहका रूपमा **नयननीर** (२०१०) प्रकाशनमा ल्याएका पहाडी नेपाली साहित्यको कविता विधामा फुटकर कविका रूपमा देखापरेका छन् ।[५४] उनको **नयननीर** (२०१०) काव्य सङ्ग्रह प्रथम हिन्दी काव्य सङ्ग्रह हो । यसमा १३ वटा गद्य कविता र ११ वटा गद्य गीति कविता सङ्ग्रहित छन् । पहाडीले वि.सं. २०४६ सालमा यस काव्य सङ्ग्रहलाई नेपाली अनुवादसहित प्रकाशनमा ल्याएका छन् ।[५५]

---

[५१] घटराज भट्टराई, 'साहित्यकार परिचय कोश', पूर्वतत् पृ. ४९ ।

[५२] शोधार्थीलाई डा.बलराम गौतमबाट प्राप्त जानकारी ।

[५३] वामदेव पहाडी "भूमिका", 'नयननीर' काव्य सङ्ग्रह २०१० पृ . ७ ।

[५४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास' (काठमाडौं : साझा प्रकाशन, २०४०) पृ . ७३ ।

[५५] वामदेव पहाडी 'नयननीर' पूर्ववत् पृ. ७ ।

पहाडी गद्य कवि हुन् । उनले गद्य कवितालाई नयाँ कविताको रूपमा लिएका छन् । आधुनिक गद्य कविता प्रतीकात्मक, प्रयोगात्मक, विरोधात्मक, असन्तोष विद्रोहले भरिएका हुन्छन् । यस्ता नयाँ प्रयोगमा मिठास नभएपनि मौलिकताको विशेषता रहन्छ ।[५६] कवि वामदेव शास्त्रीय छन्दोबद्ध पद्य कविताको सिर्जनको प्रशंसकका रूपमा रहेपनि यसतर्फ उनका रचना पाइदैनन् । उनी आधुनिक गद्य कविताको स्रष्टाका रूपमा रहेको देखिन्छ । कवि वामदेव पहाडीले **नयननीर** (२०१०) गद्य कविता सङ्ग्रह छायावादी शैलीमा रचना गरेका छन् । हिन्दी साहित्यमा बिम्ब र प्रतीकको प्रयोगलाई पहिला छायावादको रूपमा लिइन्थ्यो ।[५७] वामदेव पहाडी गीति कवि पनि हुन् । 'नयननीर' काव्य सङ्ग्रह उनका ११ वटा गीति कविताको संकलित छन् । यो गीति कविता हिन्दीमा रहेका छन् । गीत र संगीत यस धिाका दुई पाटा छन् , जुन एक अर्काको पूरक तत्त्वको रूपमा प्रतिष्ठित छन् । गीत नभएको संगीत र संगीत विनाको गीत प्रभावोत्पन्न हुन सक्दैन । दुवैको संश्लिष्ट रूपबाट यसले उत्पन्न गर्ने भाव बलिष्ठ हुन्छ ।[५८] पहाडीमा कवि व्यक्तित्व र गीति व्यक्तित्व दुवै प्रबल रहेको पाइन्छ ।

### २.२.३.३ उपन्यासकार व्यक्तित्व

वामदेव पहाडीले नेपाली साहित्यको उपन्यास विधामा कलम चलाएका छन् ।[५९] पहाडीको प्रथम औपन्यासिक कृति **कैदी र झ्यालखान** (२०३६) हो । यो उपन्यास दश परिच्छेदमा विभाजन गरी लेखिएको छ । कथानकमा नवीनता र प्रत्येक परिच्छेदका कथोपकथनले उपन्यासलाई जीवन्त तुल्याएको छ ।

परम्परागत लेखनका विशुद्ध नवलेखनको तीव्र स्वर, पाश्चात्य प्रभाव र शिल्पगत प्रयोगप्रतिको झुकाउले वामदेव पहाडीको **कैदी र झ्यालखान** २०३६ उपन्यासको प्रकाशनले पनि उपन्यास फाँटलाई निकै उर्वर बनाएको छ ।[६०]

[५६] वामदेव पहाडी "नयाँ कविताको भूमिका" : 'विचारका केही क्षण' (काठमाडौं ने.रा. प्र. प्र., २०५२) पृ. ग ।

[५७] वामदेव पहाडी 'नयननीर', पूर्वतत् पृ.७ ।

[५८] डिल्लिराम तिमिल्सिना, "नेपाली संगीतको एक झल्को" प्रबन्धलता, (ताप्लेजुङ् : श्रीराम, सार्वजनिक पुस्तकालय, मामांखे याङ्गरूप २०२३) पृ.६५ ।

[५९] घटराज भट्टराई, साहित्यकार परिचय कोश, पूर्ववत्, पृ. ४९ ।

[६०] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास', पूर्ववत्, पृ. १२३ ।

पहाडीको यो उपन्यास कृतिको लेखन र प्रकाशनले उनको उपन्यासकार व्यक्तित्वलाई स्पष्टरूपमा झल्काएको पाइन्छ । उनका उपन्यासमा आलोचनात्मक शैलीमा यथार्थवादी दृष्टि पाइन्छ । उपन्यासकार पहाडी लेख्छन् "एक किसिमले अभाव र गरीबी नै तपाईको आफ्नो झ्यालखान हो ।"[६१] पहाडीको जीवनभरमा लेखेको एकमात्र उपन्यासले उनको उपन्यासकारिता र व्यक्तित्वलाई उजागर पारेको छ । मानवता मनुष्यको जातीय धर्म हो । यसलाई कुनै राजनीतिक निहित स्वार्थले कुल्चन हुँदैन भन्ने औपन्यासिक स्वर पहाडीमा रहेको पाइन्छ ।[६२]

## २.२.३.४ कथाकार व्यक्तित्व

पहाडी कथाकारको रूपमा पनि देखिएका छन् । कथाकार पहाडीद्वारा रचना गरिएको कथाहरूको सङ्ग्रहका रूपमा पहिलो पुस्तकाकार कृति **जय देश जय नेपाल** (२०४१) हो । यसमा नौ वटा कथाहरूको सङ्कलन गरिएको छ । पहाडीले यो कृति आफ्नी स्व.वृद्धा आमा लल्लीदेवी जोशी जसका हात र हृदय जहिले पनि सृजनशील थिए, उनैलाई यो कृति समर्पण गरेका छन् ।[६३]

वामदेव पहाडीका कथा सामाजिक, आर्थिक, पारिवारिक र राजनैतिक क्षेत्रसँग निकट रहेका छन् । कथाको संरचना तत्वका पारस्पारिक शैली अवलम्वन गर्ने, वस्तुथ्यको अङ्कन गरेर विसङ्गतपूर्ण अवस्थाको अन्त्य गर्न पहाडीका कथा उद्यत रहन्छन् । ती यथार्थवादी प्रगतिवादी धारामा रहेका छन् ।[६४] पहाडीका कथामा यथार्थता, काल्पनिकता दुवैको चित्रण भएको पाइन्छ तापनि पाठकमा यथार्थताको अनुभूति स्थापित गराउने अठोट भएको हुन्छ । कथा वा पात्रका घटनाले अमूर्त नरही, केही भन्न र बोल्न चाहेका हुन्छन् । कथाले केही गुढ्तालाई छरपस्ट पारेर प्रभावकारिता कायम गर्ने र उद्‌बोधनशील भाव प्रसार गरेका हुन्छन् ।

कथाकार पहाडीले 'आँखाले देखेका, कानले सुनेका, मन र मस्तिष्कले भोगे, गुनेका हुन् यी कथा' भनेर कथाको आख्यान तत्वसम्बन्धी यथार्थता प्रष्ट

---

[६१] वामदेव पहाडी, 'कैदी र झ्यालखान' (भैरहवा : मनोजकुमार जोशी, राजु प्रिन्टर्स, २०३६), पृ.७६ ।

[६२] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास', पूर्ववत् , पृ.१२३ ।

[६३] वामदेव पहाडी "पछिबाट" 'जय देश जय नेपाल' पूर्ववत्,पृ.३ ।

[६४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास',पूर्वतत् पृ.१२३ ।

पार्न खोजेका छन् ।[६५] कथासँग मुनष्य जातिको सहज र स्वभाविक आकर्षण निबद्ध छ । कथामा कुनै एक सत्यको झलक हुन सक्छ । आधुनिक नेपाली कथा यथार्थवादसँग निकट छ, यसो हुनु पाश्चात्य प्रभावको परिणाम हो ।[६६] कथामा पहाडी प्रगतिशील यथार्थवादी  भई निष्कपट, निष्पक्ष र वस्तुतथ्य अङ्कन गरेर विसङ्गतपूर्ण अवस्थाको अन्त्य गर्न चाहने व्यक्तित्व हुन् । उनका कथा सामाजिक, राजनैतिक, आर्थिक धरातलमा आधारित छन् । पहाडी कवि र उपन्यासकार भन्दा बढी कथाकार छन् । उनका सङ्ग्रहित कथा **जय देश जय नेपाल** र असङ्ग्रहित कथाहरू विभिन्न मासिक पत्रपत्रिकाहरूमा प्रकाशित छन् ।

### २.२.३.५ समालोचक व्यक्तित्व

वामदेव पहाडी समालोचकका रूपमा पनि रहेका छन् । उनले आलोचनात्मक र समालोचनात्मक गरी दुवै खालका कृतिको रचना गरेका छन् जसमध्ये **विवेक र मन्थन** (२०३७) आलोचनात्मक निबन्ध सङ्ग्रह, **विचारका केही क्षण** (२०५२) आलोचनात्मक निबन्ध सङ्ग्रह र **आलोचनाको वृत्त** (२०५४) समालोचनातमक लेख सङ्ग्रह उनका समालोचनात्मक पुस्तकाकार कृति हुन् । 'विवेक र मन्थन' कृतिमा लामा छोटा गरी ११ वटा समालोचनात्मक लेख समाविष्ट छन् । त्यस्तै **विचारका  केही क्षण** कृतिमा १० वटा समालोचनात्मक लेख रहेका छन् । **आलोचनाको वृत्त** कृति अन्तर्गत १५ वटा समीक्षात्मक लेख रहेको पाइन्छ । पहाडीले साहित्यको अरु विधामा भन्दा समालोचनामा वरीयता प्राप्त गरेका छन् । रचनागत वैशिष्ट्यताका कारणले उनका रचनाहरूले उच्च स्थान प्राप्त गरेका छन् । समालोचनाको क्षेत्रमा पहाडीले छुट्टै पहिचान कायम राखेका छन् । कुनै कृतिको समीक्षा गर्नुपर्दा त्यसको सर्वाङ्ग अध्ययन, त्यसका विचार, चेतना दर्शन आदि सम्बन्धमा अन्य ग्रन्थहरूबाट समेत अध्ययन गरी सत्यातथ्यको परीक्षण गर्दछन् । उनले नेपाली साहित्यका कथा, कविता, नाटक, उपन्यास, निबन्ध र समालोचना क्षेत्रका विधागत ऐतिहासिक रूप र प्रवृत्ति, आचरण र पाठकले गर्ने गरेका अपेक्षा आदिका वारेमा विषयगत समीक्षात्मक लेख लेखेर आलोचकीय पद्धतिगत प्रारूपमा देखाउँछन् ।

---

[६५] वामदेव पहाडी "कथाको आचरण" विवेक र मन्थन, पूर्ववत्, पृ.९१ ।

[६६] ऐजन ।

पहाडीले आफ्नो समीक्षात्मक दृष्टिमा पूर्वीय समालोचना सिद्धान्तलाई हलुको रूपमा र पाश्चात्य सिद्धान्तलाई गहकिलो मान्दछन् । उनको दृष्टिमा पूर्वीय प्राचीन, भरपर्दो नभएको, अवैज्ञानिक र पुरातन छ, पाश्चात्य आधुनिक युगानुकूल तथा भरपर्दो र वैज्ञानिक छ । यसैभित्र पूर्वी दाशर्निक, स्रष्टा र साहित्यप्रतिको श्रद्धामा कमी छैन । यसलाई नेपाली साहित्यका इतिहासकारहरूले पहाडीले आलोचना क्षेत्रमा दरो र खरो पाराले लागेका छन् जुन सार्थक छ भनेका छन् ।[६७] यसैले नेपाली समालोचनाको क्षेत्रमा पहाडीको प्रतिभाशाली समालोचकीय व्यक्तित्व हुन पुगेको छ । पद्धतिमा नवीन आयाम ल्याउने अठोट गर्दछन् र यसलाई आफ्नो तार्किक चिन्तन र विशद् अध्ययनको भरमा स्थापित गर्दछन् । "नेपाली साहित्यका आदिकवि वसन्त शर्मा" यसको साक्ष्य हो ।[६८] पहाडीको सबैभन्दा उच्चतम प्राप्तिको विधा नेपाली समालोचना साहित्य हो । उनका समग्र समालोचनात्मक लेख, रचनाले नेपाली साहित्यको सम्बन्धित विधालाई पाश्चात्य सिद्धान्त, शैली र रूपसँग पनि परिचित गराउँदै नेपालीमा मौलिक रूप विकसित गर्ने सामर्थ्य राख्दछन् ।[६९] पहाडीले नेपाली साहित्यका उच्चतम महारथीहरूका काव्यकृतिको समीक्षा र समालोचना गरेर आफ्नो विशाल दृष्टिको पट बिच्छ्याएका छन् । उनले पूर्वी, पश्चिमी दर्शन, साहित्य सिद्धान्त, कृति र कृतिकारका वारेमा प्रभावकारीरूपले कलम चलाएका छन् । "कुनै वाद विशेषको चश्मा लगाएर पनि मैले रचनाहरूलाई हेरेको छैन, रचना र रचनाकर्मितावारे स्वतन्त्र दृष्टिकोणको आधारमा मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।" भन्ने पहाडीको कथनले उनको समालोचकीय व्यक्तित्वलाई घनीभूत बनाएको छ ।[७०]

## २.२.४ सामाजिक व्यक्तित्व

वामदेव पहाडीको व्यक्तित्वको अर्को पाटोको रूपमा सामाजिक व्यक्तित्व रहेको छ । उनी समाजसेवी व्यक्तित्वको रूपमा देखिन आउँदछन् ।

---

[६७] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास', पूर्ववत् , पृ. १९३ ।

[६८] वामदेव पहाडी 'विवेक र मन्थन' पूर्ववत् पृ. २१ ।

[६९] नेपाली साहित्यको परिचयात्मक इतिहास, ने.सा.प्रचार समिति, पूर्ववत् पृ. १३७ ।

[७०] वामदेव पहाडी "मेरो भनाइ", 'आलोचनाको वृत्त' ने.रा.प्र.प्र. २०५४ ।

पहाडी वि.सं.२०४६ सालदेखि नेपाल बार एसोशियसन रूपन्देही शाखाका सदस्य रहेका थिए । नेपाली बुद्धिजीवी परिषद्सँग सम्बन्धित भई कार्य सम्पादन पनि गरेका थिए । उनले रूपन्देही जिल्ला स्तरीय रेडक्रसमा रहेर लामो समयसम्म सेवा प्रदान गरेका थिए ।[७१] पहाडी लायन्स क्लव अफ लुम्बिनीका संस्थापक सदस्य पनि हुन् । भैरहवा नगरपञ्चायत हुँदा गृहमन्त्रालयको प्रतिनीधि सदस्यका रूपमा काम गरेका थिए ।[७२] व्यक्तिगतरूपमा असल गुण भएकाले सामाजिक कार्यकर्ता पहाडीले नेपाल बार एसोशियसन, लायन्स क्लव अफ तथा रेडक्रसजस्ता सामाजिक संस्थासँग सम्बन्धित रहेर समाजसेवा गरेको पाइन्छ । उनका साहित्येतर अथवा सामाजिक व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.२.४.१ शिक्षक-प्राध्यापक व्यक्तित्व

वामदेव पहाडीले शिक्षक तथा प्राध्यापक बनेर सेवा गरेका थिए । वि.सं.२०१२ सालमा पहाडीले अध्ययन कार्य शुरु गरेका थिए । सर्वप्रथम नवलपरासी हाईस्कूल (जुनियर हाईस्कूल) मा शिक्षण कार्यमा संलग्न रहे र वि.सं.२०१३ सालदेखि भैरहवा हाईस्कूलमा अङ्ग्रेजी विषयको शिक्षकका रूपमा कार्य गरे । वि.सं.२०२४ सालदेखि त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसमा रही अङ्ग्रेजी साहित्यको प्राध्यापन कार्यमा संलग्न रहे । भैरहवा क्याम्पस र तत्कालीन लुम्बिनी कलेज (बुटवल बहुमुखी क्याम्पस) समेत प्राध्यापनको कार्यमा संलग्न रहे ।[७३] यसरी प्राध्यापन कार्यको सन्दर्भमा पूर्वी नेपालमा समेत रहेर शिक्षण गरे । वीरेन्द्र कलेज आठराई (वर्तमान तेह्रथुम) मा क्याम्पस प्रमुख समेत रहेर आफ्नो प्राध्यापकीय व्यक्तित्वलाई प्रस्तुत गरेका थिए ।[७४] पहाडीमा शैक्षिक ज्ञानको प्रखरता र व्याख्यान क्षमता प्रशंसनीय थियो । गुणात्मक उच्च शैक्षिक विकासका लागि प्रयासशील रहेको व्यक्तित्व उनमा देखिन आएको छ । पहाडीले लामो समयसम्म शिक्षण प्राध्यापन कार्यमा संलग्न रहेर सेवा गरेको देखिन्छ ।

---

[७१] शोधार्थीलाई तिलोत्तमा जोशीद्वारा प्राप्त जानकारी ।

[७२] ऐजन ।

[७३] मनोजकुमार जोशीद्वारा प्राप्त जानकारी ।

[७४] ऐजन ।

### २.२.४.२ कानून व्यवसायी व्यक्तित्व

वामदेव पहाडी अधिवक्ता व्यक्तित्वको रूपमा रहेका थिए । उनको जीवनमा कर्मगत रूपले कानूनी व्यवसायको व्यक्तित्वलाई महत्वका साथ लिइन्छ । सुस्पष्ट वक्तृत्वको धारावाहिक सक्षमता, सरलता, निर्भिकता, तार्किकताका साथै वाक्पटुताको आधिक्यतामा पहाडीको अधिवक्ता व्यक्तित्व वैशिष्ट्यपूर्ण रहेको थियो ।[७५] पहाडीले कानून व्यवसायीको रूपमा वि.सं.२०२२ सालदेखि आंशिक रूपमा कानूनको क्षेत्रमा प्रवेश गरी वि.सं.२०३५ सालदेखि पूर्णरूपले यसैमा संलग्न रहे । मुद्दा मामिलामा वादी तथा प्रतिवादी अपील, रिट निवेदन आदिको लेखन कार्य सम्पन्न र आफ्नो पक्षमा आएका मुद्दाको प्रतिनीधि वहस पैरवी पनि गर्ने गरेका थिए ।[७६] यसैबाट उनको कानून व्यवसायी व्यक्तित्व स्पष्ट हुन आउँदछ । पछि पहाडी क्यान्सरबाट ग्रसित भइसकेपछि उपचारको क्रममा जिभ्रो काटिएकाले वहस पैरवी गर्न नसक्ने हुँदा वि.सं.२०५३ सालदेखि वहस कार्य गर्नबाट मात्र वञ्चित नभएर पूरै वकालत पेशा र त्यसबाट हुने आम्दानी स्रोत समेतबाट हात धुनु परेको थियो ।[७७] पहाडीको जीवनको कर्मगत रूपमा कानून व्यवसायी व्यक्तित्व पनि एक महत्वपूर्ण पाटोको रूपमा देखिन आउँदछ ।

### २.२.४.३ राजनैतिक व्यक्तित्व

राजनीति राज्यसञ्चालनका सर्वाङ्गीण पक्षसँग निकटस्थ रहेको हुन्छ । समाजमा रहने सबै व्यक्तिहरू कुनै एउटा सैद्धान्तिक धारसँग असम्पृत्त रहन असम्भव देखिन्छ । कतिपय मानिसहरू स्वतः स्फूर्त, स्वतन्त्ररूपमा राजनैतिक धारमा देखापरेपनि कतिपय व्यक्तित्वहरू स्वतन्त्ररूपमा नदेखिइ अंशतः दलीय प्रभावमा परेकै हुन्छन् भन्ने विषयलाई स्वीकार गर्न नसकिने होइन । वामदेव पहाडी राजनैतिक क्षेत्रमा प्रारम्भमा समाजवादी प्रजातन्त्रतर्फ र पछि पूर्णतः वामपन्थी धारतर्फ झुकाउ भएका व्यक्ति हुन् ।[७८] पहाडी युवाकालका शुरुका केही समय पञ्चायततिर रहेपनि पछि यसमा कहिल्यै नरही पञ्चायतका कट्टर विरोधी भएर देखापरेका थिए । छात्र जीवनमा चुनाव लडिसकेका पहाडी कतै

---

[७५] शोधार्थीलाई डा.वलराम गौतमबाट प्राप्त जानकारी ।
[७६] घटराज भट्टराई, 'साहित्यकार परिचय कोश', पूर्ववत्, पृ. ४९ ।
[७७] शोधार्थीलाई मनोजकुमार जोशीद्धारा प्राप्त जानकारी ।
[७८] शोधार्थीलाई तिलोत्तमा जोशीद्धारा प्राप्त जानकारी ।

जित्ने, कतै हार्ने गरेकाले समयको पीडा सहदैं आएको राजनैतिक व्यक्तित्व उनमा थियो ।[७९] २०४८ सालको संसदीय निर्वाचनमा स्वतन्त्र उमेदवार भई सांसद पदको चुनाव लडेर पराजय भोगेका थिए । पञ्चायतले जन्माएका विसङ्गति र निर्दलीय तानाशाहीविरुद्ध आक्रोश र विद्रोह स्वर पहाडीमा पाइन्थ्यो । व्यवसायगत र व्यवहारिकरूपमा स्वतन्त्ररूपमा रहेपनि सिद्धान्ततः शैलीमा भने मार्क्सवादी दर्शनको प्रभाव प्रवलरूपमा देखिएर आएको थियो । पहाडीले जनपक्षीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनाको भावनालाई आफ्नो लेखनकार्य शैलीबाट पनि अगाडि ल्याएको देखिन आउँदछ ।

### २.२.४.४ पत्रकार व्यक्तित्व

वामदेव पहाडी लेखनक्रियामा निरन्तर लगनशील रहने व्यक्तित्व थिए । उनका लेख्य सामग्रीको प्रकाशन सन्दर्भले गर्दा विविध पत्रपत्रिकासँग उनको सम्बन्ध सामीप्य रहेको देखिन आउँदछ । पहाडी स्वयं पत्रकारिताको क्षेत्रमा रहेर पत्रपत्रिकाको सम्पादन र प्रकाशन गर्ने कार्य गरेका थिए ।

वि.सं.२०१७-१८ तिर समाचारमूलक पत्रिका **हालखबर** का सहायक सम्पादक बनेर काम गरे भने पछि वि.सं.२०१८-१९ तिर अङ्ग्रेजी भाषाको प्रतिनीधि साप्ताहिक **नेपाल रिभ्यु** को सम्पादक बनेर पत्रकारितामा दक्षता र अनुभवसमेत बटुले । मासिक पत्रिकाहरू **विहान** र **भानु** मा प्रतिनीधि सम्पादक साथै **बगैचा, मुकुट** जस्ता पत्रिकाका परामर्शदाताका रूपमा रहेका थिए । भैरहवाबाट प्रकाशित हुने पाक्षिक **प्रतिमान** साहित्यिक पत्रिकामा ८ वर्षसम्म सम्पादक रहेर साहित्यिक पत्रिकाको गहनतम दायित्व वहन गरेका थिए ।[८०] पहाडी स्वयंले भिन्न-भिन्न उपनामबाट रचना कोरेर प्रकाशन गर्ने क्रममा कतै 'बी.देव' कतै 'अशोक' र कतै 'बी.डी.' पहाडीको नामले पनि लेखहरू प्रकाशन गरेको देखिन्छ । समाचारमूलक पत्रकारिता राष्ट्रको अभिन्न अङ्ग रहने हुँदा समाचार प्रवाहमा भरपर्दो सूचना सङ्कलन र भाषिक शुद्धताको साथै निष्पक्ष लेखन कार्य हुनुपर्ने मान्यता पहाडीले राख्दथे ।[८१] पहाडीले आफ्नो जीवनकालमा विविध पत्रपत्रिकाको सम्पादन, प्रकाशन र स्वयंले लेख सिर्जन गरी पत्रकारिताको क्षेत्रमा अहम् भूमिका निर्वाह गरेको देखिन आउँदछ ।

---

[७९] शोधार्थीलाई डा.बलराम गौतमबाट प्राप्त जानकारी ।

[८०] ऐजन ।

[८१] सम्पादक, वामदेव पहाडी, 'प्रतिमान' बार्षिक सङ्ग्रह, (भैरहवा : राजु प्रिन्टर्स, २०४१), पृ. ४५-६५ ।

## २.२.५ सम्मान तथा पुरस्कार

साहित्यकार वामदेव पहाडी अनेक संस्थाहरूबाट सम्मानित र पुरस्कृत भएका थिए । उनी साधनारत कर्तृपुरुष थिए । उनी नेपाली साहित्यको सिर्जन कर्ममा लागेर अमरताको मार्ग कायम  गरे । अमरताको अनन्त मार्गमा पुऱ्याउने माध्यम धेरै हुन सक्दछन् तापनि अमरताको लागि सनातन र शाश्वत मार्ग साहित्य र कला नै हो । यस क्षेत्रमा व्यक्तिले त्यतिवेला मात्र उच्चता प्राप्ति पाउँछ जतिवेला साधकले साहित्य वा कलाका अनेक विधामध्ये एउटामा केन्द्रित रहेर पूर्णता प्राप्ति गर्दछ । साहित्यको मार्ग यसर्थमा गहन छ कि यसले सम्पूर्ण पक्षको अगुवाई गर्न सक्नुपर्दछ । पहाडीले साहित्यको यस्तै मार्गमा आफ्नो जीवनको यात्रा गरे , जो कुरा उनले प्राप्त गरेका राष्ट्रिय पुरस्कार र सम्मानले देखाएको छ ।

नेपाली साहित्यका प्रतिभा वामदेव पहाडीलाई वि.सं.२०२२ सालमा **रत्नश्री** पदकद्वारा विभूषित गरिएको थियो ।[८२] यस्तै २०५४ साल आषाढ २९ भानुजयन्तिका अवसरमा युवा खेलकुद तथा संस्कृति मन्त्रालयद्वारा **राष्ट्रिय प्रतिभा** घोषित भई सम्मान तथा पुरस्कार प्राप्त गरेका थिए ।[८३] यस्तै क्रममा पहाडीले नेपाली साहित्यमा गरेका साधना र योगदानको कदर गर्दै २०५४ साल श्रावण महिनामा **नूरगङ्गा पुरस्कार** संस्थानले सम्मानपत्र र नगद रु.२०,००० /- प्रदान गरेको थियो ।[८४] यसैगरी २०५४ सालमा श्री ५ को सरकार गृहमन्त्रालयले नेपाली साहित्यको सेवामा लागेर वरिष्ठता हासील गरेका डा.वामदेव पहाडीलाई स्वास्थ्योपचारको लागि रु.१,००,००१/- अनुदान प्रदान गरेको थियो ।[८५] समाज र राष्ट्रका विभिन्न अङ्गबाट राष्ट्रिय स्तरमा कवि, लेखक, कलाकार समालोचक, विद्वान् दार्शनिकको सम्मान र पुरस्कार प्रदान गर्ने कार्यबाट नेपाली साहित्यले र साहित्यानुरागीले अझ उच्च हुने अवसर प्राप्त गर्दछन् । यस्तो सम्मान र पुरस्कृत कार्यले सिर्जनात्मक प्रतिभाको अझ विकास गराउने अवसर प्राप्त गराउँदछ ।

---

[८२] मदनदेव भट्टराई, 'रत्नश्री' पदक रत्नश्री साहित्यिक प्रकाशन काठमाडौं, २०२२ ।

[८३] विष्णुप्रसाद पौडेल, "सम्मान पत्र", (काठमाडौं : श्री ५ को सरकार युवा खेलकुद तथा संस्कृति मन्त्रालय, आषाढ २९, २०५४) ।

[८४] "सम्मान पत्र" (काठमाडौं : नूरगङ्गा प्रतिभा पुरस्कार गुठी, श्रावण, २०५४) ।

[८५] गृहसचिव : 'स्वास्थ्योपचार अनुदान' श्री ५ को सरकार गृहमन्त्रालय २०५४ वैशाख १५ ।

## २.२.६ निष्कर्ष

मिलनसार, मृदुभाषी तथा स्पष्ट वक्ता भएका उच्च प्रशिक्षित वामदेव पहाडीको व्यक्तित्व आकर्षक थियो । उनी निरन्तर सिर्जनको पक्षमा प्राध्यापन, कानूनी प्रतिनिधि (वकील) वहस पैरवीकर्ता बन्न रुचि राख्दथे । स्वाभिमानी व्यक्ति भएकोले सूक्ष्म चिन्तन, विश्लेषण, विवेचन र समीक्षा तथा आलोचना गर्नमा विशेष रुचि राख्दथे । आत्मनिर्भरता, धैर्यता, निर्भिकता, हार्दिकता एवम् मिलनसारिता उनका व्यक्तित्वका विशेषता थिए । वामदेव पहाडीको व्यक्तित्वको पक्षलाई साहित्यिक र साहित्येतर गरी विभाजन गर्न सकिन्छ । उनको साहित्येतर भन्दा साहित्यिक व्यक्तित्व प्रवल रहेको थियो । उनको साहित्यिक व्यक्तित्व बहुआयामिक थियो । उनी लेखक, प्राध्यापक, पत्रकारका साथै कवि, कथाकार, उपन्यासकार एवम् समालोचकका रूपमा समेत परिचित रहेका थिए । उनले साहित्यको सिर्जन कार्यमा स्वतन्त्र अभिप्रेरणाको स्वतःस्फूर्त भावनाद्वारा आफ्नो साहित्यिक व्यक्तित्वलाई गतिशील राखेका थिए । पहाडीको साहित्येतर व्यक्तित्व भित्र उनी अधिवक्ता, समाजसेवी र राजनीतिक व्यक्तित्व रहेको पाइन्छ । निश्चल र भद्र स्वभावका पहाडी सादा जीवन र उच्च विचारको माध्यमबाट नै समाजमा नवीन आयाम ल्याउन सकिन्छ भन्ने तर्फ दृढ थिए । साहित्यकार वामदेव पहाडी साधनारत कर्तृपुरुष भएकोले अनेक संघसंस्थाद्वारा सम्मानित र पुरस्कृत भएका थिए । वि.सं. २०२२ मा **रत्नश्री** पदक, वि.सं. २०५४ मा **राष्ट्रिय प्रतिभा** घोषित भई सम्मान र पुरस्कार, फेरि वि.सं. २०५४ मै नेपाली साहित्यको क्षेत्रमा गरेको योगदानको कदर गर्दै **नूरगङ्गा** पुरस्कार संस्थानबाट नगद र सम्मान पत्र प्राप्त गरेका थिए । पहाडी क्यान्सर जस्तो दुःसाध्य रोगबाट ग्रसित थिए । यही रोगको कारणबाट नै उनको मृत्यु वि.सं. २०५४ को फाल्गुणमा भयो । वामदेव पहाडी जसले जीवनका उकाली-ओरालीमा रहेर पनि घाम-पानीका उष्णता र तप्कालाई वेहोरेर राष्ट्र र समाजका लागि मार्गदर्शन गर्न कलम जोत्ने बौद्धिक श्रमिक हुन् ।

# अध्याय तीन

# उपन्यास सिद्धान्त र नेपाली उपन्यासको विकासक्रम तथा पहाडीको उपन्यासयात्रा

## ३.१ उपन्यास सिद्धान्त र नेपाली उपन्यासको विकासक्रम

### ३.१.१ उपन्यास शब्दको व्युत्पत्ति र आरम्भ

उपन्यासको शाब्दिक व्युत्पत्ति केलाउँदा अस् धातुमा 'उप' र 'नि' उपसर्ग जोडी 'घञ्' (अ) प्रत्यय लागेर निर्माण भएको हो । अर्थात् उपनिअस्घञ् (अ). उपन्यास । संस्कृतको अस् धातुको अर्थ राख्नु भन्ने हुन्छ भने उपन्यास शब्दबाट समीपमा राख्नु भन्ने अर्थ निस्कन्छ । संस्कृत साहित्यमा कुशलतापूर्वक कुनै विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भनी अर्थ लगाइएको छ । संस्कृतमा उपन्यासलाई 'आख्यान' का रूपमा पनि लिने गरेको पाइन्छ । उपन्याससँग नजिकको साइनो गाँस्ने प्रकारका रचना विशेषलाई संस्कृतमा 'आख्यान वा 'आख्यायिका' का रूपमा व्याख्या गरिएको पाइन्छ । त्यस्ता रचनाहरू गद्यात्मक हुन्छन् जो वैदिक सूक्तहरूमा समेत यिनको स्वरूप भेटिएबाट प्राचीनता सुष्पष्ट हुन आउँदछ । दन्त्यकथा, नीतिकथा एवं लोककथाहरूमा आख्यानात्मक सूत्र पाउन सकिन्छ ।

वास्तवमा जीवन जगतका यथार्थ पक्षलाई समेटेर समाजका सामु विन्यस्त गर्नु वा प्रस्तुत गर्नु नै उपन्यास हो । व्यवहारिक रूपमा अर्थ्याउँदा जीवनजगत्को साङ्गोपाङ्गो प्रस्तुति नै उपन्यास हो । संस्कृत साहित्यमा उपन्यासले जुन अर्थको वहन गरेको छ त्यस्तो अर्थ नेपाली साहित्यमा उपन्यासले वहन गरेको सन्दर्भ फेला पर्दैन । तसर्थ संस्कृतबाट लिइएको भएर पनि आज नेपालीमा 'उपन्यास' शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्ध विच्छेद गरेर अङ्ग्रेजी **Novel** सँग साइनो गाँसेको छ ।[८६]

नेपाली साहित्यमा छुट्टै पहिचान बनाउन सफल साहित्यिक विधा उपन्यास पाश्चात्य साहित्यिक चिन्तनको उपज हो । जीवनजगतको सर्वोत्कृष्टरूपमा आत्मसात् गर्न सक्ने विधाका रूपमा चर्चित 'उपन्यास' अङ्ग्रेजी शब्द **Novel** को नेपाली रूपान्तरण हो । **Novel** शब्द इटालेली भाषाको **Novella** बाट बनेको हो जसको अर्थ 'अलिकति नयाँ वस्तु' भन्ने हुन्छ

---

[८६] कृष्णहरि बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', काठमाडौं (साझा प्रकाशन, २०५६) पृ.३ ।

। त्यस्तै **Novella** शब्द ग्रिसेली भाषाको **Novus** शब्दबाट निर्माण भएको हो जसको अर्थ 'नयाँ' भन्ने हुन्छ । रमाइला छोटा रूपमा र अल्पमात्रामा यथार्थको प्रयोग गरी लेखिएका गद्यरचनाहरूलाई इटालेली भाषा **Novella** भनिन्थ्यो भने यसकै प्रभावमा फ्रान्सेली भाषामा त्यस्तै प्रकारका रचनाहरूलाई **Novella** भनिन्थ्यो । आख्यानको आदिपुर्खाका रूपमा जापानी लेखक मुरासाकी सिकिबुको 'गेन्जीको कथा' दसौं शताब्दीको अन्त्यतिरको रचना मानिएको छ ।[८७] चौधौं शताब्दीमा इटालीमा इटालेली भाषा प्रशस्त **'Novella'** हरू लेखिए । त्यसै समयमा जियोभानी बोकासियोले लेखेको एक सय **'Novella'** हरूको विशिष्ट सङ्कलनका रूपमा **Decameron** (डेकामेरोन) आयो र पछि यसलाई इटालेली भाषाबाट अङ्ग्रेजीमा अनुवाद गरियो । स्वच्छन्द कल्पनाको प्रयोग भएका आख्यानलाई बुझाउने **'romance'** का प्रभावमा उपन्यासलाई **romaani** भनिएको पाइन्छ । रसियन भाषामा पनि उपन्यासलाई **roman** भनेको पाइन्छ ।[८८] यसरी हेर्दा उपन्यासको सम्बन्ध **romance** सँग पनि रहेको देखिन्छ । युरोपका अधिकांश भाषाहरूमा उपन्यासलाई **roman** भन्दछन् र यो शब्द मध्यकालीन (रोमान्स्) **romance** शब्दबाट विकसित भएको हो । पाश्चात्य साहित्यको आदि स्रोत ग्रिसेली परम्परालाई उपन्यासले नजिक सम्बन्ध कायम गरेको देखिन्छ । आधुनिक उपन्यास शब्द र भाव दुवै दृष्टिले अङ्ग्रेजी शब्द नोवेल (Novel) सँग मेल खान्छ । नोवेल (Novel) को आदि श्रोत ग्रीक (ग्रिसेली) मा रोमाञ्च कथाहरूलाई **Novus** (नोवस्) भनिन्थ्यो । मौखिक साहित्यको रूपमा प्रयोग हुने 'रोमान्स्' क्रमश : गद्य प्रयोगका साथै साहसिक, अलौकिक, प्रेमकथाहरूमा विकसित हुदैं गयो । यो रोमाञ्चक कथाहरू औपन्यासिक ढङ्गका प्राथमिक स्रोत थिए । यस्ता ग्रिसेली छोटा खिस्साहरू विकसित हुँदै इटालीमा पुगे र **Novella** (नोवेला) को रूपमा परिवर्तित भई छोटा कथा भन्ने अर्थ ग्रहण गर्न पुगे । इटालेली कथाकार बोकासियोको छोटो कथाहरूको संङ्ग्रह **डेकामेरा** का कथाहरूलाई इटालेली भाषामा **नोवेले** भनिन्थ्यो र यसैबाट अङ्ग्रेजी नाम **Novel** (नोवेल) को आरम्भ भएको मानिन्छ । अङ्ग्रेजीको यही आख्यानात्मक विधा **Novel** (नोवेल) हिन्दी, बङ्गाली

[८७] ऋषिराज बराल, 'उपन्यासको सौन्दर्यशास्त्र' (काठमाडौं:साझा प्रकाशन, २०५६) पृ. ५ ।
[८८] कृष्णहरि बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत् , पृ.४ ।

साहित्यमा स्थापित हुँदै नेपाली साहित्यमा 'उपन्यास' विधाका रूपमा आरम्भ भएको हो । आधुनिक उपन्यासहरूमा फ्रान्सेली, रसियन, चिनियाँ उपन्यासको प्रभाव परेतापनि नेपाली उपन्यासको उद्‌भव खोज्दै जादाँ पाश्चात्य साहित्यको अङ्ग्रेजी र यसको मूल स्रोत ल्याटीन रोमन साहित्यसम्म खोज्दै जानुपर्ने हुन्छ ।

## ३.१.२ उपन्यासको परिभाषा

उपन्यास साहित्यको कान्छो विधा हो । यो एउटा छुट्टै र नवीनतम विधा हो । खासगरी उपन्यासको लेखन र प्रकाशन हुन थालेपछि यसको व्याख्या, विवेचना, समालोचना हुन थाल्यो । यिनै उपन्यास लेखनका विशेषताहरूलाई आधार मानेर परिचय एवम् परिभाषा दिने क्रम विद्धान्, लेखक, समालोचकहरूबाट हुन थाल्यो । उपन्यासलाई पूर्व तथा पश्चिमका विद्धानहरूले आ-आफ्नै तरिकाले परिभाषित गरेको पाइन्छ । उपन्यासका केही परिभाषाहरू निम्नानुसार प्रस्तुत गरिएको छ :-

१. "वृहत र वृहत्तर आख्यानात्मक रचनाको प्रस्तुति नै उपन्यास हो । वोकासियाको 'डेकामेरा', सर्वान्तिजको 'डनक्विजोट' जस्ता वृहत् कथाका रचनाहरू उपन्यास हुन् । "

*-Cambridge Encyclopaedia*

२. "उपन्यास यस्तो विशाल कल्पित गद्य आख्यान हो, जसमा एउटै कथानक अन्तर्गत यथार्थ जनजीवनको निरूपणको प्रयास गर्ने चरित्र तथा तिनीहरूको क्रियाकलापको चित्रण हुन्छ ।"

*-The New International Dictionary*

३. "उपन्यास साहित्यको अठारौं शतकपछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा मानवजीवन जगत्को सर्वाङ्गीण पक्ष समेटिएको हुन्छ । 'रविन्सन क्रुसो' 'टाम जोन्स' जस्ता वृहत कृति उपन्यासका उदाहरण हुन् र चार्ल्स डिकेन्स, वाल्जाक, जोला र दोस्तोएभ्स्की जस्ता स्रष्टाका रचना सफल उपन्यासहरू हुन् ।"

*-WorldUniversity Encyclopaedia*

४. "उपन्यास धेरै अध्याय र खण्डमा लेखिने लामो साहित्यिक कथा, चरित्रप्रधान गद्य महाकाव्य हो ।"

*-वृहत शब्दकोश*

५. उपन्यास त्यो हो, जसमा काल्पनिक तथा धेरै लामो कथ्य धेरै पात्रहरू र तिनको जीवनका विविध पक्षको चित्रण हुन्छ ।

*-हिन्दी शब्द कोश*

*पाश्चात्य विद्वान्का मतमा उपन्यासको परिभाषा*

१. "हालको जटिल एवं सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानवजातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो ।"

*-E.M. Forster, 'Aspects of the Novels'*

२. "उपन्यास सुखान्त गद्य महाकाव्य हो ।"

*-Henary Felding*

३. "उपन्यास कोरा कथात्मक गद्य लेखन होइन, यो त मानवजीवनको गद्य हो । उपन्यास- कला नै पहिलो कला हो, जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्ति गर्ने प्रयास गर्दछ ।"

*(च्वडिज ँयह,ुत्जभ ल्यखर्भा बलम तजभ एभयउभि'*

४. "उपन्यासले मानवजीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्ता अन्य कला र साहित्यभन्दा स्वभाविक रूपले बढी छ ।"

*-D.H. Lawrence, 'Why the Novel Matters?*

*हिन्दी र नेपाली विद्वान्का मतमा उपन्यासको परिभाषा*

१. "युक्तिपूर्ण ढंङ्गले आफ्नो अभिप्रायलाई प्रस्तुत गर्नु उपन्यास हो ।" *-भरतमुनि*

२. "उपन्यास भनेको कसैलाई प्रसन्न गराउनु हो ।"

*-विश्वनाथ*

३. "म उपन्यासलाई मानव चरित्रको चित्रमात्र सम्झन्छु । मानव चरित्रमाथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोतल्नु नै उपन्यास मूल उद्देश्य हो ।"

*-भारतीय आख्यानकार प्रेमचन्द्र*

४. "पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।"

*-राजेन्द्र सुवेदी, 'नेपाली उपन्यास  परम्परा र प्रवृत्ति'*

५. “बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा श्रृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिको समय र स्थानभित्र विस्तारित भएको कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।”

*-दयाराम श्रेष्ठ ‘सम्भव’ नेपाली साहित्यको सङ्क्षिप्त इतिहास*

/

६. “उपन्यास मानवजीवनको सम्पूर्णताको अभिव्यक्ति हो ।”

*-कृष्णचन्दसिंह प्रधान, ‘नेपाली उपन्यास र उपन्यासकार’*

७. “यथार्थसँग परिचयन, सत्यको सन्धान, मूल्यको संरक्षण, जीवनवैविध्यमाथि एकरूपता प्रदान, जीवनशिक्षण, व्यक्तित्वको पुनरन्वेषण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्व हुन् ।”

*-इन्द्रबहादुर राई, ‘नेपाली उपन्यासका आधारहरू’*

८. “उपन्यास मानवजीवनको चित्रण गर्ने विशालकाय आख्यानात्मक गद्यसंरचना हो ।”

*-मोहनराज शर्मा, ‘समकालीन समालोचना’*

माथि उल्लेख गरिएका विभिन्न विद्धान्का परिभाषा अनुसार उपन्यास आख्यान साहित्य हो । यसको आकार कथाको भन्दा ठूलो हुन्छ र यसले जीवन जगत्का सर्वाङ्गपक्षको चित्रण गर्दछ । यथार्थ कथावस्तु, काल्पनिक पात्र, गद्य भाषा र नवीन शैली भएको साहित्यिक कृति उपन्यास हो । प्राचीनतम कालमा छोटामोटा खिस्सा, कहानीहरू उपन्यासको कोटीमा पर्ने भएतापनि अर्वाचीन कालमा यसले महाकाव्य समकक्षी कृति उपन्यास हो भन्ने अवधारणा प्रस्तुत गरको छ ।

उपन्यासको कला पक्ष र मूल्य निर्णयको प्राप्तिको लागि विद्धान्हरूले दिएको परिभाषा अवश्यमेव सहायक त हुन्छन् तर समय र परिस्थिति अनुसार परिवर्तित र परिस्कृत हुँदै विकासको धारमा वहन सक्ने लचिलो एवम् गतिशील साहित्यिक विधा उपन्यास भएकोले आधुनिक उपन्यासको सन्दर्भमा यी परिभाषाका सङ्केत सधै प्रयाप्त हुन्छन् भन्न सकिदैन । अहिले आएर उपन्यास परम्परागत मार्गमा मात्र नहिँडी विधात्मक भञ्जन, अउपन्यास, अधिउपन्यास तथा नयाँ उपन्यासहरूले स्थापित पुराना प्रवृत्तिलाई छाडेर अझ अगाडि बढिरहेका पाइन्छन् । जे होस् उपलब्ध साहित्यिक विधाहरूमध्ये उपन्यासले नै

सबैभन्दा यथार्थ र व्यापक ढङ्गबाट जीवनको व्याख्या, विश्लेषण एवम् अन्वेषण गरेको पाइन्छ ।

निष्कर्षात्मक रूपमा भन्नुपर्दा काल्पनिक पात्रको कार्यव्यापारद्वारा यथार्थ घटनालाई व्यवस्थित र श्रृङ्खलितरूपमा विविध संरचनात्मक एकाइहरूद्वारा सङ्गठित गरिएको ठूलो आयाम, विस्तृत आख्यान समेटिएको जीवनजगत्को साङ्गोपाङ्गो चित्रण भएको, समय सान्दर्भिक रूपमा परिवर्तित र परिस्कृत महाकाव्य समकक्षी गद्याख्यानात्मक साहित्य नै उपन्यास हो ।

### ३.१.३ उपन्यासका तत्व

उपन्यासको संरचनामा विविध तत्व वा उपकरणहरूको समायोजन हुन्छ, जसको समुचित प्रयोग तथा अन्तर्मिश्रणबाट उपन्यासले आफ्नो स्वरूप निर्माण गर्दछ । यसरी उपन्यास संरचनाका लागि नभई नहुने आवश्यक सामग्री वा उपकरणहरूलाई नै उपन्यासका तत्व भनिन्छ । उपन्यास रचनाका आधारभूत तत्वका वारेमा सबै विद्वान्हरूको एकमत पाइदैंन । विद्वान्हरूका आ-आफ्नै किसिमका मतमतान्तरहरू रहेका देखिन्छन् । विविध विद्वान्हरका विचारलाई यसरी प्रस्तुत गर्ने जमर्को गरिएको छ :

इतिहासकार दयाराम श्रेष्ठले उपन्यासको तत्व उल्लेख गर्ने क्रममा कथानक, दृष्टिकोण, सारवस्तु, कार्यपीठिका, गति, प्रतीक र बिम्व, भावपरिमण्डल, पात्र र रूपविन्यास गरी आठ तत्वलाई अगाडि सारेका छन् ।[८९] समालोचक कृष्णचन्द्रसिंह प्रधानले उपन्यासका तत्व भनेर कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य गरी सातओटा तत्वको उल्लेख गरेका छन् ।[९०] घनश्याम नेपालले उपन्यासका तत्व भनेर कथानक, पात्र तथा चरित्रचित्रण, विचारतत्व, पर्यावरण र चित्तवृत्ति, दृष्टिकोण, प्रतीक र बिम्व, गति र लय र भाषा गरी जम्मा आठ तत्वको वर्णन गरेका छन् ।[९१] त्यस्तै राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, कुतूहलता, उद्देश्य गरी जम्मा सातवटा प्रमुख तत्व मानेका छन् ।[९२]

---

[८९] दयाराम श्रेष्ठ, 'पच्चीस वर्षका नेपाली कथा' (काठमाडौं : साझा प्रकाशन, २०३९) ।

[९०] कृष्णचन्द्रसिंह प्रधान, 'नेपाली उपन्यास र उपन्यासकार' काठमाडौं : साझा प्रकाशन २०४३) पृ.१०-१३ ।

[९१] घनश्याम नेपाल 'आख्यानका कुरा' (सिलगुडी : नेपाली साहित्य प्रचार समिति, २०४४) पृ.१-६ ।

[९२] राजेन्द्र सुवेदी, 'नेपाली उपन्यास परम्परा र प्रवृत्ति' (वाराणसी : भूमिका प्रकाशन, २०५३) पृ.१३-१७ ।

यसैगरी मोहराज शर्माले कथानक, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिविन्दु गरी आठ तत्वलाई प्रमुख मानेका छन् ।[९३] ऋषिराज बरालले उपन्यास संरचनाका तत्वहरू भनी कथानक, चरित्र, सारतत्व, दृष्टिविन्दु र भाषा गरी जम्मा पाँच प्रमुख तत्वलाई अगाडि सारेका छन् ।[९४] कृष्णहरि बराल र नेत्र एटमले उपन्यासका आठ तत्वहरूको वर्णन गरेका छन् जसमा कथानक, चरित्र र चरित्रचित्रण पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्व, गति र लय रहेका छन् ।[९५] माथि उल्लेख गरिएका उपन्यासको तत्वका सम्बन्धमा विभिन्न विद्धान्का पृथक्-पृथक् दृष्टिकोण पाइन्छ र ती दृष्टिकोणहरूमा एकरूपता पाउन सकिदैंन तापनि औपन्यासिक तत्वहरूलाई चर्चा गर्ने क्रममा प्रमुख तत्वहरूको रूपमा कथानक, पात्र, सारवस्तु, परिवेश, भाषाशैली रहेका छन् भने सहायक तत्वहरको रूपमा दृष्टिविन्दु, सम्वाद, प्रतीक र बिम्व, गति र लय राखिएको छ ।

## प्रमुख तत्व

### ३.१.३.१ कथानक

कथानक उपन्यासको सबैभन्दा पहिलो र महत्वपूर्ण तत्व हो । उपन्यासको सिर्जन कार्यमा अति आवश्यक तत्वको रूपमा कथानक रहेको हुन्छ । उपन्यासमा घट्ने घटनाहरूको योजनावद्ध र सङ्गठित रूप नै कथानक हो । कथानकलाई उपन्यासको कङ्काल भनिन्छ । कथानकले उपन्यासको मूल ढाँचा निर्माण गर्न प्राथमिक तत्वको कार्य गर्दछ । कथानकमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् ।[९६] वास्तवमा कथावस्तु जति सङ्गठित हुन्छ त्यति नै उपन्यास पनि महत्वपूर्ण हुन जान्छ । चरित्र, बुद्धि, विचार र कल्पना जस्ता कुरालाई कथानकमा समावेश गरिएको हुन्छ । कथावस्तु उपन्यासको कच्चा सामग्री हो । यसलाई सङ्गठित र परिष्कृत गरेर उपन्यासको रचना गरिन्छ । यसैको व्यवस्थित विन्यासलाई कथानक

---

[९३] मोहनराज शर्मा, 'समकालीन समालोचना:सिद्धान्त र प्रयोग' (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५) पृ.३०४ ।

[९४] ऋषिराज बराल, 'उपन्यासको सौन्दर्यशास्त्र', पूर्ववत् ।

[९५] कृष्णहरि बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ.२२ ।

[९६] कृष्णहरि बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ.२३ ।

भनिन्छ । उपन्यासको सफलता-असफलता कथानक र यसको प्रस्तुतिमा निर्भर रहन्छ । कथानकले उपन्यासको खाका तयार पार्ने काम गरेको हुन्छ । घटनाहरूलाई एकअर्कोसित उनेर सम्बन्ध जोर्ने र सुगठितता प्रदान गर्ने काम कथानकले गर्दछ ।[९७] कथानक आफैमा उपन्यासलाई गतिशील बनाउने मुख्य कारक तत्व हो ।

उपन्यास सिर्जनको क्रममा उपन्यासकारले उपन्यासको कथानकलाई विभिन्न स्रोतबाट लिएका हुन्छन् । उपन्यासकारले स्रोतबाट प्राप्त सामग्रीलाई जस्ताको तस्तै प्रयोग नगरी अन्तर्समिश्रण गरेर त्यसलाई आफनो कलात्मक चेतनाले छनौट गरी कथानकको सिर्जना गर्दछ । यस्ता स्रोतहरूमा मुख्य गरी इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य, स्वैरकल्पना आदि पर्दछन् । यसैगरी वेद, पुराण, लोकपरम्परा, स्रोतबाट पनि उपन्यासकारले कथानक छनौट गर्न सक्दछ ।

कुतूहल हुनु कथानकको अर्को आवश्यक पक्ष हो । कुतूहलताले पाठक वर्गमा अब के होला ? कसो होला ? भन्ने जिज्ञासा उत्पन्न गराउँछ । कथानकलाई वास्तविक मोडमा पुर्‍याउन द्वन्द्वको अहम् भूमिका रहेको हुन्छ । खासगरी द्वन्द्व आन्तरिक र वाह्य गरी दुई प्रकारको हुन्छ । आन्तरिक र वाह्य द्वन्द्वबाट नै कथानक गतिशील भई श्रृङ्खलित रूपमा अगाडि बढ्दछ । पात्रहरूले आफ्ना कार्यव्यापारलाई आन्तरिक र वाह्य द्वन्द्वका माध्यमले प्रकटीकरण गर्दछन् । कथानकलाई पात्र-पात्राबीचको द्वन्द्व र कौतूहलले गति दिएर अगाडि बढाउँदछ । आन्तरिक द्वन्द्वलाई मनोद्वन्द्व पनि भनिन्छ । व्यक्तिको मनभित्र उत्पन्न हुने द्वन्द्व आन्तरिक हो भने व्यक्ति र समाजबीच, व्यक्ति र व्यक्तिबीच, राष्ट्र र राष्ट्रबीच, मानव र मानवेत्तरबीच हुने बाह्य द्वन्द्व हो । द्वन्द्व र क्रियाद्धारा नै कथानक अघि बढेको हुन्छ । यसरी कथानकमा आउने द्वन्द्व र क्रियाकलाप रोचक र सुहाउँदो हुनुपर्दछ ।

उपन्यासमा उपन्यासकारले आफ्नो रुचि, प्रभावकारिता तथा कौशल प्रदर्शन गर्नको लागि विविध ढाचाँको अवलम्वन गरेर कथानकको निर्माण गरेको हुन्छ । उपन्यासमा निहित आदिदेखि अन्त्यसम्मका विविध घटनावलीको

---

[९७] कृष्णचन्द्रसिंह प्रधान, 'नेपाली उपन्यास र उपन्यासकार', पूर्ववत्, पृ.१० ।

संयोजनको अवस्था कथानकको ढाचँा हो । यस्तो ढाचँालाई मुख्यतया : रैखिक र वृत्ताकारीय गरी दुई प्रकारमा राखिएको हुन्छ ।

जुन कथानक आदि मध्य र अन्त्यसम्म श्रृङ्खलाबद्ध भएर रेखाका रूपमा अगाडि बढेको हुन्छ, त्यसलाई रैखिक ढाचँाको कथानक भनिन्छ । यस्तो कथानकमा पूर्वदीप्तिको प्रयोग गरिएको हुँदैन । यस्तो उपन्यासमा कथानक पछाडि फर्कदैन र उपन्यास वर्तमानबाट भविष्यतिर लम्किरहेको हुन्छ । जस्तै : लीलबहादुर क्षेत्रीको 'बसाइँ' विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' जस्ता उपन्यास रैखिक कथानक ढाचँाका दृष्टान्त हुन् ।

वृत्ताकारीय ढाचँा अन्तर्गत कथानकका अङ्गलाई सरल रेखामा अगाडि नबढाएर पूर्वदीप्तिका माध्यमबाट उपन्यासमा राख्दा क्रमबद्धतामा विचलन हुने गर्दछ र कथानक भुमरीझैं घुमेको अवस्थामा प्रकट हुन्छ । जुन विन्दुमा कथानक समाप्त भएको छ, त्यही विन्दुबाट कथानकको प्रारम्भ हुने हुँदा यस ढाचँाले विशिष्टता प्राप्त गरेको हुन्छ । पूर्वदीप्तिको प्रयोग नै त्यस्तो विशेषता हो, जसले रोचकता र कुतूहलताको सम्मिश्रण गरेर सम्पूणै उपन्यासलाई नै नवील संरचना प्रदान गर्दछ ।[९८] जस्तै : विजय मल्लको 'अनुराधा' ध.च. गोतामेको 'घामका पाइलाहरू ' उपन्यासको कथानक वृत्ताकारीय ढाचँामा रचना गरिएको छ ।

कथानक उपन्यासको मुख्य आधारशीला स्तम्भ हो । यसमा कुतूहल र द्वन्द्वको ठूलो भूमिका रहेको हुन्छ । कथानक आदि , मध्य र अन्त्य जहाँबाट आरम्भ गरिए पनि यो चरमोत्कर्षमा पुग्नु अपरिहार्य छ र चरमोत्कर्ष पश्चात् विस्तारै-विस्तारै उद्देश्य प्राप्तितिर लम्कंदै कथानकको समाप्ति हुनुपर्दछ । उपन्यासको निर्माणमा कथानकको बलियो भूमिका स्पष्टरूपमा परिलक्षित भएको हुन्छ ।

### ३.१.३.२ चरित्र र चरित्रचित्रण

उपन्यासको संरचनामा रहेका विविध तत्वहरूमध्ये दोस्रो तथा महत्वपूर्ण तत्वको रूपमा चरित्र र चरित्रचित्रणलाई लिइन्छ । उपन्यासमा देखिने मानवीय तथा मानवेतर र प्राणीलाई चरित्र भनिन्छ । चरित्रलाई पात्र पनि भनिन्छ ।

[९८] कृष्णहरि बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ.२८ ।

उपन्यासमा चरित्रको भूमिका देखाउँने ढङग्लाई चरित्रचित्रण भनिन्छ । अर्थात् पात्रको सम्वाद तथा कार्यव्यापारलाई चरित्रचित्रण भनिन्छ । चरित्र आख्यानको प्रतिनिधि व्यक्ति हो । उपन्यास मानव जीवनको संसार हो । यसको रचना मानव जीवनसँग सम्बद्ध भएर गरिएको हुन्छ ।

कथानक उपन्यासको कङ्काल हो भने त्यसलाई प्राण भरेर सजीव तुल्याउने काम चरित्र वा पात्रले गरेको हुन्छ । मानव जीवनको व्यापक अर्थ उतार्ने तत्व नै चरित्र हो ।[९९] चरित्र भनेको मानिसका आन्तरिक र वाह्य पक्षका प्रवृत्तिको समुद्घाटन गर्ने तत्व हो । चरित्रको चित्रणमार्फत व्यक्ति तथा वृहत् समाजको उद्घाटन गर्ने तत्व हो । चरित्रको चित्रणमार्फत व्यक्ति तथा वृहत समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । काल्पनिक पात्रको माध्यमले उपन्यासमा जीवनजगत्लाई यथार्थ चित्रण गर्ने मात्र होइन, कथानकलाई आवश्यक गति र उचित मार्ग निर्देश समेत गर्दछ । चरित्रहरू उपन्यासको विचार वा सारतत्वलाई संवहन गर्ने माध्यम भएकाले उपन्यासकार उपन्यासमा के कस्तो विचारको प्रकटीकरण गर्न चाहन्छ र उसको जीवनजगत् सम्बन्धी कस्तो दृष्टिकोण छ भन्ने चरित्रको प्रस्तुति र कार्यव्यापारबाट अवगत हुन आउँदछ । उपन्यासमा प्रत्येक चरित्रको रूप र बिम्व फरक किसिमले निर्धारण गरिने हुँदा सामान्यतया पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने कार्य गरेको हुन्छ । स्रष्टा पात्र माथि निर्भर रहेको हुन्छ । स्रष्टाले पात्रमा निश्चित नैतिक र अभिवृत्ति प्रकट गराउने हुँदा पात्रहरूको संसार भिन्दै हुन्छ जुन सम्वाद र क्रियाद्धारा व्यक्त हुन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ । चरित्रको चयन गर्दा उपन्यासको कथानकलाई सुहाउँदो हुनुपर्दछ । पात्रहरू समाजका विभिन्न पाटाबाट टिपिएका हुन्छन् र तिनीहरूमा फरक-फरक प्रवृत्तिहरू आरोपित गरिएको हुन्छ । जसको कारण पाठक वर्गलाई उपन्यास पढ्दा पात्रद्धारा गरिएका कार्य आफैले भोगेका र गरेका जस्ता लाग्दछन् । उपन्यासका पात्रहरू मानवीय मात्र नभएर मानवेत्तर पनि हुन्छन् । मानवेत्तर पात्र भएपनि तिनमा मानवीय प्रवृत्ति आरोपित गरिएको हुन्छ । यसरी पात्र वा चरित्र मानवीय वा मानवेत्तर जड पात्र जुनसुकै होस्

[९९] राजेन्द्र सुवेदी 'नेपाली उपन्यास परम्परा र प्रवृत्ति', पूर्ववत्, पृ.१७ ।

यिनीहरूकै उपस्थिति तथा माध्यमबाट उपन्यासको कथानकले गति लिएको हुन्छ ।

उपन्यासमा प्रशस्तै पात्रहरू हुन्छन् । उपन्यासमा निर्वाह गरेको भूमिका अनुसार पात्र वा चरित्रलाई विभिन्न वर्गमा राख्न सकिन्छ । कथानक र वातावरणको फरकपनले गर्दा पात्र वा चरित्रका गुणहरू परिवर्तन हुन पुग्दछन् । उपन्यासमा प्रयोग गरिने चरित्रहरूको कार्य र गुणको प्रकारान्तरले देखिने चरित्रका प्रकार निम्न छन् :[१००] गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक । कथानकले मागे अनुसारको पात्रहरूको चयन वा छनौट गर्नु बढी महत्वपूर्ण र सान्दर्भिक हुन्छ ।

उपन्यासमा देखापर्ने चरित्रहरू विविध विशेषताहरू लिएर देखापरेका हुन्छन् । माथि उल्लिखित चरित्रका प्रकारहरू पनि वर्गीकरणका केही आधार हुन् भने निम्नलिखित आधारहरू पनि महत्वपूर्ण रहेका छन् । यस्ता आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति , स्वभाव, जीवनचेतना, आसन्नता र आवद्धता पर्दछन् ।[१०१]

- कार्यका आधारमा - यस आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गमा हुन्छन् । सबैभन्दा बढी कार्यमूल्य भएको पात्र प्रमुख, त्यो भन्दा घटी कार्यमूल्य भएको सहायक पात्र र ज्यादै थारै कार्यमूल्य भएको पात्र गौण हुन्छ । उपन्यासमा आदिदेखि अन्त्यसम्म आउने पात्र प्रमुख पात्र हो ।
- लि ̈का आधारमा – यस आधारमा पात्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गमा रहेका हुन्छन् । पात्रको नामाकरण, वर्णन र तिनका स्वभावदेखि लिङ्गाधार छुट्याउन सकिन्छ ।
- प्रवृत्तिका आधारमा – यस आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई वर्गमा रहेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह रहेमा पात्र अनुकूल वा सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह रहेमा पात्र प्रतिकूल वा असत् हुन्छ । पात्रहरूको कार्य, लिङ्ग र प्रवृत्तिका आधारमा नै उपन्यासका नायक-सहनायक, नायिका-सह-नायिका, खलनायक-खलनायिका छुट्टयाउन सकिन्छ ।

[१००] कृष्णहरि वराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ. ३०-३१ ।

[१०१] मोहनराज शर्मा, 'समकालीन समालोचना सिद्धान्त र प्रयोग', पूर्ववत्, पृ.१७४-१७५ ।

- स्वभावका आधारमा – स्वभावका दृष्टिले पात्रहरू गतिशील र गतिहीन गरी दुई वर्गका रहेका हुन्छन् । परिस्थितिअनुसार आफूमा परिवर्तन ल्याउने पात्र गतिशील हुन्छ भने परिस्थिति बदलिए पनि विचलन नआउने स्वभावको पात्र गतिहीन हुन्छ ।
- जीवनचेतनाका आधारमा – यस दृष्टिकोणले पात्रहरू वर्गीय र व्यक्तिगत गरी दुई वर्गमा पाइन्छन् । सामाजिक वर्गको भूमिका निर्वाह तथा प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने नीजि स्वभाव तथा नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ ।
- आसन्नताका आधारमा – यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा देखिएर कार्यव्यापार वा सम्वाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ ।
- आबद्धताका आधारमा – यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारमा पाइन्छन् । उपन्यासबाट बद्ध पात्रलाई निकालेमा कथानकको संरचना विग्रिन्छ भने मुक्त पात्रको खासै स्थान नहुने हुँदा तिनलाई निकाल्दा पनि कथानकमा त्यति असर पर्दैन ।

उपन्यासका चरित्रहरू बीच हुने सम्वादको अहम् भूमिका रहेको हुन्छ । सम्वादले उपन्यासको कथानकलाई अघि बढाउन ठूलो भूमिका गर्दछ । सम्वाद वा कथोपकथन भन्नु नै पात्र-पात्राबीचको कुराकानी हो । सम्वादले कथानकमा आउने घटना र कार्यव्यापारलाई सुसङ्गठित गरेको हुन्छ । पात्रहरूबीच हुने सम्वाद सुमचित र नाटकीय प्रभाव दिने हुनुपर्दछ । सम्वाद पाठकका लागि सजिलो, स्वस्थ, हलचल मच्चाउने र रोचक समेत भएको हुनुपर्दछ । यसरी उपन्यासको कथानकलाई रसिलो, कसिलो र रोमाञ्चक पानसरसंवेद्य बनाउन सम्वादको आवश्यकता रहेको हुन्छ । सङ्क्षिप्तता नै सम्वादको सार्थकता हो भने पात्रका स्तरअनुकूलको सम्वाद यथार्थको अनुकृति हो ।[१०२] उपन्यासमा प्रत्यक्ष र नाटकीय दुवै विधिको समायोजनमा चरित्रचित्रण गर्नु उपयुक्त हुन आउँदछ ।

[१०२] कृष्णहरि वराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ. ३६ ।

### ३.१.३.३. पर्यावरण

उपन्यासको संरचना अन्तर्गत पर्यावरण अर्को महत्वपूर्ण तत्व हो । उपन्यासकारले उपन्यासमा समाजका यावत् कुरालाई उतार्न सक्नुपर्दछ । उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान, समय, वातावरण अथवा घटनाहरू घटित हुने वस्तु जगत्लाई पर्यावरण भनिन्छ । जुन समाजमा बसेर उपन्यास लेखिन्छ , त्यस समाजमा घट्ने घटना, त्यसवेलाको समय र त्यहाँ हुने परिस्थिति, बानी, बोलीचाली, चालचलन, संस्कृति आदिलाई पात्रका माध्यमद्धारा उपन्यासमा त्यसको चित्र उतार्ने काम गरिएको हुन्छ । पर्यावरण शब्दअन्तर्गत देशकाल र वातावरण समाविष्ट रहेको हुन्छ ।

उपन्यास देशकाल तथा वातावरण केन्द्रित भएर लक्ष्योन्मुख हुन्छ । देशकाल र वातावरणविना उपन्यासकारले कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न सक्दैन ।[१०३] उपन्यासमा घटना र पात्रको चाँजोपाँजो मिलाउन देशकालले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । उपन्यासमा देशकालको उचित संयोजनले चरित्र र घटनाले गरेका कामहरूको विश्वसनीयतामा वृद्धि हुन आउँदछ ।

देश कालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । यसमा जीवनका कथा, रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधार र परिवेश जस्ता तत्वहरू पर्दछ ।[१०४] यसर्थमा देशकालले चरित्रले कार्य गरेको ठाउँ, पात्रको सामाजिक भावभूमि, रीतिस्थिति आदिको समष्टि स्वरूप जनाउँदछ । उपन्यासमा आउने पात्रहरू कुनै स्थान (भूगोल) विशेष र समय विशेषसँग सम्वद्ध रहेका हुन्छन् । देशकाल समाजको बाहिरी पक्षसँग सम्बद्ध हुने हुनाले यो दृश्यात्मक पनि हुन्छ । देशकाल स्थानीय रङ्गले भरिएको वा आञ्चलिकता उन्मुख पनि हुनसक्दछ । स्थानीय रङ्ग भन्नाले भिन्न स्थानको विशिष्टता प्रदान गर्ने भाषिक रीतिस्थिति, भेषभूषा, जीवनस्तर, सोचाइका दिशा तथा अनुभवको विशिष्टीकरणलाई जनाएको हुन्छ ।

देशकाल र वातावरणले उपन्यासको कथानकलाई अगाडि बढाउन सहयोग गर्दछ । यसले दृश्यात्मकताका साथै यथार्थपरकता बनाउन अहम् भूमिका निर्वाह गर्दछ । जुन स्थान र समयमा उपन्यासको निर्माण हुन्छ त्यो

---

[१०३] कृष्णचन्द्रसिंह प्रधान , 'नेपाली उपन्यास र उपन्यासकार', पूर्ववत्, पृ.१३ ।

[१०४] कृष्णहरि बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ. ३६ ।

देशकाल हो । यसको वाह्यपक्षसँग सम्बन्ध रहने हुँदा यसले उपन्यासमा बाहिरी सौन्दर्यको झझल्को दिन्छ । वातावरण पात्रको आन्तरिक मनोभावनासँग सम्बद्ध रहेको हुन्छ । यसले उपन्यासका अध्येताहरूमा माया, दया, सहानुभूति, दुःख , रिस, वेदना, विषाद जस्ता भाव प्रकटीकरण गर्नमा सहयोग पुऱ्याउँदछ । वास्तवमा औपन्यासिक कथानक देशकाल र वातावरणको वाह्य र आन्तरिक दुवै सौन्दर्यबाट नै अगाडि बढेको हुन्छ । देशकाल र वातावरणको सजीव चित्रणले उपन्यासलाई साहित्यिक, काव्यात्मक र आलङ्कारिक समेत बनाउन सहयोग पुऱ्याएको हुन्छ ।

### ३.१.३.४ सारवस्तु

कुनै पनि कार्य गर्दा केही न केही प्रयोजन वा उद्देश्य प्राप्तिका लागि गरिन्छ । त्यस्तै उपन्यासकारले पनि कुनै न कुनै प्रयोजन वा सारवस्तु प्रस्तुत गर्नका लागि उपन्यासको संरचना गरेको हुन्छ । उपन्यासको सारवस्तु भन्नु नै त्यसको अर्थ हो । उपन्यासको निचोड वा उपन्यासको उद्भवको बीज र उद्देश्य वा परिणति पनि सारवस्तु नै हो । यसले नै लेखकको जीवन दर्शनको भार पनि वहन गरेको हुन्छ ।[१०५] यसरी उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ अर्थात् यो उपन्यासको केन्द्रीय भाव हो । उपन्यासकारले उपन्यासका पात्रहरूद्धारा आफ्ना विचार धारणा वा जीवनदर्शनलाई व्यक्त गरेका हुन्छन् । यसरी हेर्दा उपन्यासमा चित्रित जीवनजगत्को दर्शन नै उपन्यास लेखनको सारवस्तु हो ।

उपन्यासमा सारवस्तु कै माध्यमले सन्देश वा उद्देश्यको अनावरण गरिएको हुन्छ । किनकी सारवस्तु कलात्मक प्रस्तुति नै उपन्यासको सन्देश वा उद्देश्य हुन आउँदछ । उपन्यासमा प्रयोग गरिने सारवस्तुलाई प्रस्तुतिकरणका दृष्टिले दुई भागमा बाड्न सकिन्छ । ती हुन् : स्थानीय र विश्वजनीन ।
स्थानीय सारवस्तुले कुनै देशकालमा मात्र सङ्कुचित भएर त्यसको सत्यको उद्घाटन गर्दछ भने विश्वजनीन सारवस्तुले मानवजीवन दर्शनको शाश्वत सत्यको खोजी गर्ने काम गर्दछ ।

---

[१०५] कृष्णहरि वराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ. ४१ ।

सारवस्तु उपन्यासलाई शशक्त पार्ने अति महत्वपूर्ण तत्व हो । यसलाई कुनै अर्ति उपदेश दिने हेतुले सोझो रूपमा अभिव्यक्त गरिन्छ भने त्यसबाट उपन्यासको कलात्मक सौन्दर्यको मूल्य पनि घट्दछ तर यसलाई सिधा बौद्धिकताका साथ विचार पक्षलाई केही अनुभूति र संवेदनाका भावलाई मिश्रण गरेर व्यक्त गर्दा त्यो दीर्घ प्रभावयुक्त ठहर्दछ । यसमा पाठकलाई सारवस्तु बुझ्न त्यहाँका प्रत्येक शब्द-शब्द, वाक्य-वाक्यलाई बुझ्नुपर्ने हुन्छ । यसका साथै सारवस्तुलाई छरपस्ट पारी प्रत्येक ठाउँमा प्रयोग गर्न सकियो भने पाठक त्यसको अर्थ बुझी सारवस्तुको सौन्दर्यमय अनुभूतिमा आनन्द आउँदछ । उपन्यासको अर्थ केवल एउटा विचारको प्रतिपादन गर्ने मात्र होइन जीवनको दृष्टिकोणप्रतिको औपन्यासिक संवेदना कसरी अनुभवसिक्त भएर आएको छ भन्ने कुराको उद्घाटन गर्ने हो ।

उपन्यासको सारवस्तुको कलात्मक प्रस्तुतिकरण उपन्यासको उद्देश्य हो अर्थात् एउटा खास जीवन दर्शनमा आधारित रही पुनः सिर्जना गरिएको वृहत् आख्यानका माध्यमबाट पाठकलाई खास संज्ञा प्रदान गर्नुका साथै उसको सौन्दर्य, रुचि वा आकाङ्क्षा समेतको शमन वा विरेचन गर्नु उपन्यासको उद्देश्य ठहरिन आउँदछ ।

### ३.१.३.५ भाषाशैली

भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो । भाषा साहित्यको सर्वस्व हो । उपन्यासमा भाषाको महत्वपूर्ण स्थान रहेको हुन्छ । भाषाबिना उपन्यासको स्वरूप निर्माण हुन सक्दैन । उपन्यास भाषिक कलाको विशिष्ट रूप हो र यो भाषिक कलाको सुन्दर बगैंचा हो । समाजको यथार्थतालाई ग्रहण गर्ने साहित्यिक विधा भएकाले उपन्यासमा गद्य भाषाको प्रयोग हुन्छ । समकालीन जीवनलाई राम्ररी व्यक्त गर्न सक्षम हुने हुँदा उपन्यासमा मानव जीवनको यावत् पक्षहरूको चित्रण भाषाका माध्यमबाट नै गर्नुपर्ने हुन्छ । त्यसकारण यसमा भाषा शक्तिशाली भएर देखापर्दछ । काव्य श्रव्यप्रधान हुन्छ, नाटक दृश्यप्रधान हुन्छ भने उपन्यास पाठ्यप्रधान हुन्छ । कथ्य विषयलाई पाठक समक्ष प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने सामग्री उपन्यासकारसँग भाषाबाहेक अरु केही हुँदैन ।[१०६]

---

[१०६] कृष्णहरि वराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ. ४२ ।

यसरी उपन्यासकारले कथ्य विषयलाई पाठकसमक्ष पुऱ्याउने एक सशक्त माध्यम भाषा हो ।

भाषाद्धारा नै उपन्यासले आफ्नो मूर्त रूप धारण गर्दछ । साहित्य वा काव्यमा प्रयोग गरिने भाषा आलाङ्कारिक र विशिष्ट प्रकृतिको हुन्छ; यसले व्याकरणिक नियम सङ्गतिलाई तोडमोड गर्दै उपयुक्त शब्दको चयन गरेको हुन्छ । त्यस्तै उपन्यास पनि साहित्यिक विधा भित्र पर्ने भएकाले यसमा विशिष्ट र स्थानीय वा भाषा र भाषिका गरी दुबै खाले भाषाको प्रयोग गरिन्छ । यसमा पात्रलाई सुहाउँदो र उसको स्तर अनुरूपको भाषाको चयन उपन्यासकारले गर्दछ । उपन्यासमा कथानक र चरित्रलाई विश्वसनीयता र जीवन्तता प्रदान गर्ने खालको भाषाको प्रयोग गरिनुपर्दछ । विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर उपन्यासकारले भाषाका विविध रूप वा सामाजिक भाषिकाको पनि प्रयोग गर्नुपर्दछ । भाषा उच्च, मध्यम र निम्न गरी तीन प्रकारका हुन्छन् । उच्च भाषा कुलीन वर्ग वा धनाढ्य वर्गका पात्रले बोल्ने गर्दछन् । यो गम्भीर, औपचारिक र स्तरीय हुन्छ । संस्कृत तत्सम शब्दका प्रयोगले बोझिलो हुने हुँदा सर्वसाधारणका लागि कठिन हुन्छ । मध्यम खालको भाषा सबै पात्रले बोल्ने भाषा हो । निम्न स्तरको भाषा चाहीँ निम्न र तल्लो वर्गका पात्रले बोल्ने भाषा हो । यो अनौपचारिक हुन्छ । यसमा अपूर्ण वाक्य र थेगोको प्रयोग पात्रले प्रशस्तै गरेका हुन्छन् ।

शैली भाषाका माध्यमले गरिने अभिव्यक्तिको नीजि तरिका हो । उपन्यासकारको निजत्वको विशिष्ट रूप नै शैली हो । मोहनराज शर्मा भन्छन्- रचनाकारको विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ । शैली उपन्यासको सूक्ष्म तत्व हो भने भाषा यसको स्थूल तत्व हो । उपन्यासकारले भाषालाई नयाँ र मौलिक ढङ्गले प्रयोग गर्दछ । त्यही मौलिकत्व नै उपन्यासकारको प्रस्तुतीको शैली हो । उपन्यासमा व्याकरणिक मानक भाषालाई भाँचभुँच गरी कथ्य भाषाका रूपमा समेत प्रयोग गरिन्छ । आधुनिक उपन्यासको भाषामा नयाँ-नयाँ शैलीको प्रयोग भएको हुन्छ । वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, नाटकीय, पत्रात्मक, दैनिकी तथा चेतनप्रवाह शैलीको प्रयोग हुनु आधुनिक उपन्यासको भाषाशैलीगत उपलब्धि

मान्नुपर्ने हुन्छ । उपन्यासमा भाषा र शैली एकअर्काका पूरक र अनिवार्य तत्व हुन् ।

समग्रतामा उपन्यासको भाषा सम्प्रेषणीय र पर्यावरणसँग मेल खाने हुनुपर्दछ । यसको गद्यभाषा क्लिष्ट र जटील नहुनु राम्रो हुन्छ । पात्रको स्तर अनुरूप भाषाको चयन हुनुपर्दछ र यस्तो भएमा उपन्यासकारको कौशलता र शिल्पताको पनि प्रदर्शन हुन आउँदछ । उपयुक्त भाषाको छनौटले उपन्यासलाई उच्चस्तरीय र रोमाञ्चकारी समेत बनाउँदछ ।

## सहायक तत्व


### ३.१.३.६ दृष्टिबिन्दु

उपन्यासको संरचना गर्दा आवश्यक पर्ने अनिवार्य तत्व दृष्टिबिन्दु हो । उपन्यासमा कथावाचकको स्थान दृष्टिबिन्दु हो अर्थात् उपन्यासमा वाचन गर्न आफू बस्नका रोजेको विन्दु वा स्थान हो । उपन्यासकारले कुनै पात्रका माध्यमद्धारा वा स्वयंले आख्यान प्रस्तुत गर्दछ । यो त्यस्तो स्थान हो, जहाँ उभिएर समाख्याता उपन्यासका घटना र पात्रका बारेमा व्यक्त गर्दछ । उपन्यासभित्र कतै समाख्याता स्वयम् पात्रका रूपमा उपस्थित भई कथावाचन गरिरहेको हुन्छ भने कतै उपन्यास भन्दा बाहिर उभिएर कथावाचन गरिरहेको हुन्छ । यस आधारमा दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् ।

क) वाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु र

ख) आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु ।

दृष्टिबिन्दुका प्रकारलाई आरेखमा यसरी देखाउन सकिन्छ :-




तृतीय पुरुष (ऊ) पात्रबाट कथा प्रस्तुत गर्ने पद्धति वाह्य दृष्टिविन्दु हो जसमा कुनै एउटा अदृश्य व्यक्तिले उपन्यासका विभिन्न पात्र, तिनका क्रियाकलाप, गतिविधि, परिवेश, विचार आदिको विवरण दिएको हुन्छ ।[१०७] तृतीय पुरुष दृष्टिबिन्दुमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ । कथयिता घटना स्थलभन्दा बाहिर बसेर कथाको विवरणलाई प्रस्तुत गर्दछ । उपन्यासमा घटनाको विवरण दिने अधिकारका आधारमा कथयितालाई सर्वज्ञ वाह्य दृष्टिबिन्दु र सीमित दृष्टिबिन्दु गरी दुई प्रकारमा विभाजन गरिएको हुन्छ । उपन्यासको कथावाचकले कथानकमा घटेका प्रत्येक कुरालाई सर्वज्ञ झैं बनेर घटनाको विवरण दिन्छ र ऊ सर्वदर्शिता र सर्वज्ञाताका साथै भूत, वर्तमान र भविष्यका वारेमा जान्दछ । सर्वज्ञ वाह्य दृष्टिबिन्दुका पनि दुई भेद छन् : हस्तक्षेपी र निर्वैयक्तिक ।

हस्तक्षेपी दृष्टिबिन्दु भएका उपन्यासमा लेखक (उपन्यासकार) ले मात्र विवरण दिएको हुन्छ र निर्वैयक्तिक दृष्टिविन्दु भएको उपन्यासमा लेखकले नाटकीय सम्वादको प्रस्तुति गराएर आफू (लेखक) दूर रहेको हुन्छ । सीमित दृष्टिबिन्दु भएको उपन्यासको कथयिताले सर्वज्ञ जस्तो सम्पूर्ण कुराको विवरण

---

[१०७] घनश्याम नेपाल, 'आख्यानका कुरा', पूर्ववत्, पृ.६३ ।

दिदैंन । यसमा कथयिताले कथावाचन गर्दा आफूलाई कुनै पात्र वा घटनाको अनुभव र विचारमा लुप्त गराउँदै सीमित पक्षबाट मात्र घटना वा पात्रको बारेमा वर्णन गर्दछ ।

उपन्यासको कथालाई प्रथम पुरुष (म) पात्रद्धारा प्रस्तुत गरिएको छ भने त्यो आन्तरिक दृष्टिबिन्दु हुन्छ । उपन्यासकारले 'म' का माध्यमबाट कथानक प्रस्तुत गर्दछ । आन्तरिक दृष्टिबिन्दु भएको उपन्यासमा कथयिताले पात्र वा घटनाको वर्णन गर्दा आफूलाई उपन्यासभित्र संलग्न गराउने हुँदा उपन्यासमा भनिएका कुराहरू आत्मकथामा जस्तै गरी आएका हुन्छन् । पात्रको कार्यको आधारमा आन्तरिक दृष्टिबिन्दुलाई दुई वर्गमा विभाजन गरिएको छ । केन्द्रीय आन्तरिक दृष्टिबिन्दु र परिधीय आन्तरिक दृष्टिबिन्दु । 'म' पात्र यदि सामान्य कथावाचक मात्र नरहेर कथाको मूलपात्र समेत छ भने त्यो केन्द्रीय आन्तरिक दृष्टिबिन्दु हो । केन्द्रीय दृष्टिबिन्दुले उपन्यासमा कथाको वर्णन गर्दा आफ्ना जीवनमा घटेका घटनाहरू र अनुभवहरूलाई आफ्नै ढङ्गबाट अभिव्यक्ति गरेको हुन्छ । केन्द्रीय दृष्टिबिन्दु ठीक विपरित परिधीय, दृष्टिबिन्दुमा कथयिता पात्रको सक्रिय भूमिका वहन हुँदैन । यस दृष्टिबिन्दुमा उपन्यासको कथयिता त्यसको पात्र भएपनि केन्द्रीय घटना र चरित्रभन्दा अलिक टाढा बसेर वृत्तान्त सुनाइरहेको हुन्छ ।

समग्रमा दृष्टिबिन्दु भनेको पात्रसँग सम्बन्धित रहेर उपन्यासको कथानकलाई प्रस्तुत गर्ने पद्धति वा तरिका हो, जसमा कथयिता वा कथावाचकको समुपस्थिति अपरिहार्य हुन्छ ।

### ३.१.३.७ प्रतीक र बिम्ब

उपन्यासको संरचना अन्तर्गत प्रतीक र बिम्ब पनि तत्व हुन् । उपन्यासकारले उपन्यासको संरचना गर्दा आ-आफ्नो खुबी विशेषले त्यहाँ प्रतीक र बिम्बको उपस्थिति गराउँदछन् ।

प्रतीक भनेको उपन्यासमा मूर्त भाव वा अव्यक्त कथ्यलाई व्यक्त गर्नका निम्ति प्रयोग गरिने मूर्त वस्तु हो । यसले एकातिर अमूर्त र अव्यक्त भावलाई मूर्तता र अभिव्यक्ति दिने र काम गर्दछ भने अर्कातिर धेरै शब्द खर्चेर भन्नुपर्ने

कुरालाई थोरै शब्दमा चट्टसित भनिदिन्छ ।[१०८] यसरी प्रतीकका रूपमा थोरै शब्दले पनि विस्तृत अर्थद्योतन गर्दछ । उपन्यासमा प्रतीकको समुचित प्रयोग गर्नाले त्यसको कलात्मक सौन्दर्य बढ्छ र पाठकको सामान्य चेतना स्थितिलाई उचालेर विशिष्ट स्थितिमा पुऱ्याइँदिन्छ तर यसो हुन नसकेमा उपन्यासको कलात्मक सौन्दर्यको अवमूल्यन पनि हुनसक्दछ ।

उपन्यास आफैमा एउटा भाषिक प्रतीक भएकाले उपन्यासकारले प्रतीकलाई विभिन्न तरिकाद्धारा प्रयोगमा ल्याउँदछन् । उपन्यासमा प्रतीकको प्रयोग कहीं शब्दद्धारा भएको हुन्छ भने कतै सम्पूर्ण सारवस्तु नै प्रतीक भएर आएको हुन्छ त कतै पात्र वा शीर्षक नै प्रतीकात्मक बनेर आएका हुन्छन् त कहींकतै परिवेश पनि प्रतीक भएर आउँदछ । उदाहरणको रूपमा रूपनारायण सिंहको **भ्रमर** उपन्यासको शीर्षक नै प्रतीकात्मक रूपमा रहेको छ ।

खासगरी उपन्यासमा प्रयोग गरिने प्रतीक दुई प्रकारका हुन्छन् । ती हुन् -वैयक्तिक र सार्वभौम वा विश्वजनीन । वैयक्तिक प्रतीक व्यक्ति वा उपन्यासकारको मौलिक वा परिवेश, स्थान, घटना र कथानक अनुसार सिर्जना गरिएको हुन्छ भने सार्वभौम वा विश्वजनीन प्रतीक चाहीँ सर्वत्र मान्य ग्राह्य रहेको हुन्छ अर्थात् सबैले बुझ्ने सुबोध्य हुन्छ । उदाहरणको रूपमा सेतो परेवा → शान्तिको प्रतीक । प्रतीकले अभिधार्थ भन्दा व्यञ्जना अर्थ आधिक्य रूपमा बोकेर आउँदछ । प्रतीकको विशिष्ट प्रयोग मनोवैज्ञानिक उपन्यासमा पनि पाइन्छ । लेखकहरूले आधुनिक उपन्यासमा प्रतीकको प्रयोगमा बढी चाख लिएको पाइन्छ ।

उपन्यास पठन गर्दा पाठकको मस्तिष्कमा कथानक, स्थान, पात्र घटना आदिको चित्रको जुन छाप मानसपटलमा कोरिन्छ वा पर्न आउँछ, त्यो नै बिम्ब हो अर्थात् बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छाप वा छायाँ हो । उपन्यासमा बिम्बको नक्सा कोरिदिने काम भाषाले गर्दछ । बिम्बले अमूर्त रूपलाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ ।[१०९] बिम्बले प्रतीकमा जस्तो मूर्त वस्तुको सहयोग लिदैंन र यसको भाषा संवेदनाको सामीप्य हुन्छ जसकारण मानिसको आत्मालाई स्पर्श गर्ने क्षमता राखेको हुन्छ । बिम्बको भाषा अभिव्यञ्जनात्मक हुन्छ र यसले पाठक वर्गलाई कलात्मक आनन्द दिन्छ । यसरी

---

[१०८] घनश्याम नेपाल, 'आख्यानका कुरा', पूर्ववत्, पृ. ७१ ।

[१०९] कृष्णहरि वराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत् , पृ. ४५ ।

उपन्यास पढ्दा पाठकको मन, मस्तिष्कमा जुन छाप वा प्रभाव पर्दछ त्यो नै बिम्ब हो । बिम्बले भाषा र भनाइलाई एकाकार पार्ने काम पनि गर्दछ । अहिलेका आधुनिक उपन्यासमा बिम्बले मस्तिष्कको गुजुल्टो खोल्ने काम प्रभावकारी ढङ्गले गरेको देखिन्छ ।

### ३.१.३.८ गति र लय

गति र लय दुबै उपन्यास संरचना आवश्यक तत्व हुन् । उपन्यास घटनाहरूको कार्यकारण श्रृङ्खलाको आबद्ध रूप हो । उपन्यास घटनाहरूको संयोजन मात्र नभई यो समयको हिँडाइमा अडिएको हुन्छ । यसको कथानक विकासमा आएका श्रृङ्खलाको अभिव्यक्तिमा समयको तीब्रता वा मन्दता रहेको हुन्छ, त्यो नै गति हो । गति भनेको उपन्यासको कथानकको विकासमा रहेको वेग हो ।[११०] कथानकको हिँडाइ वा वेग उपन्यासमा प्रयोग भएको सम्वादको माध्यममा निर्भर गर्दछ । घटनाको तारतम्य वा संयोजन, शब्द प्रयोग, वाक्य प्रयोग, निपात आदिले पनि कथानकको गति सिर्जना गर्नमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।[१११] कथयिताले उपन्यासमा प्रयोग गर्ने भाषामा गतिको तीब्रता र मन्दता दुबै रहेको हुन्छ । तीव्र गतिले पाठकलाई सोचाइमा मग्न नबनाएर केवल कुतूहलको सिर्जना गरिदिन्छ भने मन्द गतिले वैचारिक गुम्फनमा सोचमग्न बनाइदिन्छ ।

उपन्यास पढ्दा समयको सचेत निर्वाह पनि अनुभूति हुने हुँदा गतिको वस्तुपरकता प्रमाणित हुन्छ । गतिकै सहयोगबाट क्रियाको द्वन्द्व पहिचान गर्न सकिन्छ भने उपन्यासको सारवस्तुमूलक गहिराइमा पुग्नका लागि पनि गतिको स्थिति विचार्नु पर्ने हुन्छ ।[११२] उपन्यासमा गति कुनै भावनात्मक तत्व नभएर वस्तुगत र अनुभवगम्य तत्व हो । खासगरी उपन्यासमा गतिको सिर्जना दुई प्रकारले गरिएको हुन्छ : दृश्यात्मक पद्धति र सङ्क्षेप पद्धति ।

दृश्यात्मक पद्धतिमा उपन्यासकार स्वयं दृश्यको रूपमा उभिएर प्रत्येक कुरा पाठक वर्गलाई पस्किरहेको हुन्छ । यस पद्धति अनुसार प्रत्येक घटनाको परिवेश, देशकाल, वातावरण, पात्रहरूको सम्वादद्धारा कथालाई प्रस्तुत गर्ने मात्र

---

[११०] कृष्णहरि वराल र नेत्र एटम, ‘उपन्यास सिद्धान्त र नेपाली उपन्यास’, पूर्ववत् , पृ. ४६ ।

[१११] घनश्याम नेपाल, ‘आख्यानका कुरा’, पूर्ववत् , पृ. ७९ ।

[११२] नेत्र एटम, ‘औपन्यासिक गति’ , समष्टि, (वर्ष २०, अङ्क २, २०५६) पृ. ४६ ।

नभएर पात्रको सामाजिक गतिविधि, रीतिस्थिति चालचलन मानसिक द्वन्द्व आदि यावत् कुरालाई समाहित गरिएको हुन्छ । यस पद्धति प्रयोग गर्न कथानक मन्द गतिमा अगाडि बढेको हुन्छ । सङ्क्षेप पद्धति अनुसार कथानक तीव्र गतिमा बढेको हुन्छ । त्यसैले यस पद्धतिमा विषय र कार्यव्यापारको चित्रात्मक विवरण नभई सूचनात्मक मात्र हुन्छ ।

यस पद्धितिमा प्रत्येक कार्यको सङ्क्षेपीकरण गरिने भएकोले यसमा पात्रको मनस्थिति, विचार घटनाको नाटकीकरण, सम्वाद आदि पक्षको विश्लेषण र विवरण नगरी केवल तीद्धारा व्यक्त हुने कुराको मूलसार मात्र खिचिन्छ । यसमा पाठकले घटनाको सङ्केत त प्राप्त गर्दछ तर चित्रात्मक विवरण भने पाउँदैन । दृश्यात्मक र सङ्क्षेप दुबै पद्धतिको आ-आफ्नै महत्व उपन्यासमा रहेको छ । दृश्यात्मक पद्धतिको उपयोग गरिएको उपन्यास पट्यारलाग्दो, अनावश्यक कुराहरूको लम्बेतान व्याख्या गरिएको, रोचकतामा निरसिलो वा खल्लोपन उत्पन्न हुने खालको हुन्छ भने सङ्क्षेप पद्धतिको मात्र प्रयोग गरिनाले पाठकले पढ्दा व्याख्या, विश्लेषण र बिम्बात्मक विवरणको रसपान गर्नबाट वञ्चित हुनपुग्दछ । त्यसैले यी दुई पद्धतिमध्ये कुनै एउटाको मात्र पद्धति उपयोग गरी लेखिएको उपन्यासभन्दा दुवैको समुचित प्रयोग गरी मिश्रित पद्धतिमा लेखिएको उपन्यास ज्यादा प्रभावकारी र कलात्मक बन्दछ ।

उपन्यासमा गतिको उतारचढावबाट तरङ्ग र तरङ्गबाट लयको सिर्जना हुन्छ ।[११३] लय भनेको अभिव्यक्तिको प्रचुरताभित्र रहने भावानुभूतिको तरलता हो । घटनाको सम्वादको विविधताबाट सिर्जित मिठास वा आनन्दानुभूति नै लय हो । उपन्यासमा घटना, शब्द, शब्दांश, वाक्यांश आदिको पुनरावृत्ति भइरहेको हुन्छ र यही विविध पुनरावृत्तिले उपन्यासमा लयको सिर्जना गर्दछ । गद्यभाषामा लय भनेको भाषिक ध्वनिबाट उत्पन्न हुने साङ्गीतिकताभित्र निहित मूर्च्छना हो । द्वन्द्वले गति र गतिले लयको उद्भव गराउने हुँदा उपन्यासको गद्यभाषालाई लयात्मक बनाउन कथानकमा रहेको द्वन्द्व तथा तनावले विशेष भूमिका खेल्दछ ।[११४] लयको सृष्टि पुनरावृत्तिबाट हुन्छ । निष्कर्ष कुरा यो हो कि घटनाहरूको जोडाइबाट कथानकको विकासमा रहेको हिँडाइ गति हो भने त्यही हिँडाइको

[११३] कृष्णहरि बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत् , पृ. ४७ ।
[११४] ऐजन ।

हलचल र पनरावृत्तिबाट सिर्जना हुने मिठास चाहीँ लय हो । अनुभूतिले पनि लयको सिर्जना गर्दछ ।

## ३.२ उपन्यासको प्रकारगत वर्गीकरण

उपन्यास आधुनिक साहित्यको नयाँ विधा हो । उपन्यासको अनेकौं स्वरूप र विषयगत विविधता पाइन्छ । उपन्यासको वर्गीकरण विभिन्न आधारमा गरिएको छ । उपन्यासको वर्गीकरण गर्दा मुख्य प्रवाहका उपन्यास र सस्ता उपन्यास गरी दुई भागमा वर्गीकरण गरिन्छ ।[११५] साहित्यिक परम्परामा मूल्य राख्न सक्ने उपन्यास मुख्य प्रवाहका उपन्यास हुन् भने कलात्मक हिसाबले कुनै मूल्य नभएका सामान्य मनोरञ्जनपूर्तिका लागि लेखिएका उपन्यास सस्ता उपन्यासमा पर्न आउँदछन् । साहित्यिक मूल्य, मान्यता र प्रवृत्तिका आधारमा वर्गीकृत गर्न सकिने उपन्यासलाई निम्न वर्गमा वर्गीकरण गरिएको छ, ती हुन् : विषयवस्तु, कथानक, शैली र धारागत ।

### ३.२.१ विषयवस्तुको आधारमा उपन्यासको वर्गीकरण

विषयवस्तु उपन्यासको कच्चा सामग्री हो । वर्णित विषयवस्तुको आधारमा उपन्यासलाई निम्नवर्गमा वर्गीकरण गरिएको छ । ती हुन् :-

#### ३.२.१.१ सामाजिक उपन्यास

समाजका साँस्कृतिक, धार्मिक, आर्थिक, राजनैतिक, सत्यतथ्य घटनालाई विषयवस्तु बनाएर लेखिएका उपन्यास सामाजिक उपन्यास हुन् । यसमा समाजको परिवेश, वर्ग, व्यवहार र अवस्थालाई समेटिएको हुन्छ । समाजका विविध विसङ्गति, विकृति, पीडा, व्यथा र वेदनाहरू उपन्यासका माध्यमबाट टिपेर व्यक्त गरिएको हुन्छ । सामाजिक धरातलमा लेखिएका उपन्यास, रुद्रराज पाण्डेको **रूपमती,** लीलबहादुर क्षेत्रीको **बसाइँ,** सामाजिक उपन्यासका दृष्टान्त हुन् । सामाजिक उपन्यासलाई सामाजिक विषयवस्तुका आधारमा आदर्शवादी, समस्याप्रधान, नीतिप्रधान र भावप्रधान गरी चार भागमा समेत वर्गीकरण गरेको पाइन्छ ।

---

[११५] कृष्णहरि बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत् , पृ. ५२ ।

### ३.२.१.२ सांस्कृतिक उपन्यास

साँस्कृतिक उपन्यासले कुनै खास समयको साँस्कृतिक पक्षलाई उदङ्ग्याउने उद्देश्य राखेको हुन्छ । यस्ता खाले उपन्यासमा संस्कार, रीतिरिवाज, परम्परा, रहनसहन आदिको विस्तृत चित्रण गरिएको हुन्छ । यस प्रकारका उपन्यासमा पौराणिक, ऐतिहासिक अथवा आधुनिक समयको संस्कार चित्रणमा बढी जोड दिएर लेखिएको हुन्छ । जस्तै : मदनमणि दीक्षितको **माधवी** दौलतविक्रम विष्टको **ज्योति ज्योति महाज्योति** साँस्कृतिक उपन्यास हुन् ।

### ३.२.१.३ साहसिक उपन्यास

साहसिक उपन्यासमा रहस्य, चमत्कार, साहसिक यात्रा, तिलस्मीपन एवम् ऐय्यारी आदि घटनाको प्राधान्य रहेको उपन्यास साहसिक उपन्यास हो । यस्ता उपन्यास घटनाप्रधान हुने र मानवीय घटनाको सिर्जना गर्नु र त्यसको बहादुरीपूर्वक शमन गरेर पाठकलाई आनन्द दिनु यस्ता उपन्यासको उद्देश्य रहेको हुन्छ । गिरीशवल्लभ जोशीको **वीरचरित्र** सदाशिव शर्माको **महेन्द्र प्रभा** साहसिक उपन्यासका उदाहरण हुन् ।

### ३.२.१.४ ऐतिहासिक उपन्यास

इतिहासको कुनै कालखण्डमा घटित घटनाबाट विषयवस्तु लिएर लेखिएको उपन्यास ऐतिहासिक उपन्यास हो । इतिहासबाट विषयवस्तु लिएको यस्ता उपन्यासमा इतिहाससँग सम्बद्ध घटना र पात्रहरूको छनौट गरी विगतका घटेका महत्वपूर्ण घटनाको बारेमा जानकारी दिन तथा त्यस समयका शासक, प्रशासकहरूका चारित्रिक सबलता र दुर्बलताको विवेचना तथा विश्लेषण गर्ने कार्य हुन्छ । यस्ता उपन्यासले युगविशेष घटनालाई विशेष स्थान दिएको हुन्छ । डायमन शम्सेर राणाको **सेतो बाघ, वसन्ती** ऐतिहासिक उपन्यासका राम्रा दृष्टान्त हुन् ।

### ३.२.१.५ मनोवैज्ञानिक उपन्यास

मनोवैज्ञानिक उपन्यासमा व्यक्तिमनका आन्तरिक यथार्थहरूको उद्घाटन गर्ने कार्य हुन्छ । फ्रायडको अचेतन, कामवृत्ति, ग्रन्थिसिद्धान्त, एडलरको व्यक्तित्व

रचना तथा जुङ्को सामूहिक अचेतन जस्ता सिद्धान्तको पृष्ठभूमिमा यस्ता उपन्यासको रचना भएको हुन्छ । मानव मनलाई चेतन, अवचेतन र अचेतन गरी तीन तहमा वाँडिएको छ । अवचेतन र अचेतनले चेतनलाई नियन्त्रण र प्रभाव पार्दछ । अवचेतन र अचेतन अवस्थामा रहेका मानिसका अतृप्त वासनाहरू अवसर पाउनासाथ जागृत हुन्छन् र त्यसैले मानिसलाई प्रभाव पार्ने काम गर्दछ । मनोवैज्ञानिक उपन्यासका माध्यमले मानिसभित्र रहेका यिनै भावहरू बुझ्न सकिन्छ । यस्ता उपन्यासहरूमा मानवका अन्तर्मनका कुराको विश्लेषण गरिन्छ । यस्ता उपन्यास चरित्र केन्द्रित हुने हुँदा मानसिकताको असामान्य स्थितिको चित्रण र मानसिक कुण्ठा, निराशा आदिलाई देखाउने कार्य गरिएको हुन्छ । गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** विश्वेश्वरप्रसाद कोइरालाको **नरेन्द्र दाइ** यस्तै उपन्यास हुन् ।

### ३.२.१.६ आञ्चलिक उपन्यास

आञ्चलिक उपन्यासमा स्थानीय रङ्गविवरणलाई विशेष महत्व दिइएको हुन्छ । यस्ता उपन्यासमा कुनै खास क्षेत्र तथा भौगोलिकतालाई समेट्दै त्यस क्षेत्रका मानिसले बोल्ने भाषाशैली , भेषभूषा, चालचलन, रहनसहन, रीतिरिवाज आदि कुराको स्पष्ट रूपमा दर्शाइएको हुन्छ । शङ्कर कोइरालाको **खैरेनीघाट** हिरण्य भोजपुरेको **छिटेन** यसै प्रवृत्तिका उपन्यास हुन् ।

### ३.२.१.७ जासुसी उपन्यास

जासुसी उपन्यासमा रहस्य, चमत्कार आदि तत्वको प्रधानता रहेको हुन्छ । उपन्यासकारले आफ्नो रहस्यमय कल्पना र स्वैरकल्पनाको जोडाइबाट यथार्थको सिर्जना गरी रोमाञ्चक उपन्यासको सिर्जना गर्दछ । यस्ता उपन्यास चोरी, हत्या, बलत्कार तथा अपराधी गतिविधिसँग निकटस्थ रहेका हुन्छन् । दीर्घबाहुको **डा डेमोन** एस.पी. आशाको **नक्कली औंठी** जासुसी महत्व राख्ने उपन्यास हुन् ।

### ३.२.१.८ जीवनीमूलक उपन्यास

कुनै राष्ट्रिय विभूति तथा महापुरुषहरूका जीवनकथामा आधारित भएर लेखिएको उपन्यास जीवनीमूलक उपन्यास हो । यसप्रकारका उपन्यासमा

ख्यातिप्राप्त व्यक्तिको जीवनलाई प्रतिपाद्य विषय बनाएर उपन्यासको रचना गरिएको हुन्छ । लैनसिंह बाङ्देलको **रेम्ब्रान्ट** जीवनीमूलक उपन्यासको नमुना हो ।

### ३.२.१.९ मिथकीय उपन्यास

आदिम मानवीय स्वभाव तथा कार्यक्रमहरूको वर्णन गरेको उपन्यास मिथकीय उपन्यास हो । यस्ता उपन्यासको कथावस्तु पुराण, दन्त्यकथा तथा जनश्रुतिबाट लिइएको हुन्छ । मिथकको पुनसिर्जनबाट जीवनका जटीलताहरू उद्घाटन गरिने यस्ता उपन्यासमा पाठकको मनस्थितिलाई आकर्षण गर्ने कला हुन्छ । पुराण तथा प्राचीन परम्पराबाट घटना लिएर वर्तमानको उद्घाटन गर्नु यस प्रकारका उपन्यासको उद्देश्य हो । विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** तथा **मोदिआइन**, राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** मिथकीय उपन्यासका नमुना हुन् ।

## ३.२.२ कथानकका आधारमा उपन्यासको वर्गीकरण

कथानक उपन्यासको महत्वपूर्ण तत्व मात्र नभई प्राण नै हो । कथानकको योजना र प्रधानताका आधारमा उपन्यास निम्न वर्गमा वर्गीकरण गरिएको छ :

### ३.२.२.१ चरित्रप्रधान उपन्यास

चरित्रको प्रधानता भएको, मनोवैज्ञानिक पक्षम केन्द्रित रहेको, पात्रहरूको मानसिकता चिरफार गरिएको उपन्यास चरित्रप्रधान उपन्यास हो । यसमा कथावस्तुभित्र चरित्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । घटित हुने उपन्यासका घटनाहरू पात्रका अधीनमा रहेका हुन्छन् । चरित्र अनुकूलको घटनाको संयोजन गर्नु चरित्रप्रधान उपन्यासको विशेषता हो । लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** चरित्र केन्द्रित उपन्यासका उदाहरण हुन् ।

### ३.२.२.२ घटनाप्रधान उपन्यास

घटनाप्रधान उपन्यासले व्यक्ति तथा सामाजिक जीवनमा घट्ने घट्नाहरूको वर्णन तथा विवरणलाई प्रधानता दिएको हुन्छ । यस्ता उपन्यासमा चरित्र कमजोर र कथानक सबल रहन्छ । पाठकलाई मनोरञ्जन प्रदान गराउन आकस्मिक घटनाको संयोजन गरी कौतुहलता उत्पन्न गराउनु यस्ता उपन्यासको प्रमुख उद्देश्य हो । जासुसी र साहसिक उपन्यास पनि घटनाप्रधान रहेका हुन्छन् । पारिजातको **अनिदो पहाडसँगै** यस्तै उपन्यास हो ।

### ३.२.२.३ मिश्रित वा चित्रात्मक उपन्यास

मिश्रित उपन्यासमा कुनै समय र स्थानमा चरित्रले घटनालाई र कतै घटनाले चरित्रलाई निर्देश गरेको हुन्छ । यस्ता उपन्यासमा घटना र चरित्रलाई बरावर महत्व दिइने हुनाले मिश्रित उपन्यास भनिएको हो । नायकको केन्द्रमा कथानक केन्द्रित हुने गर्दछ । उपन्यासको चरित्र घुम्दै हिड्ने स्वभावको हुन्छ । शिवकुमार राईको **डाकबङ्गला** रूपनारायण सिंहको **भ्रमर** यस्तै चित्रात्मक उपन्यास हुन् ।

### ३.२.२.४ नाटकीय उपन्यास

नाटकीय उपन्यासमा चरित्र र घटनाका माध्यमले अभिनयात्मक ढङ्गबाट उपन्यासको विषयवस्तुलाई अगाडि बढाइएको हुन्छ । यसखाले उपन्यासमा सम्वाद र अभिनयात्मक कलाको प्रभावकारी भूमिका रहनाले नाटकीयताको उपस्थित भएको हुन्छ । लीलाध्वज थापाको **मन**, लीलबहादुर क्षेत्रीको **बसाइँ** नाटकीय उपन्यासका उदाहरण हुन् ।

### ३.२.३ शैलीका आधारमा उपन्यासको वर्गीकरण

आधुनिक उपन्यासको विकासक्रमसँगै नयाँ-नयाँ शैलीमा उपन्यास रचिन चालिएको छ । शैली उपन्यासकारको नीजि पहिचान हो । प्रस्तुतीकरणको शैलीका आधारमा उपन्यासलाई निम्न वर्गमा विभाजन गर्न सकिन्छ :

### ३.२.३.१ वर्णनात्मक उपन्यास

उपन्यासमा उपन्यासकारले घटना, पात्र, देशकाल, वातावरणलाई सिलसिलेवार रूपमा वर्णन गर्दछ भने त्यस्तो उपन्यास वर्णनात्मक उपन्यास हो । यसमा उपन्यासकार कथावस्तुलाई तृतीय पुरुष शैलीमा प्रस्तुत गरेको हुन्छ । यस्तो उपन्यासमा पात्रका बानी, विचार र स्वरूपको सीधा र प्रत्यक्ष वर्णन गरिएको हुन्छ । लैनसिंह वाङ्देलको **मुलुकबाहिर** इन्द्रबहादुर राईको **आज रमिता छ** यस्तै उपन्यासका उदाहरण हुन् ।

### ३.२.३.२ पत्रात्मक उपन्यास

पत्रात्मक उपन्यासमा पत्रका आधारमा कथानकको विकासका साथै घटना, कार्यव्यापार अघि राखिएको हुन्छ । पत्रलेखक नै प्रमुख पात्रका रूपमा देखापरेको हुन्छ । उपन्यासमा लेखकका व्यक्तिगत भावनाले स्थान पाउँदछ । स्वतन्त्र अभिव्यक्तिमा केन्द्रित रहने यस किसिमका उपन्यासमा पात्रहरू उपन्यासकारको कुशलतामा मूर्त भएर देखापर्दछन् । असित राईको **पहिरो जाने पहाड** पत्रात्मक उपन्यासको नमुना हो ।

### ३.२.३.३ आत्मकथानात्मक उपन्यास

प्रथम पुरुष शैलीमा लेखिएको वा आफ्नै जीवनीको प्रस्तुति भएको उपन्यास आत्मकथानात्मक उपन्यास हो । यस्ता उपन्यासमा पात्रले घटनाहरू आत्मकथाकै रूपमा प्रस्तुत गरेको हुन्छ र यसले आत्मस्मरणकै अभिव्यक्ति प्रकट गरेको हुन्छ । चरित्रलाई बढी महत्व दिइने यी उपन्यासमा घटनालाई आत्मकेन्द्री कथाको रूपमा लिइएको हुन्छ । विजय मल्लको **अनुराधा**, पारिजातको **शिरीषको फूल** यस्तै उपन्यास हुन् ।

### ३.२.३.४ चेतनप्रवाह शैलीका उपन्यास

पात्रको असङ्गत कल्पना र चेतनाको सीधा प्रस्तुतिद्धारा उसको स्वभावको विश्लेषण गरी लेखिने उपन्यास नै चेतनप्रवाह शैलीका उपन्यास हुन् । यसमा स्वतन्त्र मन र चिन्तनद्धारा व्यक्तिको आन्तरिक जीवनको पाटोलाई प्रस्तुत गरिएको हुन्छ । उपन्यासकारमा जे जस्ता वैचारिक चिन्तन आउँदछन्,

त्यसलाई जस्ताको तस्तै धाराप्रवाहको रूपमा प्रस्तुत गरिन्छ । यसरी उपन्यासकारले पात्रका माध्यमबाट मानव मनमा उब्जेका विविध तरङ्ग भूत, वर्तमान र भविष्यसँग सम्बन्धित गराएर स्मरणका माध्यमबाट प्रकट गर्ने काम चेतनप्रवाह शैलीका उपन्यासमा भएको हुन्छ । ध्रुबचन्द्र गौतमको **उपसंहार अर्थात् चौथो अन्त्य** मञ्जुल राल्फाको 'छेकुडोल्मा' चेतनप्रवाह शैलीका उत्कृष्ट औपन्यासिक रचना हुन् ।

### ३.२.४ धारागत आधारमा उपन्यासको वर्गीकरण

उपन्यासका मूलभूत प्रवृत्ति वा वैचारिक चिन्तनका आधारमा उपन्यासलाई निम्न किसिमले वर्गीकरण गर्न सकिन्छ :

#### ३.२.४.१ आदर्शोन्मुख यथार्थवादी उपन्यास

आधुनिक नेपाली उपन्यास परम्परा। आदर्शोन्मुख उपन्यास महत्वपूर्ण स्थान रहेको हो । आदर्शको प्रस्तुतीकरण गर्नु यस्ता उपन्यासको मुख्य उद्देश्य हो । यसमा घटनाको अलौकिकता तथा अतिमानवीय पात्रको छनौट गरी अध्यात्मवादी विचार व्यक्त गरिएको हुन्छ । सामाजिक कुरीति, विकृति, दुराचार हटाउन पात्रको आदर्शवान् चरित्र, उसको अनुकरणीय कार्य तथा विविध उदाहरण प्रस्तुत गरी ती चरित्रहरूको प्रयोग गरिएको हुन्छ, आदर्श समाजको कल्पना गरिएको हुन्छ । आदर्शको पुटमा यथार्थिक ढङ्गबाट उपन्यासको कथानक अगाडि बढेको हुन्छ । रुद्रराज पाण्डेको **रूपमती** आदर्शोन्मुख यथार्थवादी उपन्यासको उदाहरण हो ।

#### ३.२.४.२ स्वच्छन्दतावादी उपन्यास

साहित्यिक नीति नियमको बन्धनलाई तोडेर स्वच्छन्द जीवनको उन्मुक्त चित्रण गरेर लेखिने उपन्यास स्वच्छन्दतावादी उपन्यास हो । यस्तो उपन्यासले वस्तुपरकता भन्दा आत्मपरकतामा जोड दिएको हुन्छ । उपन्यासकारले हार्दिकता र सहजाभिव्यक्तिलाई प्रश्रय दिएको हुन्छ । सौन्दयै प्रेम र स्वप्निल आकाङ्क्षा यसमा रहेको हुन्छ ।  समाजप्रतिको विद्रोह र स्वच्छन्द जीउन चाहने पात्रका

रहस्मय र काल्पनिक फिरन्ते पात्र चरित्रलाई चित्रण गरिएको हुन्छ । रूपनारायण सिंहको **भ्रमर** शिवकुमार राईको **डाकबङ्गला** स्वच्छन्दतावादी उपन्यास हुन् ।

### ३.२.४.३ सामाजिक यथार्थवादी उपन्यास

समाजका यथार्थ कुरालाई जस्ताको तस्तै टिपेर राख्ने काम उपन्यासकारले सामाजिक यथार्थवादी उपन्यासमा गरेको हुन्छ । यस्ता उपन्यासमा विद्यमान समाजका सुखदुःख, उकाली-ओराली, पीर, व्यथा, वेदना, उकुसमुकुस, छटपटी आदिलाई प्रकटीकरण गरिएको हुन्छ । सामाजिक समस्याको खुला प्रस्तुति यसमा रहेको हुन्छ । सामाजिक जीवनका वास्तविकतालाई कथानकका माध्यमबाट टपक्क टिपेर राख्ने काम यथार्थवादी स्रष्टाले गरेको हुन्छ । लैनसिंह बाङ्देलको **मुलुकबाहिर** शङ्कर कोइरालाको **खैरिनीघाट** सामाजिक यथार्थवादी उपन्यासका नमुना हुन् ।

### ३.२.४.४ आलोचनात्मक यथार्थवादी उपन्यास

सामाजिक अन्धविश्वास, शोषण, दमन, अत्याचार, सामाजिक कुप्रवृत्ति, कुप्रथाप्रति दृष्टि दिएर यस्तो क्रियाकलापको आलोचना गरिएको उपन्यास आलोचनात्मक यथार्थवादी उपन्यास हो । समाजका वर्ग, विषयस्थिति तथा विसङ्गति र विकृतिमाथि प्रहार गर्दै शोषितपीडित जनताका पक्षमा खुलेर समर्थन गर्ने सहानुभूति प्रकट गर्ने कार्य यस्ता उपन्यासमा भएको हुन्छ । यसमा सामाजिक शोषण, दमन, उत्पीडन, भेदभावपूर्ण स्थितिको विरोधाभास त गरिन्छ तर समस्या समाधानको मार्ग खुलाइएको हुँदैन । हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** दौलतविक्रम विष्टको **भोक र भित्ताहरू** यस्तै उपन्यास हुन् ।

### ३.२.४.५ मनोविश्लेषणवादी उपन्यास

मानवका अन्तर्मनका विचारलाई विश्लेषण गरेर लेखिने उपन्यास मनोविश्लेषणवादी उपन्यास हुन् । अचेतन मनले चेतन मनमा पारेको प्रभावका साथै त्यसैबाट प्रस्तुत हुने समस्या यसमा रहेको हुन्छ । यस्ता उपन्यासमा व्यक्तिका दमित इच्छा, वासना, हीनता भाव, स्वपीडन, परपीडन रतिराग, ध्वंसात्मक प्रवृत्ति तथा व्यक्तिको आन्तरिक मनको शल्यक्रिया गरिएको हुन्छ ।

दमित इच्छा र त्यसको विश्लेषण नै यस्ता उपन्यासको लक्ष्य रहेको पाइन्छ । गोविन्दबहादुर 'गोठाले' को **पल्लो घरको झ्याल**, विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** मनोविश्लेषणवादी उपन्यासमा पर्दछन् ।

### ३.२.४.६ अस्तित्ववादी उपन्यास

विसङ्गतिले भरिएको संसारमा मानिसले सङ्गतिको खोजी गर्ने तथा अस्तित्वको खोजीमा अनवरत संघर्ष गर्ने अस्तित्ववादी उपन्यासमा रहेको हुन्छ । मानवजीवन प्रयोजनहीन ठानिने प्रवृत्ति र जीवनमा स्वतन्त्रताको वकालत गर्दै अस्तित्वका लागि सङ्घर्ष गरिएको हुन्छ । अस्तित्ववादी उपन्यासहरू प्रायशः सामाजिक बन्धनलाई भुलेर आफ्नो मूल्य-मान्यताको संरक्षण गर्नु मानिसको काम हो र आफ्नो निर्णयको परिणाम आफै भोग्न तत्पर हुनुपर्छ भन्ने विचारलाई प्रमुख विषयवस्तु बनाएर लेखिएका हुन्छन् । विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती**, पारिजातको **शिरीषको फूल** यस्तै उपन्यासको नमुना हुन् ।

### ३.२.४.७ प्रयोगवादी उपन्यास

परम्परित मूल्य र ढाचाँबाट पृथक् रहेर नवीनताका साथ प्रस्तुत गर्ने काम प्रयोगवादी उपन्यासमा भएको हुन्छ । यस्तो उपन्यासले नवीनताको खोजी गर्ने र गतिशीलताको चाहना राख्ने उद्देश्य लिएको हुन्छ । नयाँ अभिव्यक्ति, नयाँ शील्प र नयाँ रूपको खोजी प्रयोगवादी उपन्यासमा रहेको हुन्छ । सैद्धान्तिक र शैल्पिक दुबै किसिमको प्रयोगबाट नवीनताको खोजी गरिएको हुन्छ । कथानक, चरित्र, पर्यावरणको आफ्नै चित्रणपरम्परा यस्ता उपन्यासमा देखापरेको हुन्छ । ध्रुवचन्द्र गौतमको **डापी** दस लेखकको संयुक्त उपन्यास **आकाश विभाजित छ** यस्तै प्रयोगवादी उपन्यासका उदाहरण हुन् ।

## ३.३ नेपाली उपन्यासको विकासक्रम

नेपाली साहित्यको एक सशक्त विधाका रूपमा विकसित उपन्यास पाश्चात्य साहित्यको देन हो । युरोपेली भूमिमा रमाइला, छोटा खिस्साबाट शुरु भएको उपन्यास अठारौं शतकमा विकास भएको हो । पूर्वीय साहित्यमा

भरतमुनिदेखि विश्वनाथसम्मका विद्वान्हरूले उपन्यासको सन्दर्भमा चर्चा गरे पनि कुनै खास महत्व राख्ने औपन्यासिक कृतिको सिर्जना भएको पाइँदैन । पूर्वीय अर्थात् संस्कृत साहित्यमा कथाको स्रोत वेद, पुराण उपनिषद् आदि रहेकोले उपन्यासको पृष्ठभूमिमा तिनै संस्कृत ग्रन्थमा अवस्थित आख्यानहरू रहेका देखिन्छन् । आख्यान साहित्य अन्तर्गत एक महत्वपूर्ण विधाका रूपमा उपन्यासको शुरुवात भने नेपाली भाषामा लेखनी कार्यको थालनी भएको निकै पछि मात्र भएको देखिन्छ । नेपाली साहित्यमा उपन्यासको विकास भन्ने वित्तिकै नेपाली भाषाको लेख्यपरम्परादेखिको प्रक्रिया भन्ने बुझ्नुपर्ने हुन्छ । आजसम्मको अनुसन्धानबाट नेपाली भाषाको सर्वप्राचीन रूप वि.सं. १०३८ को दामुपालको दुल्लु अभिलेखलाई लिनुपर्ने हुन्छ । यसै समयदेखि नेपाली भाषा लेख्य रूप प्राप्त गरेको प्रमाणहरू फेला परेको देखिन आउँदछ । यसै क्रममा अशोकचल्लको नेपाली भाषामा लेखिएको सं. १३१२ को ताम्रपत्र नेपाली भाषाकै अहिलेसम्म उपलब्ध सर्वप्राचीन नमुना हो ।[११६] खासगरी सं. १३१२ पूर्वको कुनै लिखित सामग्री नेपाली भाषामा पाइएको देखिंदैन । परम्परित लोक आख्यानबाट उद्भव भएको उपन्यासको पृष्ठभूमिमा **बाजपरीक्षा** (१७००), **खण्डखाद्य** (१५७६), वाणीविलासको **ज्वरोत्पत्ति चिकित्सा** (१७७३), प्रेमनीधि पन्तको **प्रयाश्चित प्रदीप** (१७८०), दावादल शाहदेवको **औषध रसायन** (१८००) तथा विभिन्न व्यक्ति र समयका अजीर्ण मञ्जरीहरूका गद्यानुवाद रहेका देखिन्छन् । त्यस्तैगरी आचारविचार, उपचार जीवनी, धर्मसम्वाद आदिका अतिरिक्त नेपाली भाषामा व्यवहारिक कामकाजका अभिलेखहरू-शीलालेख, ताम्रपत्र, ताडपत्र, स्वर्णपत्र आदिलाई पनि समीक्षक एवम् विद्वान्हरू गद्याख्यानको पृष्ठभूमिको रूपमा स्वीकार्छन तर यी सबै गद्याख्यानले उपन्यासको पृष्ठभूमिको काम गरेका नै छन् भनेर किटान गर्न सकिने अवस्था देखिंदैन । तापनि यस अवधिमा आख्यानमूलक भाषाको प्रयोग गर्ने क्षमता विकास हुँदै गएको थियो ।

नेपाली साहित्यमा आख्यानको प्रारम्भ वि.सं.१८२७ मा शक्तिवल्लभ अर्ज्यालको **महाभारतको विराटपर्व** बाट भएको मानिन्छ । यही बिन्दु नै नेपाली उपन्यासको आरम्भ हो । यस कृतिमा आख्यान तत्वको परिपुष्टता नपाइए

---

[११६] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास', (काठमाडौं : ने.रा.प्र.प्र. आठौं संस्करण, २०६३) पृ. ४ ।

तापनि आख्यानात्मक संरचनाको प्रारम्भ गर्ने महत्वपूर्ण भूमिका खेलेको तथ्य पुष्टी हुन आउँदछ ।

नेपाली उपन्यासको विकास प्रक्रियालाई विभिन्न नेपाली विद्धान्‌हरूले विभिन्न किसिमले आ-आफ्‌ना धारणा प्रस्तुत गरेको पाइन्छ । यसै क्रममा डिल्लीराम तिमिल्सिना र माधव भण्डारीको सहलेखन **हाम्रो साहित्य र साहित्यकारहरू** (२०१८), तारानाथ शर्माको **नेपाली साहित्यको इतिहास** (२०२७), यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** कृष्णचन्द्रसिंह प्रधान **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) तथा दयाराम श्रेष्ठ र मोहनराज शर्माको सहलेखन **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०४०) महत्वपूर्ण समालोचनात्मक कृतिहरूमा समालोचकहरूले काल विभाजनलाई बेग्लाबेग्लै किसिमले उठान गरेको पाइन्छ ।

खासगरी नेपाली उपन्यासको विकास प्रक्रियालाई वि.सं.१८२७ देखि हालसम्मको अवधिलाई तीन चरणमा (काल) विभाजन गर्न सकिन्छ ।

प्राथमिक काल (वि.सं.१८२७ - वि.सं.१९४५)

माध्यमिक काल (वि.सं. १९४६ - वि.सं.१९९०)

आधुनिक काल (वि.सं.१९९१ देखि हालसम्म)

### ३.३.१ प्राथमिक काल (वि.सं.१८२७ - १९४५ सम्म)

नेपाली उपन्यासको इतिहासलाई हेर्दै जाँदा वि.सं.१८२७ को शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** देखि प्राथमिक कालको **वीर सिक्का** प्रकाशन वि.सं. १९४६ सम्म तन्किएको देखिन्छ । नेपाली कथाको प्रारम्भविन्दु र नेपाली उपन्यासको प्रारम्भ विन्दु वि.सं. १८२७ लाई नै लिएको पाइन्छ । आधुनिक नेपालका एकीकरणकर्ता पृथ्वीनारायण शाहले वि.सं.१८२५ मा काठमाडौं उपत्यकामा विजय हासील गरेको दुई वर्ष पछाडि शक्तिवल्लभ अर्ज्यालले वि.सं. १८२७ **महाभारत विराट्पर्व** को अनुवाद गरेको पाइन्छ । संस्कृतबाट नेपाली भाषामा अनुवाद गरेको यो कृति आफैमा उपन्यास होइन तर उपन्यास निर्माणका लागि यसले एउटा आधार खडा गरेको देखिन्छ । नेपाली उपन्यासको पृष्ठभूमि तय गर्न आख्यानको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । यसैक्रममा शक्तिवल्लम अर्ज्यालले आफैले रचना गरेको **हास्यकदम्ब** लाई वि.सं. १८५५ मा आख्यानात्मक स्वरूप दिएर नेपाली भाषामा अनुवाद गरेको देखिन्छ । यो

अनूदित नाट्यकृति भएतापनि यसमा नाट्य शिल्पको अपेक्षामा आख्यानशिल्पको ज्यादा प्रयोग भएको देखिन्छ । संस्कृत भाषाबाट नेपाली भाषामा अनूदित यी कृतिहरू पूर्णरूपमा औपन्यासिक रचना त होइनन् तर नेपाली उपन्यासको एउटा पूर्वाधार खडा गर्ने काम चाहीँ अवश्यमेव गरेको देखिन्छ । यस कालका लामा-छोटा आख्यानले उपन्यासको प्रारम्भिक सङ्केत गरेको पाइन्छ । मौलिक खालका रचना भन्दा पनि अनूदित आख्यानात्मक कृतिको बोलवाला रहेको देखिन्छ । वि.सं. १८३३ मा भानुदत्तले **हितोपदेश मित्रलाभ** संस्कृतबाट नेपाली भाषामा अनुवाद गरेपछि यसले नेपाली गद्याख्यान परम्परामा अझ बल पुऱ्याएको देखिन्छ । यसैगरी रामभद्र पाध्याको **लक्ष्मी धर्म सम्वाद** (१८५१), वेनामे कृति **पिनासको विनाश** (१८७२), **दश कुमार चरित्र** (१८७५), **स्वस्थानी ब्रतकथा** (१८७८), **मुन्सीका तीन आहान** (१८७६), भवानी दत्तले अनुवाद गरेको **मुद्राराक्षस** (१८८२ पूर्व), सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्य गाथा** ( १८९०) र **अध्यात्म रामायण** (१८९६) आदि अनूदित कृतिले नेपाली उपन्यास परम्परामा प्रारम्भकालीन गद्याख्यानको आरम्भ गरे ।

प्राथमिक कालमा पूर्णरूपले उपन्यास कै स्वरूपता बोकेर कुनै पनि रचना नेपालीमा पर्दापण नगरे पनि अल्पमात्रामा औपन्यासिक गुण तथा आन्तरिक संरचना तत्वको प्रयोग भएको पाइनुले यस चरण (काल) लाई नेपाली उपन्यासको पूर्वाभ्यासको रूपमा लिइन्छ । कथा र उपन्यासको विधागत रेखाङ्कन गर्न नसकेको भएपनि उत्तरवर्त्ती उपन्यास रचनाको लागि आधार तय गरेको देखिन्छ । यस कालका गद्याख्यान घटनामा सङ्गति, वैचित्र्यपूर्ण सम्वादात्मक अभिव्यक्ति पाइनुले उपन्यासका निम्ति आधारभूमि निर्माण गरेको तथ्य स्वीकार्न सकिन्छ । प्राथमिक कालीन कृतिले खासगरी जनमानसमा नैतिक औपदेशिक सन्देश दिनु, धार्मिक भावना जागृत गराउनु, मनोरञ्जन दिलाउनु , आदर्शोतर उन्मुख गराउनु जस्ता उद्देश्य लिएर आख्यान सिर्जित भएको पाइन्छ ।

खासगरी भन्नुपर्दा प्राथमिक कालका रचनाले पारलौकिक, काल्पनिक, जादूगरी, धर्म, उपदेश, मनोरञ्जन तथा नीतिमूलक शिक्षा दिनु उद्देश्य रहेको देखिन्छ । जेहोस् यी कृतिहरूले नेपाली उपन्यासको पृष्ठभूमि तयार पारेको हुनाले यस कालको आफ्नै किसिमको महत्व स्थापित भएको छ ।

### ३.३.२ माध्यमिक काल (वि.सं.१९४६ -१९९० सम्म)

नेपाली उपन्यासको विकास परम्परामा वि.सं.१९४६ देखि वि.सं.१९९० सम्मको अवधिलाई माध्यमिक कालका रूपमा चिनिएको छ । नेपाली उपन्यासको परम्परामा माध्यमिक कालको आरम्भ गर्ने कृतिका रूपमा हरिकृष्ण रचित शिवदत्त शर्मानुवादित कृति **वीरसिक्का** (१९४६) लाई मानिन्छ । यस कृतिबाट नेपाली आख्यानका क्षेत्रमा एउटा नयाँ प्रकाश उद्भासित भयो, त्यो थियो औपन्यासिक शरीररचनाको आधान ।[११७] यो कृति आफैमा उपन्यास त होइन, तर त्यस्तो आख्यान हो जसले निर्माणकालीन प्रवृत्तिको पृष्ठभूमि तयार पारिदियो । निर्माणकालीन (प्राथमिककालीन) उपन्यास परम्परामा जासुसी-तिलस्मी तत्वका साथै रोमान्स र आद्भूतिकताको जुन प्रवृत्ति देखापर्‍यो, ती सबैको प्रारम्भस्थल **वीरसिक्का** नै बनेको हुँदा नेपाली उपन्यासको इतिहासमा यस कृतिको महत्वपूर्ण भूमिका रह्यो ।[११८] यस समयमा जासुसी, तिलस्मी, ऐय्यारी तथा रोमाञ्चकारी  घटनाको तारतम्य मिलाएर यथार्थभन्दा धेरै टाढा रही कृतिका रचना हुन थाल्यो । कपोलकल्पित तथा अविश्वसनीय घटनाहरूको जालो बुनेर अलौकिकताको यात्रामा रम्न चाहने मनोरञ्जनप्रधान औपन्यासिक कृतिले बढी प्रधानता पाएको माध्यमिक काललाई प्राथमिक कालको सापेक्षतामा बढी प्रायोगिक कालका रूपमा लिन सकिन्छ । हिन्दी, बङ्गाली, अङ्ग्रेजी, फारसी र उर्दू भाषामा लेखिएका रचनाहरूले नेपाली उपन्यासको विकासमा निकै प्रेरणा र बल प्रदान गरेका छन् ।[११९] खासगरी यस कालका कृतिहरूमा संस्कृत, अरबी, फारसी, उर्दू, बङ्गाली, अङ्ग्रेजी आदिको प्रभाव परेको छ ।

माध्यमिककालीन नेपाली उपन्यासलाई हेर्दा पूर्वार्द्ध समयमा खासगरी जासुसी, तिलस्मी, ऐय्यारी, रोमान्सपूर्ण र आद्भूतिक औपन्यासिक कृतिहरू जन्मिए भने उत्तरार्द्ध समयमा सामाजिक सुधारका भावनाहरू राखिएका विविध किसिमका उपन्यासहरू लेखिन थालिएको पाइन्छ । मनोरञ्जन, समाजसुधार तथा नीतिचेतनाले प्रमुख स्थान ओगटेको देखिन्छ । यस समयमा थुप्रै किसिमका आख्यानप्रेमाख्यानहरू लेखिएका पाइन्छन् । ती मध्ये हरिहर शर्माको **भगवत भक्ति विलासिनी** (१९४६), बेनामे **बेताल पच्चिसी** (१९४७ पूर्व), चिरञ्जीवि

---

[११७] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास', पूर्ववत् , पृ. १०१-१०२ ।

[११८] ऐजन ।

[११९] कृष्णहरि वराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत् , पृ. ७८ ।

पौड्यालको **प्रेमसागर** (१९५०), पाशुपत प्रेसबाट प्रकाशित **नलोपाख्यान** (१९५६), सदाशिव शर्माको **बोक्सी चरित्र** (१९५९) । नरदेव पाण्डेको **मेरिना चरित्र** (१९५९) आदि यस कालका महत्वपूर्ण कृतिहरू हुन् ।

माध्यमिककालीन नेपाली उपन्यासको विकासमा पत्र-पत्रिकाको अहम् भूमिका रहेको छ । **गोरखापत्र** (१९५८), **उपन्यास तरङ्गिणी** (१९५९), **सुन्दरी** (१९६३), **चन्द** (१९७१), **गोरखाली** (१९७३) को प्रकाशनबाट पनि महत्वपूर्ण भूमिका निर्वाह भएको छ । सर्वप्रथम तिलस्मी उपन्यासको रूपमा नेपालीमा सदाशिव शर्माले उपन्यास प्रकाशन गर्ने उद्देश्य राखेर **उपन्यास तरङ्गिणी** साहित्यिक पत्रिकाको प्रकाशन सुरु गरेको देखिन्छ । यसै पत्रिकामा सदाशिव शर्मा कै **महेन्द्रप्रभा** (१९५९) र **लाक्षरञ्जित स्फटिक स्तम्भ** उपन्यास प्रकाशित भए । **महेन्द्र प्रभा** पहिलो मौलिक नेपाली उपन्यास हो । उनमा उपन्यास कलाको जुन चेतना थियो र नेपाली उपन्यासको विकासका निमित्त उनले जुन प्रकारको प्रयास गरे, त्यसबाट नेपाली उपन्यासको विधिवत् रूपायन भयो ।[१२०]

**वीरचरित्र** (लेखनः१९५६, प्रकाशनः१९६०) नेपाली उपन्यास गिरीशवल्लभ जोशीद्धारा लेखिएको माध्यमिक कालको विकास क्रममा देखापरेको कोशेढुङ्गा हो । यसलाई नेपालीपनद्धारा सजिएको पहिलो उपन्यास मानिन्छ । यसपछि विज्ञान विलासको **डा. सूर्यप्रसाद** (१९७२) जासुसी उपन्यास प्रकाशित भएको पाइन्छ । अन्य कृतिहरूमा रामप्रसाद सत्यालका **कलावती र मधुवाला** (१९६४), देवीप्रसाद शर्मा उपाध्यायको **सुन्दर सरोजिनी** सदाशिव शर्माको **सुन्दरी भूषण** (१९६३), शम्भुप्रसाद ढुङ्गेलको **वरलाभ** (१९७६) र **प्रेम कान्ता** (१९७६) प्रतिमान लामाको **महाकाल जासुस** (१९६५) पहलमान सिंह स्वाँरको **एक लाख रूपैयाँको चोरी** (१९७४) आदि तिलस्मी जासुसी औपन्यासिक कृति हुन् । माध्यमिककालीन उपन्यास परम्परामा ऐय्यारी, तिलस्मी, जासुसी उपन्यासको आगमनले अनुकरण रूपान्तरण विधिलाई महत्व दिए पनि **महेन्द्र प्रभा**, **वीरचरित्र**, **डा.सूर्यप्रसाद** उपन्यास समकालीन यथार्थ प्रस्तुति र मौलिक परिवेशतर्फ उन्मुख रहेका पाइन्छन् ।

*माध्यमिक कालमा रचना गरिएका नेपाली उपन्यासहरू तीन प्रकारका रहेका छन् :-*

---

[१२०] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास', पूर्ववत् , पृ. १०३ ।

१) प्रेमाख्यानहरू
२) तिलस्मी, जासुसी र ऐय्यारी उपन्यासहरू
३) सामाजिक सुधार तथा विविध विषयका उपन्यासहरू ।

## प्रेमाख्यानहरू

यस प्रकारका उपन्यासहरूले मनोरञ्जनात्मक, श्रृङ्गारिक तथा परम्परागत धार्मिक, पौराणिक, नीतिपरक शिक्षा प्रदान गर्नमा केन्द्रित रहेका छन् । संस्कृत, अरवी, फारसी, उर्दू र अन्य भाषाबाट आख्यान र प्रेमाख्यानहरू रूपान्तरित तथा प्रभावित भएका देखिन्छन् । यस्ता कृतिहरूमा **वीरसिक्का** (१९४६), **प्रेमसागर** (१९५०) , **नलोपाख्यान** (१९५६) **बोक्सी चरित्र** (१९५९) **महेन्द्रप्रभा** (१९५९), **शर्मिष्ठा** (१९८५), **नलदमयन्ती** (१९९०) प्रमुख रूपमा रहेका छन् ।

## तिलस्मी, जासुसी र ऐय्यारी उपन्यासहरू

माध्यमिककालीन उपन्यास परम्परामा तिलस्मी, जासुसी तथा ऐय्यारी उपन्यासहरूले प्रमुख स्थान ओगटेको छ । यस प्रकारका उपन्यासहरू आद्भूतिकता, साहसिकता, चात्मकारिकता अलौकिक कल्पना तथा अलौकिक कल्पना तथा अतिरञ्जनपूर्ण प्रवृत्तिबाट प्रभावित भएको पाइन्छ । यस्ता उपन्यासहरूमा **नरेन्द्र मोहिनी** (१९५८), **महेन्द्र प्रभा** (१९५९), **वीरचरित्र** (१९६०) , **डा.सूर्यप्रसाद** (१९७२), **कलावती** (१९६४) **विलासिनी** (१९६४), **बरलाभ** (१९७६), **महाकाल जासुस** (१९७५) आदि प्रमुख रूपमा रहेका छन् ।

## सामाजिक सुधार तथा विविध विषयका उपन्यासहरू

जासुसी तिलस्मी, ऐय्यारी, मनोरञ्जनात्मक, चामत्कारिक आद्भूतिक प्रवृत्ति बोकेका उपन्यासको लेखन तथा रूपान्तरणपश्चात् उपन्यासकारहरूमा सामाजिक सुधार सम्बन्धी चेतना सलबलाएको देखिन्छ । समाजलाई कुलतबाट जोगाउने उद्देश्य राखेर लेखिएका यस प्रकारको उपन्यासमा समाजलाई सही दिशातर्फ डोऱ्याउने र असल कर्म गर्न प्रेरित गराउने दृष्टिकोण लिएको पाइन्छ । सामाजिक सुधार गर्ने उद्देश्यले पूर्णरूपले सामाजिक विषयवस्तु भएका

उपन्यासको सिर्जना नभए पनि त्यसतर्फ प्रवेश गर्न लागेको सङ्केत मिल्दछ । सामाजिक सुधारतर्फ सङ्केत गरिए अनुसारका उपन्यासहरूमा द्वारिकानाथ उपाध्यायको **यमपञ्च प्रपञ्च** (१९६३), **वेनामी 'प्राचीन प्रपञ्च** (१९६२ अपूर्ण), तीर्थप्रसाद आचार्यको **वेदान्तसार** (१९६०) नरदेवको **नौलखाहार** (१९६७), वेदनाथ आचार्यको **दयाकी भावी** (१९७९), अम्बालिका देवीको **राजपूत रमणी** ( १९७९), शिवप्रताप शम्शेर थापाको **शैष्या हरिश्चन्द्र** (१९८५) जस्ता उपन्यास प्रमुख रूपमा रहेका छन् ।

माध्यमिककालीन उपन्यासले खासगरी समाजमा नैतिक सुधारको आकाङ्क्षा राख्दै शिक्षा प्रदान गर्ने र धार्मिक, पौराणिक, विषयका आख्यानका माध्यमले समाजमा सद्विचार, सद्भावना विकास गर्ने मनसाय प्रकट गरेको देखिन्छ । साथै यस समयमा समाजमा रहेमा विकृति, विसङ्गति एवं कुरीतिलाई उन्मूलन गरेर सामाजिक सुधारको चाहना राखी उपन्यास लेखन गरेको देखिन्छ । साथै यस समयमा समाजमा रहेका विकृति, विसङ्गति एवम् कुरीतिलाई उन्मूलन गरेर सामाजिक सुधारको चाहना राखी उपन्यास लेखन गरेको पाइन्छ ।

### ३.३.३ आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

नेपाली उपन्यासको परम्परामा वि.सं. १९९१ देखि यताको समयलाई आधुनिक काल मानिन्छ । आधुनिक भनेको नवीनता हो । आधुनिक भन्नाले परम्परागत प्रवृत्तिका विरुद्ध नवीन मूल्य, मान्यताको खोजी हुनु हो । वि.सं.१९९१ साल अघि नेपालीमा लेखिएका आख्यानहरू पूर्णत:उपन्यास बन्न सकेका छैनन् र ती सबै उपन्यास लेख्ने प्रयासमात्र हुन् तापनि आधुनिक उपन्यासका पृष्ठभूमि बनेका छन् । माध्यमिककालीन औपन्यासिक प्रवृत्तिलाई त्यागेर बोलीचालीको भाषाको प्रयोग सामाजिक जीवनको यथार्थ चित्रण, सम्भाव्य घटनाहरूको वर्णन आदि कुराले आधुनिकतातिर उपन्यासले प्रवेश गरेको देखिन्छ ।

वि.सं. १९९१ मा प्रकाशित रुद्रराज पाण्डेको **रूपमती** उपन्यासले नेपाली उपन्यासका क्षेत्रमा आधुनिक कालको आमन्त्रण गरेको हो । सामाजिक विषयवस्तुमा केन्द्रित भएर लेखिएको पहिलो मौलिक उपन्यास **रूपमती** (१९९१) हो । समालोचक कृष्णचन्द्रसिंह प्रधानले नेपालको पृष्ठभूमिमा लेखिएको पूर्ण र सुसङ्गठित मौलिक सामाजिक उपन्यासको इतिहास केलाउँदा १९९१ साललाई

बिन्दु मानेर अगाडि बढ्नुपर्दछ र औपन्यासिक सीप र परवर्ती स्वरूपलाई दिशा-निर्देश गर्ने पहिलो पाइलाको रूपमा **रूपमती** नै अग्रणी छ भन्ने तथ्यलाई अगाडि सारेका छन् । वि.सं. १९९१ सालदेखि सूत्रपात भएको आधुनिक नेपाली उपन्यास लेखन परम्परा विभिन्न मोड र धाराहरूमा देखापरेको छ । **रूपमती** उपन्यासले माध्यमिक कालको अन्त्य गरी आधुनिक नेपाली उपन्यासको प्रवर्तन गरेदेखि उपन्यास लेखनको आजसम्मको इतिहासलाई दुई चरणमा विभक्त रहेको पाइन्छ । जो निम्नानुसार छ :[१२१]

| | | |
|---|---|---|
| प्रथम चरण | : | वि.सं. १९९१ देखि २०२० सम्म र |
| दोस्रो चरण | : | वि.सं. २०२१ देखि हाल सम्म |

## प्रथम चरण वा मोड (वि.सं. १९९१ देखि २०२० सम्म)

प्रथम चरण वा मोड वि.सं. १९९१ देखि २०२० भित्र धारागत आधारमा उपन्यासको वर्गीकरण गरिएको छ । यस मोडभित्र प्रत्येक धाराले आ-आफ्नो स्थानमा पृथक्-पृथक् औपन्यासिक महत्व राखेका छन् । यस चरणमा देखापरेका औपन्यासिक धारा निम्न अनुसार छन् :

### ३.३.३.१ आदर्शोन्मुख यथार्थवादी धारा

आधुनिक नेपाली उपन्यासमा आदर्शोन्मुख यथार्थवादी धाराको श्रीगणेश वि.सं.१९९१ मा रुद्रराज पाण्डेको **रूपमती** (१९९१) उपन्यासको प्रकाशनबाट भएको हो । आदर्श र यथार्थवादको सम्मिश्रण भएर आदर्शतिर उन्मुख कथानक भएका रचनालाई आदर्शोन्मुख यथार्थवादी भनिन्छ । आदर्शोन्मुख यथार्थवादी उपन्यासमा समाजको वास्तविकताको चित्रण गरिएको हुन्छ र उपन्यासको स्वर आदर्शप्रति उन्मुख रहन्छ । जीवन जस्तो छ त्यसको चित्रण गर्नु यथार्थ हो भने जीवन यस्तो हुनुपर्दछ भनेर त्यसको चित्रण गर्नु आदर्श हो । यसमा समाजको यथार्थ जीवनको चित्रण गर्दै समाज सुधारको आशावादी दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ ।

[१२१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास', पूर्ववत् , पृ. १०५ ।

उद्देश्यको रूपमा आदर्शको स्थापना गर्नु र चित्रण पद्धति यथार्थवादी हुनु आदर्शोन्मुख यथार्थवादको प्रमुख प्रवृत्ति हो । समाजको यथार्थ चित्रण र मानवीय मूल्य-मान्यतालाई अङ्गीकार गरी आदर्शको केन्द्रीय धुरीमा टुङ्गिने यस्ता उपन्यासमा पात्रका आदर्श गुण, क्रियाकलापको उल्लेख गर्दै खराब आचरणका व्यक्तिलाई देवताले नै दण्ड दिन्छन् र राम्रो आचरण गर्नेलाई पुरस्कार दिन्छन् भन्ने देखाउनु र त्यसको प्रमाणीकरणका लागि यथार्थ घटनाको सिर्जना गरी वर्णन गर्ने प्रवृत्ति यसमा पाइन्छ । आदर्शोन्मुख यथार्थवादको मूल प्रवृत्तिलाई आत्मसात् गरी लेख्ने उपन्यासमा रुद्रराज पाण्डेकै **चप्पाकाजी** (१९९३), विष्णुचरण श्रेष्ठको **सुमती** (१९९१), काशीबहादुर श्रेष्ठको **उषा** (१९९५), भवानी भक्त सिंहको **यौवनको आँधी** (१९९६), शोभाचन्द्र उपाध्यायको **पाटलीपुत्र** ( २००३), मोहनबहादुर मल्लको **समयको हुरी** (२०१५), भारती खरेलको **गङ्गाजमुना** (२०४६) आदि आदर्शोन्मुख यथार्थवादी धाराका नेपाली उपन्यास हुन् ।

### ३.३.३.२ स्वच्छन्दतावादी धारा

आधुनिक नेपाली उपन्यासको विकास प्रक्रियामा स्वच्छन्दतावादी धारा दोस्रो उपलब्धि हो । वि.सं. १९९६ सालमा रूपनारायण सिंहको **भ्रमर** उपन्यास प्रकाशनमा आएपछि उपन्यास साहित्यमा स्वच्छन्दतावादी धाराले आमन्त्रण पाएको हो । स्वच्छन्दतावाद नेपाली उपन्यासका क्षेत्रमा अङ्ग्रेजी, बङ्गाली र हिन्दीको प्रभावबाट प्रविष्ट गरेको हो । स्वच्छन्दवादी धारामा भावना, कल्पना र संवेगले प्रधानता पाएको हुन्छ । स्वच्छन्दतावादी उपन्यासमा प्रेम, सौन्दर्य र भावुकताको आधिक्यता रहनुका साथै पात्रका अद्भूत तथा साहसिक कार्य संवेग सेवा त्यागको भावुकतापूर्ण संवेग यसखाले उपन्यासमा पाइन्छ । बन्धनलाई भाँचेर स्वतन्त्र र स्वच्छन्द जीवनको वकालत गर्नु तथा जीवनको नवउन्मेषमा रमाएर स्वप्निल आकाङ्क्षामा हिड्नु स्वच्छन्दतावादी उपन्यासको मूल लक्षण हो । प्रकृतिको मनमोहक चित्रण, चरित्रमा भ्रमणको रुचि, अन्तर्मुखी र पलायनवादी स्वभाव तथा स्वतन्त्र जीवनभोगको प्रवृत्ति यस प्रकारका औपन्यासिक रचनामा पाइन्छन् । स्वच्छन्दतावादी उपन्यासहरू कलात्मक रूपले रहस्य र विचित्रताका माध्यमबाट सौन्दर्य सिर्जना गर्नमा सबल देखिएका छन् । **भ्रमर** बाट न्वारन भएको स्वच्छन्दतावादी उपन्यास लेखन आजपर्यन्तसम्म निरन्तर रहेको छ । यस

धारासँग संलग्न भएर औपन्यासिक अभिव्यक्ति दिने केही स्रष्टा र उपन्यासहरूमा रूपनारायण सिंहको दोस्रो उपन्यास **बिजुली** (अपूर्ण २००६), मोहनबहादुर मल्लको **उजेली छाया** (२००८) अच्छा राई 'रसिक' को **लगन** (२०११) शिवकुमार राईको **डाकबङ्गला** (२०१३), कृष्णसिंह मोक्तानको **अशेष यात्रा** (२०२१), देवनम देवसाको **तुफान** (२०२२), हिरण्य भोजपुरेको **छिटेन** (२०५४), होमराज आचार्यको **निर्दोष कैदी** (२०५४) आदि उल्लेख्य कृति रहेका छन् ।

### ३.३.३.३ सामाजिक यथार्थवादी धारा

आधुनिक नेपाली उपन्यास परम्परामा वि.सं. २००४ सालमा लैनसिंह बाङ्देलको **मुलुकबाहिर** (२००४) उपन्यासले सामाजिक यथार्थवादी धाराको आरम्भ गरेको हो । नेपाली उपन्यासमा रुद्रराज पाण्डेको **रूपमती** (१९९१) बाट नै आंशिक रूपमा यथार्थवादको प्रारम्भ देखिए तापनि फ्रान्सेली यथार्थवादी रचनाका प्रवृत्तिलाई आत्मसात् गरेर लेखिएको पहिलो सामाजिक यथार्थवादी उपन्यास **मुलुकबाहिर** नै हो । यस कृतिले कोशेढुङ्गा सावित गरेको छ ।

विश्वसाहित्यमा स्वच्छन्दतावादी धाराका विरुद्धमा चलेको यथार्थवादी आन्दोलनले उपन्यास साहित्यमा सबैभन्दा बढी प्रभाव पारेको छ । यस आन्दोलनले ई.१८५७ का उपन्यासकार च्याम्पफ्लरीको 'ले रियलिज्मे' नामको घोषणापत्र पश्चात् आधिकारिता प्राप्त गऱ्यो ।[१२२] यसले लौकिक संसारलाई सत्य ठानेको हुन्छ । सामान्यत : वास्तविक यथार्थमा जोड दिएर निम्न वर्गका दुःख-सुख, कारुणिक तथा मार्मिक पक्षको उद्घाटन गर्दै स्थानीय बोलीचाली भाषाका माध्यमबाट समाजको यथार्थ प्रतिबिम्ब उतार्दछ । समाजको चित्रणमा निम्नवर्गीय चरित्र, स्वीकृत यथार्थ र कटु सत्यलाई प्रमुख स्थान दिने काम यस धाराका उपन्यासले गरेका हुन्छन् । खासगरी सामाजिक यथार्थवादी धाराका उपन्यासमा समाजका सुख-दुखलाई यथार्थपरक ढङ्गले प्रस्तुतीकरण गर्नुका साथै मानिसका सबलता र दुर्बलता पक्षको समेत उल्लेख गरिएको हुन्छ । मानवीय यथार्थताका संवेद्य कुराको चित्रण गर्दै मानव नियतको उल्लेख गरिएको हुन्छ ।

[१२२] कृष्णहरि वराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत् , पृ. १०५ ।

स्वभाविक कथानक, प्रस्तुतिमा सत्यता, विश्वसनीय निष्कर्ष सामाजिक यथार्थवादी लेखनको चिनारी हो ।

सामाजिक यथार्थवादी धारामा सबैभन्दा बढी उपन्यासहरू लेखिएका छन् । यस धारालाई आत्मसात् गरेर रचना गर्ने केही उपन्यासकार र उपन्यासहरूमा लैनसिंह बाङ्देलकै **माइतघर** (२००५), लीलबहादुर क्षेत्रीको **बसाइँ** (२०१४), लीलाध्वज थापाको **मन** (२०१५), दौलतविक्रम विष्टको **मञ्जरी** (२०१६), शङ्कर कोइरालाको **खैरिनीघाट** (२०१८), तुलसीराम कुँवरको **रने** (२०१८), केशवराज पिडालीको **बाच्ने एउटा जिन्दगी** (२०४३), भवानी भिक्षुको **आगत** (२०३२), डोरबहादुर विष्टको **सोताला** (२०३२), ध.च. गोतामेको **घामका पाइलाहरू** (२०३५), राजेश्वर देवकोटाको **आवर्तन** (२०१४) आदि सामाजिक यथार्थवादी उपन्यासका महत्वपूर्ण कृति हुन् ।

### ३.३.३.४ आलोचनात्मक यथार्थवादी धारा

नेपाली उपन्यास साहित्य परम्परामा आलोचनात्मक यथार्थवादको सामान्य सङ्केत लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** (२००८) बाट पाइए तापनि खास रूपमा वि.सं.२०११ सालमा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (२०११) उपन्यासबाट आरम्भ भएको हो । समाजका शोषण, अन्धविश्वास, कुरीति, कुप्रथा तथा विसङ्गतियुक्त तत्वमाथि औलो ठड्याएर ती पक्षको विरोध गर्दै तिनलाई सुधार्नुपर्ने अपेक्षा राख्ने कार्य आलोचनात्मक यथार्थवादमा गरिएको हुन्छ । समस्या समाधानको उचित मार्ग पत्ता लगाउन नसके पनि समाजमा रहेका विकृति, विसङ्गति र कुरीतिहरूको विरोध गर्दै तिनका विरुद्धमा उभिन र डटेर सामना गर्न आलोचनात्मक यथार्थवादले प्रेरित गरेको हुन्छ ।[१२३] यस धाराका उपन्यासकारहरूले प्रगतिशील चेतना निम्नवर्गमा सहानुभूति असन्तुष्टि तथा आक्रोश व्यक्त गरेका हुन्छन् । यस धाराका उपन्यास राजनीतिक विकृति, प्रशासनिक दमन, धार्मिक आडम्बर, जातिपातिको विरोध, दासत्व, निरङ्कुशता आदिमा केन्द्रित भएर सामाजिक परिवर्तनका लागि जीवन सङ्घर्षमय बनाउने तर्फ बढी आकृष्ट भएको पाइन्छ ।

---

[१२३] कृष्णहरि वराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत् , पृ. ११३ ।

आलोचनात्मक यथार्थवादी धारासँग संलग्न भएर उपन्यास लेख्ने उपन्यासकार र उपन्यासहरूमा खड्गबहादुर सिंहको **विद्रोह-१** (२०११), **विद्रोह-२** (२०११), दौलत विक्रम विष्टको **मन्जरी** (२०१६), तारानाथ शर्माको **सुली** (२०३०), ध्रुवचन्द्र गौतमको **कट्टेलसरको चोटपटक** (२०३७), कृष्ण गौतमको **स्वर्णबिम्ब** (२०४८), नारायण ढकालको **पीत सम्वाद** (२०५६), आदि यस धाराका उपन्यास हुन् ।

त्यस्तै गरी आलोचनात्मक यथार्थवादसँग संलग्न भएर लेखिएको वामदेव पहाडीको **कैदी र झ्यालखान** (२०३६) यसै धाराको महत्वपूर्ण उपन्यास हो ।[१२४] यसैगरी नेपाली साहित्यको सङ्क्षिप्त इतिहासमा वामदेव पहाडीको उपन्यास **कैदी र झ्यालखान** (२०३६) औपन्यासिक कलाका साथै विषयवस्तुगत सङ्गठन र परिपुष्टताका दृष्टिले प्रशंसनीय छ भनी उल्लेख गरिएको छ ।[१२५]

जेहोस् उपन्यास साहित्यको आलोचनात्मक यथार्थवादी धाराले जीवनसँग उपन्यासलाई जोडेर जनसमक्ष पुऱ्याउँने मूलधारको रूपमा महत्वपूर्ण भूमिका वहन गरेको छ ।

### ३.३.३.५ मनोविश्लेषणवादी धारा

आधुनिक नेपाली उपन्यास साहित्यको परम्परामा मनोविश्लेषणवादी उपन्यासको प्रारम्भ वि.सं. २०१६ सालमा गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** (२०१६) बाट भएको हो । मनोविश्लेषणवादी धाराको सूत्रपातसँगै उपन्यासले सामाजिक यथार्थवाट व्यक्ति यथार्थमा प्रविष्ट गरेको पाइन्छ । मनोवैज्ञानिक उपन्यसामा मानव अन्तर्मनका भावना तथा विरोध-मनोग्रन्थीलाई केलाउने काम गरिएको हुन्छ । यस्ता उपन्यास चरित्र-केन्द्रित रहने हुँदा मानिसकताको असामान्य स्थितिको चित्रण र मानसिक कुण्ठालाई प्रकट गरिएको हुन्छ ।

---

[१२४] कृष्णहरि वराल र नेत्र एटम, 'नेपाली कथा : उपन्यास सिद्धान्त र समीक्षा' (काठमाण्डौं भोटाहिटी : विद्यार्थी पुस्तक भण्डार दो.सं. २०६४ ) पृ. २११ ।

[१२५] दयाराम श्रेष्ठ र मोहनराज शर्मा 'नेपाली साहित्यको संङ्क्षिप्त इतिहास' (काठमाण्डौ : साझा प्रकाशन, आठौं संस्करण २०६३) पृ. १११ ।

मनोवैज्ञानिक-मनोविश्लेषणवाद उपन्यासमा द्वन्द्व तथा दमित इच्छाको सक्रिय भूमिका रहन्छ ।[१२६] दमन भनेको इच्छा र कामवासनाको दवाव हो । यसले इद र इगो बीचको द्वन्द्वलाई सङ्केत गरेको हुन्छ । मनोविश्लेषण सिद्धान्तका प्रवर्तक सिग्मण्ड फ्रायडले अघि सारेको सिद्धान्त अन्तर्गत मानव मनका विविध पक्षमा कामवासना, चेतन, अवचेतन मनबीचको द्वन्द्व, यौनचाहना, यौनअतृप्ति, यौनकुण्ठा, रतिराग, विक्षिप्त मनोदशा आदिको उल्लेख गरेको पाइन्छ । यसरी नै मानवको अचेतनको मनमा दमित इच्छा-आकाङ्क्षा तथा सुषुप्त वासना भण्डार रहेको हुन्छ । मनोविश्लेषणवादी उपन्यासमा निराशा, कुण्ठा, दुर्बलता, असन्तोष, विकृति आदिको चिरफार गर्ने उद्देश्य राखिएको पाइन्छ । व्यक्तिले आफ्नो सामान्य स्थितिबाट थाहा नै नपाएर असामान्य स्थिति पुग्ने परिवेशको विश्लेषण यसमा गरिएको हुन्छ । मनोविश्लेषणवादी उपन्यासहरू बाहिरीभन्दा भित्रि मानसिकताको चिरफार गर्न बढी सशक्त देखिएका हुन्छन् । यस धारामा संलग्न भएर उपन्यास सिर्जना गर्ने उपन्यासकार र उपन्यासहरू विजय मल्लको **अनुराधा** (२०१८), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (२०२५) र **नरेन्द्र दाइ** (२०२७), तारिणीप्रसाद कोइरालाको **सर्पदंश** (२०२६), नकुल सिलवालको **तेस्रो पाइला** (२०४५), नयनराजको पाण्डेको **अतिरिक्त** (२०५०), इन्दिरा प्रसाइँको **विश्वामित्र** (२०५५) आदि उपन्यासहरू उल्लेखनीय रहेका छन् ।

### दोस्रो चरण वा मोड (२०२१ देखि हालसम्म)

आधुनिक नेपाली उपन्यासको ऐतिहासिक विकास क्रममा वि.सं.२०२१ देखि हालसम्मको अवधिलाई दोस्रो चरणको रूपमा लिएको पाइन्छ । नेपाली उपन्यास परम्परामा वि.सं. २०२१ देखि नवीन प्रयोग र मूल्य-मान्यताको थालनी भएको पाइन्छ । यस समयदेखि सूक्ष्मतम कथ्य र शैल्पिक विखण्डन जस्ता नवीन प्रवृत्तिहरू देखाउँदै उपन्यासले आफ्नै पहिचान कायम गरेका छन् । यस चरणपछि विकसित भएका औपन्यासिक धारा निम्न अनुसार रहेका छन् ।

### ३.३.३.६ विसङ्गतिवादी धारा

[१२६] कृष्णहरि वराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत् , पृ. १२९ ।

आधुनिक नेपाली उपन्यास परम्परामा विसङ्गति धाराको प्रारम्भ वि.सं. २०२१ मा इन्द्रबहादुर राइको **आज रमिता छ** (२०२१) उपन्यासबाट भएको हो । विसङ्गतिको अर्थ निस्सारता वा शून्यता हो । मानिसको जीवनको निरर्थकता, निस्सारता तथा पृथकतालाई पुष्टी गर्ने चिन्तन विशेषका विसङ्गतिवादी धारा अगाडि आएको हो । यस धाराका उपन्यासले सामाजिक कथ्यलाई अस्वीकार गरी वैयक्तिक मनोजगतका कुण्ठा र जिजीविषालाई आत्मसात् गरेका हुन्छन् । जीवनलाई दिइने कुनै पनि मूल्यको कुनै अर्थ नभएकाले जीवन-जगत पनि कुनै व्याख्येय छैन भन्ने कुरा नै विसङ्गतिवादको मूल मर्म हो ।[१२७] विसङ्गतिले संसारलाई छोपेको छ र मानिस जन्म र मृत्युका बीच झुण्डिरहेको छ । मानिसका लागि मृत्यु, भयानक र विसङ्गतिको पराकाष्ठा हो भन्ने कुराको मान्यता यस धाराका उपन्यासले राखेको पाइन्छ । रूपविन्यासको संरचनामा पनि फरक देखिने यस्ता उपन्यासमा मान्छेको जीवनको सारहीनता, निरर्थकता, पृथकता, शून्यता, निस्सारता, मूल्यहीनता, एक्लोपन जस्ता कुराहरूलाई प्रस्तुत गरिएको हुन्छ । यस धारामा संलग्न भएर उपन्यास सिर्जना गर्ने उपन्यासकार र उपन्यासहरूमा पारिजातको **शिरीषको फूल** (२०२२) र **महत्ताहीन** (२०५५), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४), **डापी** (२०३२), **फूलको आतङ्क** (२०५५) दौलतविक्रम विष्टको **चपाइएका अनुहार** (२०३०) आदि उल्लेखनीय रहेका छन् ।

### ३.३.३.७ अस्तित्ववादी धारा

आधुनिक नेपाली उपन्यास परम्परामा अस्तित्ववादी धाराको प्रारम्भ वि.सं.२०२२ मा पारिजातको महत्वपूर्ण उपन्यास **शिरीषको फूल** (२०२२) बाट भएको हो । अस्मिताको बोध नै अस्तित्ववादको अर्थ भएकाले यसले व्यक्ति सत्तालाई सर्वोपरी मान्दछ । मानवीय अस्तित्वलाई महत्वताका साथ हेरेको हुन्छ । यसको दार्शनिक आधार प्रदान गर्ने परम्परामा किर्केगार्ड, जेस्पर्स, हसरेल, हाइडेगर मार्सलजस्ता दार्शनिकको योगदान रहेको भए पनि साहित्यिक आन्दोलनको रूप प्रदान गर्ने कार्य चाहीँ जाँ पाल सार्त्रेले गरेका हुन् ।[१२८] खासगरी विसङ्गतिवादको पृष्ठभूमिमा अस्तित्ववाद विचारधारा आएको हो ।

---

[१२७] कृष्णहरि बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत् , पृ. १४४ ।

[१२८] कुमारबहादुर जोशी, 'पाश्चात्य साहित्यका प्रमुख वाद' (ते.सं ललितपुर साझा प्रकाशन, २०५४), पृ. १०३ ।

अस्तित्ववादी धारा अनुसार मानिस इच्छा विरुद्ध जन्मन्छ र इच्छा बिना नै मर्दछ । यस्तो चरम विसङ्गतिका बीच पनि मान्छेले आफ्नो अस्तित्व आफै कायम गरी जीवनको अर्थ आफै खोज्नुपर्दछ । आफ्नो जीवनको निर्णय आफैले गर्ने र त्यसबाट प्राप्त हुने फल भोग्न पनि आफै तयार हुनुपर्दछ भन्ने मान्यता यस धाराका उपन्यासले राखेको पाइन्छ । अस्तित्ववादी विचारलाई अगाँलेर लेखिएका उपन्यासहरूमा शून्यता, निराशा, एकाङ्कीपन, निरर्थकता, मृत्यु जस्ता कुरा पुनरावृत्ति भइरहेको पाइन्छ । यस्ता उपन्यासमा मानवजीवन प्रयोजनहीन ठान्ने र जीवनमा स्वतन्त्रताको वकालत गरी अस्तित्वको सङ्घर्ष गर्ने प्रवृत्ति पाइन्छ । ईश्वरवादी र अनिश्वरवादी अस्तित्वको चेतनामा वर्गीकृत भएको अस्तित्ववादी दर्शनले अस्तित्वविहीन मान्छे आफूलाई चिन भन्ने दृष्टिकोणसँग सहमति जनाउन पुगेको ठहर गरिन्छ ।[१२९] यस धारामा संलग्न रहेर उपन्यास लेखन गर्ने उपन्यासकार र उपन्यासहरूमा विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती**, **हिटलर र यहूदी**, पारिजातको **महत्ताहीन** (२०२५), र **अन्तर्मुखी** (२०३५), ध्रुवचन्द्र गौतमको **बालुवामाथि** (२०२८), सरुभक्तको **पागलबस्ती** (२०४८) र **तरुनी खेती** (२०५३) आदि उपन्यास उल्लेखनीय रहेका छन् ।

### ३.३.३.८ प्रयोगवादी धारा

आधुनिक नेपाली उपन्यास साहित्यको परम्परामा प्रयोगवादी धाराको थालनी खास गरी वि.सं. २०२४ मा ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४) उपन्यासबाट भएको मानिन्छ । इन्द्रबहादुर राईले **आज रमिता छ** (२०२२) मार्फत प्रयोग पक्षको अङ्कन गरे पनि नेपालीमा प्रयोगवादी पहिलो उपन्यास ध्रुवचन्द गौतमको **अन्त्यपछि** (२०२४) हो, यसले कथानक, घटना र चरित्रको संयोजनबिना पनि औपन्यासिक कृति रचना गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ ।[१३०] वास्तवमा परम्परित मूल्य र ढाँचाबाट अलग बसेर नवीनताका साथ पेश हुनु प्रयोग हो । प्रयोगको मूल उद्देश्य नवीनताको खोजी र गतिशीलताको चाहना हो । सैद्धान्तिक र शैल्पिक दुबै किसिमको प्रयोगबाट नौलोपनको खोजी गर्नु तथा नयाँ किसिमले प्रयोगउन्मुख रहनु प्रयोगवादी

---

[१२९] राजेन्द्र सुवेदी 'नेपाली उपन्यास परम्परा र प्रवृत्ति', पूर्ववत्, पृ. २३३ ।

[१३०] कृष्णचन्द्रसिंह प्रधान , 'नेपाली उपन्यास र उपन्यासकार' (दो.सं.) ललितपुर साझा प्रकाशन, २०५३ पृ. १९५ ।

धाराको मूल ध्येय रहेको हुन्छ । यस्ता उपन्यासमा रचना धर्म, प्रविधि, स्वरूप मान्यता शिल्पको अङ्गीकारबाट प्रयोग पक्ष विकसित हुँदै जान्छ र प्रयोगले नवीनताको स्वरूप ग्रहण गरेको हुन्छ । यस्ता उपन्यासहरूमा उपन्यासको परम्परागत मूल्यलाई धराशायी पारेर वा भाँचेर नयाँ क्षेत्रको अन्वेषण गरिएको हुन्छ । विशेषगरी उपन्यास लेखनका क्रममा चलेका 'नयाँ उपन्यास', 'अउपन्यास' 'अधिउपन्यास' आदि प्रयोगवादी उपन्यासको कोटीमा पर्दछन् । प्रयोग प्रयोगका लागि मात्र नभएर विशिष्ट कलात्मक सौन्दर्यको प्रतिपादन गर्ने खालको हुनुपर्दछ । नयाँ कथ्य र नयाँ शिल्प अगाँलेर उपन्यासको सिर्जना गर्ने काम प्रयोगवादी धाराका उपन्यासमा गरिएको हुन्छ ।

यस धारामा संलग्न रहेर उपन्यास लेखन गर्ने उपन्यासकार र उपन्यासहरूमा मञ्जुलको **छेकुडोल्मा** (२०२६), ध्रुबचन्द्र गौतमको **डापी** (२०३३), **अलिखित** (२०४०), जगदीश घिमिरेको **साविती** (२०३२), कवितारामको **वकपत्र** (२०४६), दश जना लेखकको **आकाश विभाजित छ** (२०३१) आदि उल्लेखनीय रहेका छन् ।

### ३.३.३.९ प्रगतिवादी धारा

आधुनिक नेपाली उपन्यास साहित्यको परम्परामा प्रगतिवादी धाराको शुरुवात वि.सं.२०२५ सालमा डी.पी. अधिकारीको **आशमाया** (२०२५) उपन्यासबाट भएको पाइन्छ । प्रगतिवादी धारालाई समाजवादी यथार्थवादी धाराका रूपमा पनि लिन सकिन्छ । यस धाराको मूल आधार मार्क्स र एङ्गेल्सको द्वन्द्वात्मक भौतिकवाद हो । यस धाराले समाजको परिवर्तनको उच्चतम उद्देश्य लिएको हुन्छ । मार्क्सवादी समाजशास्त्रबाट विकसित मार्क्सवादी सिद्धान्तलाई आत्मसात् गरेर समाजलाई वर्गीय दृष्टिकोणबाट हेरिनु प्रगतिवादी/समाजवादी धाराको मूल पहिचान हो । यस धाराका उपन्यासले समाजका शोषित तथा सर्वहारा वर्गको मुक्तिको उद्घोष गर्दै समाजका शोषक वर्गको शोषण वृत्ति तथा उनीहरूको ह्रासोन्मुख स्थिति र शोषित वर्गको विजयको उल्लेख गरिएको हुन्छ । सामाजिक विकृति र विसङ्गतिप्रति आलोचना गरिने यस्ता उपन्यासलाई प्रगतिशील उपन्यासको रूपमा पनि लिइन्छ ।

यस धारामा आबद्ध भएर उपन्यास सिर्जना गर्ने उपन्यासकार र उपन्यासहरूमा डी.पी. अधिकारीकै **धरती अझै बोल्दैछ** (२०२७), खगेन्द्र

सङ्ग्रौलाको **चेतनाको पहिलो डाक** (२०२७), मोदनाथ प्रश्रितको **देशभक्त लक्ष्मी बाई** (२०३२), पारिजातको **तोरीबारी बाटा र सपनाहरू** (२०३२), रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (२०३९), ऋषिराज बरालको **कामरेड हुतराजको राजधानी प्रस्थान** (२०४८) आदि उपन्यासहरू उल्लेखनीय रहेका छन् ।

## ३.४ निष्कर्ष

उपन्यास शब्द संस्कृतको तत्सम् शब्द हो । खासगरी यो विधा पाश्चात्य साहित्यको देन हो । प्राचीन आख्यान परम्परा युरोपबाट विकास भयो तर आधुनिक उपन्यास एसियाको जापानमा जन्मिई बेलायतमा हुर्कदै त्यहाँबाट संसारभर विस्तार भएको देखिन आउँदछ । नेपाली साहित्येतिहासमा आधुनिकतातर्फ यसले विदेशी आख्यानमा आश्रित रहनु परे पनि आधुनिक कालमा यसले आफ्नै मौलिक स्वरूप र संरचनाका साथ फुल्ने फल्ने अवसर पाएको देखिन्छ । विशेषतःवि.सं. १९९१ सालदेखि प्रारम्भ भएको आधुनिक नेपाली उपन्यासले करीव-करीव सात दशक पार गर्दै विविध प्रवृत्तिका साथ नेपाली साहित्यमा अलग्गै पहिचान राख्न सफल भएको देखिन्छ । उपन्यास आधुनिक कालमा आएर विविध धारा र मोडमा देखापर्दै आएको छ । यो आदर्शवादी धारा हुँदै स्वच्छन्दतावादी, यथार्थवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी अस्तित्ववादी, प्रकृतवादी, प्रगतिवादी, नारीवादी तथा प्रयोगवादी धाराहरूमा अगाडि बढ्दै गएको देखिन्छ । यसरी हेर्दा आधुनिक नेपाली उपन्यास समय सान्दर्भिकरूपमा परिवर्तन हुन जान्ने लचिलो र परिवर्तनशील विधा हो । उपन्यास विकासको समकालीन अवस्थालाई हेर्नुपर्दा यसले नयाँ जोश जागर एवम् उत्साहका साथ नयाँ आयाममा विकसित हुँदै गएको पाइन्छ । अनेकौंको संख्यामा उपन्यासकारहरूले लेखन र प्रकाशनमा गरिरहेको आधुनिक नेपाली उपन्यास समसामयिक कालमा विविध धारमा अगाडि बढिरहेको छ र यस विधाको भविष्य समुज्ज्वल रहेको छ ।

## ३.५ उपन्यासकार वामदेव पहाडीको साहित्ययात्रा

### ३.५.१ लेखन आरम्भ

अमरताको शाश्वत मार्ग साहित्य र कला क्षेत्र हो । यस्तो क्षेत्रमा व्यक्तिले त्यतिखेरमात्र सफलता प्राप्त गर्दछ जतिवेला साधकले साहित्य र कलाका अनेकन विधामध्ये कुनै एक वा सो भन्दा बढी विधामा पूर्णता प्राप्त गर्दछ । वामदेव पहाडीको लेखक आरम्भ हिन्दी भाषा साहित्यबाट भएको हो । सर्वहितैषी कम्पनी (जालपादेवी रोड) वनारसको प्रकाशनको संस्थाको तर्फबाट प्रकाशित सम्पादक गोपालप्रसाद शर्मा रहेको मासिक **दीपक** मा वामदेव पहाडीले नेपालीमा आफ्ना कविता छाप्ने काम वि.सं. २०१३ सालमा गरेका हुन् ।[१३१] नेपाली भाषा साहित्यमा पहाडीका शुरुका फुटकर लेखको प्रकाशन मासिक 'दीपक' मै भएको हो ।[१३२]

वामदेव पहाडीको प्रथम प्रकाशित पुस्तककार कृति **नयननीर** हिन्दी गद्य कविता र गीतहरूको सङ्ग्रह हो ।[१३३] यो **नयननीर** वि.सं. २०१० सालमा प्रकाशित भई वि.सं.२०४६ सालमा पहाडी स्वयम्ले नेपालीमा अनुवाद गरे । यो वर्तमान अवस्थामा हिन्दी र नेपाली दुवै भाषामा प्राप्त छ । वि.सं. २०१३ सालदेखि लखनऊ र बहराइचबाट प्रकाशित साप्ताहिक **मानव जीवन** का सम्वाददाता पहाडी थिए । यसै बखत उनको एक हिन्दी कथा र केही कविता त्यसमा प्रकाशित भएका थिए, जुन हाल अप्राप्य छन् ।[१३४] पहाडीले पत्रकारिताको क्षेत्रमा वि.सं.२०१६ सालदेखि एवम् कानूनतर्फ वि.सं. २०२५ सालदेखि कलम चलाएका छन् र राजनीति, दर्शन, अर्थ आदिमा २०३६ को वर्षदेखि कलम चलाएका हुँदा उनका तत्सम्बन्धी क्षेत्रमा लेख प्रकाशनमा आउने गरेको पाइन्थ्यो ।[१३५]

---

[१३१] शोधार्थीलाई मनोज कुमार जोशीद्वारा प्राप्त जानकारी ।

[१३२] ऐजन ।

[१३३] वामदेव पहाडी 'मेरा कुरा', 'नयननीर' पूर्ववत्, पृ. ९ ।

[१३४] कृष्णराज पाण्डे 'वामदेव पहाडीका समालोचना' सम्वाद साप्ताहिक (भैरहवा : लक्ष्मी प्रिन्टिङ प्रेस, वर्ष ८, २०५३) पृ. ३ ।

[१३५] बसन्तध्वज जोशी, 'समवेदना' प्रेस क्लव अफ रूपन्देहीको २०६४/११/२७ को निर्णय पुस्तिका अनुसार ।

समग्रमा वामदेव पहाडीको लेखनकार्य हिन्दी भाषा साहित्यबाट भएको र पछि आएर नेपाली भाषा साहित्यमा भएको देखिन आउँछ ।

### ३.५.२ प्रेरणा र प्रभाव

वामदेव पहाडीको लेखनकार्य हिन्दी भाषा साहित्यबाट भएको हुँदा उनीमा हिन्दी भाषा साहित्यका सर्जकहरूको प्रेरणा र प्रभाव परेको देखिन आउँछ । हिन्दी साहित्यका सुमित्रानन्दन पन्थ, जयशङ्करप्रसाद, सूर्यकान्त त्रिपाठी (निराला) को र अङ्ग्रेजी साहित्यका टि.एस. इलियट, आइ.ए. रिचर्डस, कामु, काफ्का, सार्त्रे जस्ता लेखकहरूको प्रभावबाट उनी साहित्य लेखनतर्फ प्रेरित भएका छन् ।[१३६] पहाडी साहित्यमा स्वतन्त्र उत्प्रेरणाबाट स्वत : स्फूर्त हुने सृजनको पक्षमा प्रबल रहेको पाइन्छ । उनमा पूर्ववर्ती साहित्यकार, चिन्तक, आलोचक र दार्शनिकको निकै प्रभाव रहेको पाइन्छ ।[१३७] नेपाली साहित्यका महारथीहरू लेखनाथ पौड्याल, वालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा र मोदनाथ प्रश्रितका काव्यकृतिहरूको गहिरो समीचन र विवेचना गरेको कारण पहाडीमा नेपाली भाषा र साहित्यमा यिनै महारथीको प्रेरणा र प्रभाव देखिन पुग्दछ । हिन्दी साहित्यकार र नेपाली साहित्यकार दुवैको प्रेरणा र प्रभाव पहाडीमा रहेको थियो भन्न सकिन्छ ।

### ३.५.३ पुस्तकाकार कृति र विधा

वामदेव पहाडीका साहित्य लेखनका विधा खासगरी कविता, कथा, उपन्यास र समालोचना हुन् । तिनमा फुटकर रचना र पुस्तकाकार कृतिहरू छन् । उनी जीवनमा साहित्यिक बाहेक अन्य विविध प्रतिभासम्पन्न भए पनि स्वत : स्फूर्त सिर्जनकलाको माध्यमबाट साहित्यिक क्षेत्रमा मुख्य रूपले संलग्न रहेका थिए । उनले आफ्नो साहित्यिक प्रतिभालाई विशेषगरी समालोचनाको क्षेत्रमा लगाएर लेख लेखेका छन् र प्रकाशनमा ल्याएका छन् ।

---

[१३६] वामदेव पहाडी 'नयननीर' पूर्ववत् पृ. ७ ।

[१३७] ऐजन ।

लेखकका फुटकर रचनाहरू सङ्कलनमा पुस्तकाकार कृति र विधागत पुस्तकाकार कृतिहरू निम्नलिखित रहेका छन् –

| क.सं. | कृतिको नाम | विधा | प्रकाशन साल |
|---|---|---|---|
| १. | नयननीर | कविता सङ्ग्रह | २०१० |
| २. | कैदी र झ्यालखान | उपन्यास | २०३६ |
| ३. | विवेक र मन्थन | आलोचनात्मक निबन्ध सङ्ग्रह | २०३७ |
| ४. | जय देश जय नेपाल | कथा सङ्ग्रह | २०४१ |
| ५. | विचारकका केही क्षण | आलोचनात्मक निबन्ध सङ्ग्रह | २०५२ |
| ६. | आलोचना वृत्त | समालोचनात्मक लेख सङ्ग्रह | २०५४ |

७. नेपाली साहित्यको आलोचनात्मक इतिहास

(प्रकाशोन्मुख, ३०० पृष्ठ मुद्रित अवस्थामा र २०० पृष्ठ मुद्रण बाँकी रहेको छ ।)

### ३.५.४ वामदेव पहाडीको साहित्ययात्रा

समाजमा विघटन भइरहेको यथार्थतालाई यथासम्भव उजागर गर्न वामदेव पहाडीले साहित्य लेखनकार्य विगत चार दशकदेखि गर्दै आएका थिए ।[१३८] यसरी वामदेव पहाडीले आफ्नो जीवनमा चार दशकसम्म साहित्ययात्रा गरेको देखिन्छ । पहाडीको साहित्ययात्रालाई समग्ररूपमा यसरी प्रस्तुत गरिएको छ :

वामदेव पहाडीको साहित्ययात्राको प्रारम्भ वि.सं. २०१० सालदेखि भएको हो । उनको **नयननीर** (२०१०) पहिलो प्रकाशित हिन्दी गद्यकाव्य सङ्ग्रह हो । हिन्दी साहित्यको अध्ययनबाट हिन्दी विशिष्ट स्रष्टाहरूको प्रभाव परेको देखिन्छ । वि.सं. २०१३ सालदेखि पहाडीले नेपाली भाषा साहित्यमा लेखनारम्भ गरेको पाइन्छ । वि.सं. २०१६ सालदेखि वि.सं. २०२२ सालसम्म काठमाण्डौंमा विभिन्न

---

[१३८] बसन्तध्वज जोशी, 'समवेदना' पूर्ववत् ।

पत्र-पत्रिकामा सह-सम्पादनको कार्य गर्नु, कानूनी ज्ञान, अवधारणा हासील गर्नु, प्रमुख कार्यको रूपमा देखापर्दछ । यस अवधिमा पहाडी नेपाली साहित्यमा उदीयमान प्रतिभाका रूपमा रहे ।[१३९] पहाडीका कृति र प्रकाशन वर्षलाई हेर्दा वि.सं. २०१० **नयननीर** पश्चात् वि.सं. २०३५ सालसम्मको बीचको अवधिमा कुनै कृति प्रकाशनमा आएको देखिदैंन । यस बीचमा पहाडीको साहित्य सिर्जन निष्क्रिय एवम् शून्यता भएको देखिन आउँदछ । यो समयमा पहाडीले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसमा प्राध्यापक तथा क्याम्पस प्रमुख भई काम गरेको देखिन्छ भने अर्कोतर्फ कानूनी व्यवसायीतर्फ आकर्षित भई काम गरेको देखिन्छ ।

वि.सं. २०३६ सालमा वामदेव पहाडीको उपन्यास **कैदी र भ्यालखान** देखापर्दछ । यस उपन्यासको प्रकाशनले उनलाई उपन्यासकारको रूपमा चिनाउन पुगेको छ । यस उपन्यासको लेखन र प्रकाशन पश्चात् उनका कृतिहरू क्रमश : प्रकाशनमा आएका देखिन्छन् । वि.सं. २०३७ सालमा **विवेक र मन्थन** समालोचनात्मक निबन्ध सङ्ग्रह प्रकाशनमा आएको पाइन्छ । त्यसपछि वि.सं. २०४१ सालमा **जय देश जय नेपाल** कथा सङ्ग्रह प्रकाशन भएको देखिन्छ । यस कृतिले पहाडीलाई कथाकारको रूपमा उभ्याउन सफल भएको छ । यसरी उनी क्रमश : उपन्यासकार, समालोचक र कथाकार बन्न पुगेको देखिन्छ ।

यो समय कृति सिर्जनको दृष्टिले उत्कृष्ठ र उर्वर रहेको देखिन आउँदछ । यस समयमा पहाडीले फुटकर कथा लेखन कार्यलाई पनि गति दिएका छन् । **जङ्गल शहर जङ्गल** र **मूर्दावाददेखि जिन्दावादसम्म** कथाकृति उल्लेखनीय रहेका छन् ।[१४०] वि.सं. २०४२ सालदेखि २०५१ सालसम्म कुनै रचना कृति प्रकाशनमा आएको पाइँदैन ।

वि.सं. २०५२ सालमा **विचारका केही क्षण** आलोचनात्मक निबन्ध सङ्ग्रह लिएर पहाडी साहित्य सिर्जनको फाँटमा देखापरेका छन् । यो समयमा पहाडी शारीरिक रूपले अस्वस्थ पनि हुँदै गएका थिए । क्यान्सर रोगले आहत तुल्याइरहेको थियो । वि.सं. २०५४ सालमा **आलोचना वृत्त** समालोचनात्मक

---

[१३९] मदनदेव भट्टराई, 'रत्नश्री पदक र सम्मान' 'रत्नश्री' मासिक, (काठमाण्डौं : नवजीवन प्रेस, रत्नश्री पथ, डिल्लीबजार वर्ष ५, अङ्क २, २०२२) पृ. ७ ।

[१४०] वामदेव पहाडी 'कथाको भूमिका' रत्नश्री मासिक (वर्ष २८, अङ्क ३) पृ. ४८ ।

लेख सङ्ग्रह प्रकाशनमा आएको पाइन्छ । यो उनको अन्तिम चरण अवस्था रहेको थियो । उनले यस समयमा **नेपाली साहित्यको आलोचनात्मक इतिहास** रचना गरेको देखिन्छ तर यो कृति प्रकाशोन्मुख रहेको ३०० पृष्ठ मुद्रित अवस्थामा र २०० पृष्ठ मुद्रण बाँकी रहेको देखिन आउँछ ।

वि.सं. २०५१ सालपछि पहाडी शारीरिक रूपले अस्वस्थ हुँदै गएका र शरीरमा क्यान्सर जस्तो असाध्य रोगले ग्रसित बनाइरहँदा अत्यन्त व्यथित र दयनीय अवस्थामा बाँच्नु परेको थियो । रोगको कारणले गर्दा शारीरिक र बौद्धिक दुबै अवस्था दिन प्रतिदिन ह्रास हुँदै गएको थियो । फलस्वरूप साहित्य सिर्जनमा पूर्णत : विश्रान्ती भयो ।

## ३.६ निष्कर्ष

वामदेव पहाडीले नेपाली साहित्यका कविता, कथा, उपन्यास र समालोचनाका क्षेत्रमा कलम चलाएको पाइन्छ । साथै पत्रकारिता, कानून, दर्शन, अर्थ, राजनीतितर्फ पनि कलम चलाएको पाइन्छ । पहाडीको लेखन कार्य हिन्दी साहित्यबाट प्रारम्भ भएको हुँदा हिन्दी भाषाका सर्जक र नेपाली भाषाका सर्जकहरूको प्रेरणा र प्रभाव देखिन आउँदछ । नेपाली साहित्यका विविध विधामा प्रतिभा सम्पन्न भएका पहाडीको उच्चतम प्राप्तिको विधा भने समालोचना नै रहेको देखिन्छ । पहाडी समालोचनाको क्षेत्रमा दरो र खरो पाराले उत्रिएका देखिन्छन् । वि.सं. २०१० सालदेखि साहित्ययात्रा आरम्भ गरेका पहाडीको साहित्ययात्रा वि.सं. २०५४ सालसम्म तन्किएको पाइन्छ । यस समय अवधिमा उनले एउटा कविता सङ्ग्रह, एउटा उपन्यास, एउटा कथा सङ्ग्रह र तीनवटा आलोचनात्मक निबन्ध सङ्ग्रह प्रकाशनमा ल्याएका छन् भने अन्य फुटकर कथा, कविता, लेख, रचना पनि पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् । तार्किक शक्ति, ओजस्वी शैली र पूर्वी, पश्चिमी, दर्शन, साहित्य, सिद्धान्त, कृति तथा कृतिकारका वारेमा प्रभावकारीरूपले लेखनी चलाउँदै आएका पहाडीले रचनाहरूलाई कुनै वाद विशेषको चश्मा लगाएर भन्दा रचना र रचनाकर्मितावारे स्वतन्त्र दृष्टिवोधको आधारमा मूल्याङ्कन गर्ने गरेको पाइन्छ । पहाडीले नेपाली साहित्यका प्रायःसम्पूर्ण विधाको विषयगत, रूपगत, प्रवृत्तिगत र

क्रमिक विकासगत ऐतिहासिकताका आधारमा छुट्टाछुट्टै समीक्षा गरी तिनका परम्परागत विद्यमान त्रुटि औंल्याउँदै सुधारात्मक ठोस निष्कर्ष समेत दिएको पाइन्छ ।

समग्रमा पहाडीको साहित्य सिर्जन कार्य उर्वर देखिन आउँदछ । जीवनको उत्तरार्द्ध क्षणमा उनी क्यान्सर रोगको कारणले ग्रसित भई शारीरिक र बौद्धिक दुवै रूपले ह्रास बन्दै जाँदा साहित्य सिर्जनको कार्यले विश्रान्ती लिएको पाइन्छ ।

# अध्याय चार

## वामदेव पहाडीको उपन्यास कृतिको अध्ययन र विश्लेषण

### ४.१ कैदी र झ्यालखान उपन्यासको परिचय

**कैदी र झ्यालखान** उपन्यास वामदेव पहाडीले रचना गरेका हुन् । यो उपन्यास वि.सं.२०३६ सालको श्रावण सङ्क्रान्तीमा प्रथम संस्करणको रूपमा प्रकाशन नीलाम्बर भट्ट, बक्सीपुर, गोरखपुरबाट भएको हो ।[१४१] यस उपन्यासको मुद्रण शारदा प्रेस, गान्धी पार्क, गोरखपुरबाट भयो ।[१४२] यस उपन्यासको मूल्य ने. रु. ७.५० र भा.रु. ५.५० पैसा रहेको छ । **कैदी र झ्यालखान** उपन्यासको मुख पृष्ठमा दस ओटा रातो गोलो घेराको चक्र बनाइ त्यसै चक्राकारको बीचमा **कैदी र झ्यालखान** लेखिएको छ । मुख पृष्ठको माथिल्लो कालो भागमा आठओटा परेवा उडेको देखाइएको छ । परेवा उडेको देखाउनुले शान्तिको प्रतीकलाई सङ्केत गरेको बुझिन्छ । दस ओटा रातो गोलाको चक्रले उपन्यास भित्र रहेको दस परिच्छेदलाई सङ्कते गरेको अर्थ प्रतीत हुन आउँदछ ।

उपन्यासकार वामदेव पहाडीले लेखन र प्रकाशनको अभिव्यक्तिको आधार भनेर वि.सं.२०३६ साल जेठ १० र १६ गतेको शाही घोषणालाई मानेको देखिन्छ ।[१४३] **कैदी र झ्यालखान** उपन्यास लघु आकारको रहेको छ । यो उपन्यास ८१ पृष्ठभित्र दस परिच्छेदमा फैलिएको छ । परिच्छेदको विभाजनमा लगभग समानता देखिन आएतापनि पृष्ठको साना-ठूला परिच्छेदहरू रहेका छन् ।

दस परिच्छेदमा विभाजन गरिएको **कैदी र झ्यालखान** उपन्यासमा कथानकमा नवीनताका साथै प्रत्येक परिच्छेदमा कथोपकथनले उपन्यासलाई सजीव तुल्याएको छ । परम्परागत लेखनका विरुद्ध नवलेखनको तीव्र स्वर, पाश्चात्य प्रभाव र शील्पगत प्रयोगप्रतिको झुकावले वामदेव पहाडीको **कैदी र झ्यालखान** २०३६ को उपन्यासको प्रकाशनले पनि उपन्यास फाँटलाई निकै

---

[१४१] वामदेव पहाडी, 'कैदी र झ्यालखान' 'परिचय', २०३६ ।
[१४२] पूर्ववत् ।
[१४३] पूर्ववत् ।

उर्वर तुल्याएको छ ।[१४४] यस उपन्यासले राष्ट्रियताको दुरावस्था निरङ्कुश शासन प्रणालीप्रतिको विद्रोह र स्वतन्त्रता प्राप्तिको लडाइँमा हुन सक्ने देशभक्तहरूको बलिदानलाई प्रस्तुत गरेको छ । जुन समाज र राष्ट्रमा समग्र मानवता नै बन्दी छ, त्यस सर्वत्र फैलिएको अनन्त बन्दीगृहलाई तोड्न हतियार भिरेर भएतापनि धेरैले विद्रोह गर्दछन् र आत्मोत्सर्ग गर्दछन् भन्ने कुराको समर्थन उपन्यासले गरेको छ । राष्ट्र र जनताले भोग्नु परेका पीडाजन्य परिस्थितिको पृष्ठभूमिमा उपन्यास हुर्केबढेको छ । ती सबैको हातमा जो आ-आफ्नो वैचारिक कारागारमा कैद छन्, मुक्त हुन चाहन्छन् तर साहस र सङ्कल्प छैन भन्ने कुरा उपन्यासले प्रस्तुतले प्रस्तुत गर्न खोजेको छ ।[१४५] मानवीय मूल्य नै उपन्यासको महत्तम दावी हो; त्यसको प्रतिष्ठा गराउनमा शक्ति खर्च गराउनु परेको छ । मनुष्य जातिको धर्म नै मानवता हो र यसलाई कुनै पनि निहित राजनैतिक स्वार्थले कुल्चिनु हुँदैन भन्ने औपन्यासिक स्वर यसमा देखिन आएको छ ।

**कैदी र झ्यालखान** उपन्यास जुन परिवेशमा सिर्जन भएको छ त्यो राष्ट्र र जनताले प्रत्यक्ष भोग्नु परेको पीडाजन्य स्थिति हो । यो लेखकको एउटा यथार्थवादी दृष्टिकोणको वस्तुपरक तथा प्रगतिशील धारणाजन्य उपज हो जो कि निरङ्कुश व्यवस्थाका अन्याय, उत्पीडित, शोषण र दमनको चक्रव्यूहलाई विनष्ट गरी देशमा प्रजातन्त्र स्थापनाका लागि सङ्घर्ष गर्नेहरूको जीवनको दुःख तथा करुणाजन्य अवस्थाप्रति उपन्यासकारको समवेदना र सहानुभूति रहेको छ । सुधारको मनोभावना उपन्यासमा सन्निहित छ ।

उपन्यासका पात्र र घटना काल्पनिक भएर पनि जुनसुकै माटोमा उम्रिने खालका रहेका छन् ।[१४६] पात्रको चित्रणमा काल्पनिकता अवश्य नै रहन्छ । उपन्यासले मानवको मुटुलाई छोएको छ र एउटा नयाँ दिशावोध प्रस्तुत गरेको छ । उपन्यासको प्रधानपात्र ‘म’ जस्तै अनेकन स्थलमा तपाईले आफूलाई कहिले जेलभित्र त कहिले त्योदेखि बाहिर पाउनुहुनेछ ।[१४७] वास्तवमा मानिसमा रहेको अभाव र गरीबी नै झ्यालखान हो । इँट र गारोले बनेको झ्यालखानलाई

---

[१४४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा ‘नेपाली उपन्यासको सङ्क्षिप्त इतिहास’ साझा प्रकाशन, २०४०, पृ. १२३ ।

[१४५] वामदेव पहाडी ‘कैदी र झ्यालखान’ ‘समर्पण’ पूर्ववत् ।

[१४६] वामदेव पहाडी ‘कैदी र झ्यालखान’ ‘भूमिका’ पूर्ववत् ।

[१४७] वामदेव पहाडी ‘कैदी र झ्यालखान’ प्रकाशक, लेखक परिचय, पूर्ववत् ।

सजिलैसँग तोड्न सकिन्छ तर भोक र गरीबीको बन्दीगृहलाई, दासता र परतन्त्रताको शिविरलाई तोडेर मानवीय मूल्यको उपस्थापन गराउनु कठिन कुरा हो । उपन्यासमा वर्णित जीवनको शाश्वत, सत्य, देशीय, विस्तृत र सन्तुलित छ । यस्ता कृति युगको प्रतिनिधि बनेका छन् , पहाडीको औपन्यासिक कृतित्व त्यो धुरोमा पुग्न नसके पनि फेदीमा चाहीँ पक्कै रहेको छैन ।[१४८] उपन्यासमा प्रशासकहरूको चरित्रहीन अनैतिक आचरणको उद्घाटन गर्न लेखक सोझै जाइलागेर आलोचनाको बाटो अख्तियार गरेका छन् । आडम्बरी स्वभाव र चाकरी मनोवृत्तिको उछित्तोको साथै भ्रष्ट प्रशासक र निरङ्कुश चरित्रको आलोचना गर्नु, त्यसको विस्थापन गर्नु उपन्यासको उद्देश्य रहेको छ । उपन्यासको यथार्थताले मानवीयताको उपस्थापनमा जोड दिएको छ ।

**कैदी र झ्यालखान** उपन्यास आलोचनात्मक शैलीमा छ । उपन्यासको यथार्थवादी दृष्टि आलोचनात्मक यथार्थवादतर्फ उन्मुख भएको पाइन्छ । सङ्घर्षशील जीवनले मानिसलाई भविष्य निर्माणमा सहभागी बनाउँदछ र नयाँ यथार्थ सृष्टि गर्ने सिर्जनात्मक चेतना दिन्छ । उपन्यासले एउटा जागिर पात्रले निरङ्कुश शासन व्यवस्थामा भोग्नुपर्ने नियतिलाई प्रकट गर्ने उद्देश्य राखेको छ । जहाँ देशको अस्तव्यस्त दुरावस्थाप्रति चिन्तनशील रहेर "स्वतन्त्रता वाणी र कर्मको, जीवन कस्तो हुन्छ मानव धर्मको"[१४९] भन्ने धारणा बोकी सङ्घर्षको मूल धारा लिएका क्रान्तीकारी विद्यार्थीलाई बन्दुक र सङ्गीनको भरमा पक्रेर झ्यालखानमा कैद बनाइएको छ । यस्तो कार्यले न त सङ्घर्षको अभियान थुन्न सकिन्छ न त तानाशाहरू यसो गरेर निस्फिक्री रहन सक्दछन् ।

उपन्यासकारले उपन्यासमा सबै जागिर उस्तै, उही तानाशाही हुकुमी वृत्तमा रहनु हुँदैन भन्ने कुरा 'म' पात्रको रूपमा रहेको जेलरले राष्ट्र, राष्ट्रिय सार्वजनिक जीवनको स्वतन्त्रताप्रति उसले देखाएको आस्थाले प्रकट गरेको छ । अन्ततःऊ पनि त देशको नागरिक हो । उसका पारिवारिक समस्या समाजका साझा समस्याभित्रै पर्दछन् । उपन्यासमा एउटा सत्य छर्लङ्ग छ, त्यो हो **मानवीयताको महत्त्वता** जसमा लेखक सबैभन्दा सजग देखिएका छन् । मानवीयता मनुष्यत्वको जातीय धर्म हो । राजनैतिक निहित कुनै पनि स्वार्थले मानवीयतालाई होच्याउन मिल्दैन । उसलाई मनुष्य हुनुको गरिमामा उभ्याएर

---

[१४८] दयाराम श्रेष्ठ र मोहनराज शर्मा 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास' पूर्ववत्, पृ. १२३ ।

[१४९] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ६५ ।

हेर्ने हो भने प्रत्येक मानिसलाई मानवीयता सहज रूपमा उपलब्ध हुनुपर्थ्यो, प्रत्येक मानिसको आचरण प्रत्यक्ष भई यो गुण मानिसमा स्वत : प्राप्त हुनुपर्थ्यो तर विखण्डित अवस्थामा छ, यसलाई स्थापित गर्ने प्रयास उपन्यासको प्रमुख उद्देश्यको रूपमा रहेको छ ।[१५०]

## ४.१.१ कैदी र झ्यालखान उपन्यासको परिच्छेद-विभाजन

उपन्यासमा कथानकको प्रवाह कस्तो प्रकारको रहेको छ भन्ने कुरालाई देखाउन उपन्यासको परिच्छेद-विभाजन गरिएको हुन्छ । ती परिच्छेदहरूमा कथानकको घटना क्रमलाई देखाइएको हुन्छ । **कैदी र झ्यालखान** उपन्यासलाई दस परिच्छेदमा विभाजन गरिएको छ । उपन्यासको परिच्छेद विभाजनलाई निम्न बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१

| क.सं. | परिच्छेद | पृष्ठदेखि ......सम्म | परिच्छेदको पृष्ठ संख्या |
|---|---|---|---|
| १ | पहिलो | १–६ | ६ |
| २ | दोस्रो | ७–१२ | ६ |
| ३ | तेस्रो | १३–२० | ८ |
| ४ | चौंथो | २१–२७ | ७ |
| ५ | पाचौं | २८–३४ | ७ |
| ६ | छेठौं | ३५–४४ | १० |
| ७ | सातौं | ४५–५२ | ८ |
| ८ | आठौं | ५३–६० | ८ |
| ९ | नवौं | ६१–७१ | ११ |
| १० | दसौं | ७२–८१ | १० |

यस उपन्यासको पृष्ठ सङ्ख्या जम्मा ८१ रहेको छ ।[१५१] **कैदी र झ्यालखान** उपन्यासको पृष्ठसङ्ख्या एकबाट नै पहिलो परिच्छेदको शुरुवात भएको छ । उपन्यासका परिच्छेदहरू ८१ पृष्ठभित्र विभाजित भएका छन् । प्रतिपरिच्छेद न्यूनतम ६ पृष्ठदेखि अधिकतम ११ पृष्ठसम्म फैलावटमा रहेका छन्

१५० कृष्णचन्द्रसिंह प्रधान 'नेपाली उपन्यास र उपन्यासकार' काठमाण्डौं, साझा प्रकाशन, २०३७, पृ. २०८ ।

१५१ यस उपन्यासको परिच्छेद विभाजनको पृष्ठसङ्ख्या 'कैदी र झ्यालखान' प्रथम संस्करण २०३६ अनुसार गरिएको छ ।

। औसतमा प्रतिपरिच्छेद ८.१ पृष्ठसङ्ख्या पर्दछन् । यसरी हेर्दा उपन्यासका सबै परिच्छेदहरूको वितरण एकनास नभई केही छोटा र केही लामा परिच्छेदहरू रहेका देखिन्छन् । यस उपन्यासमा सबैभन्दा छोटा परिच्छेद पहिलो र दोस्रो रहेका छन् भने सबैभन्दा लामो परिच्छेद नवौं रहेको छ ।

हरेक संरचनाका विविध अङ्ग-अवयवहरू रहेका हुन्छन् । त्यस्ता अङ्गहरूले संरचनालाई पूर्ण बनाउन सघाउ पुऱ्याएका हुन्छन् । **कैदी र झ्यालखान** उपन्यासमा पनि एक संरचना भएकाले यसमा आएका सम्पूर्ण परिच्छेदहरू उपन्यासकै क्रमबद्धरूपमा रहेका अङ्गहरू हुन् । परिच्छेद र परिच्छेद विभाजनले उपन्यासलाई पूर्ण बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

## ४.२ उपन्यासको सङ्क्षिप्त कथासार

जेल कार्यालयको सुपरिन्टेन्डेन्ट पदमा जेलर (म पात्र) नियुक्त भएको छ । त्यस कारागारमा विविध मुद्दामा बन्दी बनाइएका कैदीहरू रहेका छन् । जेलमा बन्दी बनाइएका कैदीहरूलाई शारीरिक यातना दिनुहुँदैन र उनीहरूसँग सद्व्यवहार गरेर कैदीहरूको उराठ जीवनमा चिन्तनको धार खुलाउन सकिन्छ भन्ने धारणा जेलरमा रहेको छ । देशमा प्रजातन्त्र छैन, स्वतन्त्रता र समानता गुम्यो भनेर आन्दोलन गरेका विद्यार्थीहरू कैदीको रूपमा झ्यालखानमा परेका छन्, जसमध्ये वन्दना पनि त्यस्ती पात्र हो जो जेलमा कैद भएकी छे ।

जेलभित्र राजनैतिक बन्दीहरू छन् । उनीहरूको मार्क्सवादप्रति दृढ समर्थन रहेको छ । त्यसैले आन्दोलनको पक्षमा कारागारभित्रै आवाज उठिरहेको छ । जेलरलाई राज्यपालले जेलभित्र राजनैतिक नाराविरुद्ध जेल प्रशासन अत्यन्तै कडा गर्ने आदेश जारी गरी पठाएको छ । देशमा शोषण बढ्यो, गरीबी बढ्यो, महँगाइँ आकाशियो, काम र माम देऊ भन्दै आन्दोलन गरेका विद्यार्थीहरूले पुलिसको लाठी र रबरको बुलेटको मार खानु परेको छ । जेलभित्रका कैदी मख्खन, रामदीनहरूले राजनैतिक बन्दीहरूसँग मिलोमतो गरी जेलका हातहतियार आफ्नो नियन्त्रणमा लिएका छन् र पछि गएर जेलरको ठूलो अनुनय-विनयपश्चात् ती हातहतियार पुनः फिर्ता गरिदिन्छन् । यसैक्रममा जेलभित्र कैदी भएकी वन्दना र जेलरबीच प्रेमको अङ्कुरा टुसाउँदै गएको छ । वैचारिक सामिप्यताको कारणले गर्दा उनीहरूको प्रेमसम्बन्ध बढ्दै गएको छ । 'जेलर साहब' भन्ने वन्दनाको कथनले प्रेमाकाङ्क्षा खुल्दै गएको देखिन्छ ।

राज्यपालको उपस्थितिमा सरकारी उच्च पदस्थ कर्मचारीहरूको सम्मेलन प्रारम्भ भएको छ । यस सम्मेलनमा पारित प्रस्तावले देशमा सङ्कटकालीन अवस्थाको घोषणा गरेर वर्ग शत्रु निर्धारण गरेको छ । पारित निर्णयले देशमा तीन प्रकारका शत्रु रहेको दावी गरेको छ । (क) कम्युनिष्ट शक्ति (ख) प्रजातन्त्रवादीहरू र (ग) स्वतन्त्र विचारधारा राख्ने तर संसदीय व्यवस्थामा विश्वास लिएका डेमोक्रेटहरू । यही सम्मेलनले देशमा भइरहेको व्यवस्थामा संशोधन र परिवर्तन गर्ने लक्ष्य लिएर गोप्य निमन्त्रणा भइरहेको छ । जेलर कारागारमा कैद बनाइएका राजनैतिक बन्दीहरूलाई आन्तरिक गुप्त रूपले जेल तोडेर भाग्न सहयोग पुऱ्याइरहेको छ । साथै जेलर र बन्दी वन्दनाबीचको प्रेम प्रगाढ रूपमा विकसित भइरहेको छ ।

कारागार तोडेर बन्दीहरू भागेका छन् । बन्दीहरूको खोजीमा सैनिक बटालियन र त्यसको लेफ्टिनेन्ट रावलका साथ जेलर जङ्गलको शिविरमा गई बसेका छन् । कारागार तोडी बन्दीहरू जङ्गलमा भागेको यथार्थ कुरा जेलरलाई पठाएको पत्रमा बन्दीहरूले उल्लेख गरेका छन् । यस पत्रमा “स्वतन्त्रताका वाणी र कर्मको, जीवन जस्तो हुन्छ मानव धर्मको” भन्ने कथनका साथ जेलरको प्रगतिशील एवम् क्रान्तीकारी विचारधारालाई लिएर अप्रत्यक्ष रूपमा सह्राना गरिएको छ । मख्खन, रामदीन, राधेश्याम, शम्भु झ्यालखान तोडेर भाग्न सफल भएपछि आफ्नो योजनालाई प्रभावकारी बनाउन आन्दोलनमा लागीपरेका छन् । आन्दोलन सफल पार्न उनीहरूको भूमिका अत्यन्तै सक्रिय र सह्रानीय रहेको छ । जेल तोडेर भागेका कैदीहरूलाई जेलरले हिरासतमा ल्याउन नसक्दा तोकिएको सजाय अनुसार जेलर (म) पात्र जेलमा कैदीको रूपमा बन्दी हुन पुगेको छ । यसै क्रममा बन्दी ‘म’ पात्र र वन्दनाबीच कारागारमा कुराकानी भइरहेको छ । यस्तै समयमा विद्रोहीहरूले झ्यालखानमाथि पुन :आक्रमण गरी ‘म’ पात्रलाई भगाउन खोजेका छन् । तानाशाही र सामन्तवादको भूतलाई तर्साइदिएका छन् । सरकारी पक्ष र विद्रोही पक्षबीच गोली हानाहान हुँदा अधिनायकवादी सरकारको गोलीको सिकार वन्दना हुन पुगेकी छे । फलस्वरूप उसको मृत्यु भएको छ । अन्तमा जेलरले (म पात्र) मख्खन, रामदीन, राधेश्याम, शम्भु जस्ताको सङ्घर्षलाई समसामयिक परिप्रेक्ष्य हो भन्न खोजको छ । यसरी जेलर कतै ‘म’ पात्रको रूपमा रहेको छ भने कतै जेलर जेलमा बन्दी बनेर सजाय भोग्नुपरेको घटना छ । यत्तिकैमा उपन्यासको कथावस्तु टुङ्गिएको देखिन आउँदछ अर्थात्

मख्खन, रामदीन, राधेश्याम, शम्भुले गरेको क्रान्तिकारी आन्दोलनले सफलता पाएपछि उपन्यासको बिट मारिएको छ ।

## ४.३ उपन्यासको तत्वको आधारमा कैदी र झ्यालखान उपन्यासको विश्लेषण

### ४.३.१ कथानकका आधारमा

उपन्यासमा घट्ने योजनाहरूको योजनाबद्ध ढाँचा कथानक हो । उपन्यासमा घट्ने घटनाहरू एक अर्काको कार्यकारण सम्बन्धद्वारा कस्सिएका हुन्छन् । कथानकमा चरित्र, विचार, बुद्धि, कल्पना जस्ता कुराहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

**कैदी र झ्यालखान** उपन्यास आलोचनात्मक शैलीमा लेखिएको छ । यसमा समाजमा यथार्थ पक्षहरूको तटस्थ प्रस्तुति रहेको छ  भने अर्कोतर्फ समाजमा रहेका विकृति र विसङ्गतिका पक्षमाथि आलोचनात्मक टिप्पणी गर्नुका साथै निराकरणका लागि स्वच्छन्दरूपमा बुलन्द क्रान्तिकारी आवाज उठाइएको छ । समाजका अन्तरकुन्तरलाई केलाउँदै अभाव र विसङ्गतिका चापमा परेको जीवनको वास्तविकतालाई उद्घाटन गर्ने कला उपन्यासमा रहेको पाइन्छ ।

**कैदी र झ्यालखान** उपन्यासको कथानक मूलत : राजनैतिक र सामाजिक पृष्ठभूमिमा रहेको छ । खासगरी कथावस्तुको उठान राजनैतिक परिवेशबाट भएको छ र सामाजिक परिवेशलाई पनि त्यत्तिकै महत्व दिइएको छ । कारागार र कारागारमा रहेका बन्दीहरूको घटनाक्रममा कथावस्तु प्रारम्भ भएको छ । देशमा प्रजातन्त्र छैन, स्वतन्त्रता र समानता गुम्यो भनेर आन्दोलन गर्ने विद्यार्थीलाई पुलिसको लाठी र रबर बुलेटका माध्यमले नियन्त्रणमा लिई जेल चलान गरिएको छ । शोषण भयो, गरीबी र महँगाइँ बढ्यो, काम र माम देऊ भन्दै आन्दोलन गरेका वन्दना, रामदीन, शम्मु, मख्खन, राधेश्याम जस्ता पात्रले पुलिसको लात्ती र गोलीको मारलाई खेपी कारागारमा कैद हुनुपरेको अवस्था छ । तानाशाह र दलालहरू मिलेर राष्ट्रको सम्पत्तिको ढुकुटी रित्याउने प्रवृत्तिका विरुद्ध सङ्घर्षको शङ्घोष गर्न खोजिएको छ । समाजलाई विषालु सर्प बनेर डसिरहेको भ्रष्टाचारी र राजनैतिक अपराधी जस्ता पक्षमाथि प्रशस्तै आलोचना भएको छ । गरीबका लागि गाँस, बास, कपासको व्यवस्था हुनुपर्ने पक्षमा आन्दोलनकारीहरूले बुलन्द आवाज उठाएका छन् । जेलर एक जागिरदार

व्यक्ति हो जसले एउटा निरङ्कुश शासन व्यवस्थामा भोग्नुपर्ने नियति परिस्थितिवश भोग्नु परिरहेको छ ।

देशको अस्तव्यस्त दुरावस्थाप्रति चिन्तनशील रहेर "स्वतन्त्रता वाणी र कर्मको जीवन कस्तो हुन्छ मानव धर्मको"[१५२] भन्ने मूल नारालाई आत्मसात् गरी आन्दोलन गरेका क्रान्तिकारी विद्यार्थीहरूलाई बन्दुक र सङ्गीनको भरमा पक्रेर झ्यालखानमा कैद गरिएको छ तर यस्तो कर्मले सङ्घर्षको अभियान थुनिएको छैन न त तानाशाहहरू निश्चित भएर नै बस्न पाएका छन् तैपनि सीमित वर्ग वा मुट्ठीभरका मानिसहरूले आन्दोलनको भावना र मर्मलाई दबाउन खोजिरहेको अवस्था छ ।

**कैदी र झ्यालखान** उपन्यासमा जेलरको भूमिका अहम् रहेको छ । सबै जागिरदार तानाशाही हुकुमी वृत्तका हुँदैनन् भन्ने कुरालाई जेलरको कार्यले पुष्टि गरेको छ । जेलरले राष्ट्र, राष्ट्रियता, सार्वजनिक जीवनको स्वतन्त्रताप्रति अटल आस्था राखेको छ । जेलर पनि देशको नागरिक हो, जनता हो, उसका पारिवारिक समस्या समाजका साझा समस्या भित्रै पर्दछन् भन्ने कुरा जेलरको वैचारिक आस्थाले प्रकट गरेको छ ।

राजनैतिक तथा सामाजिक विषयवस्तुलाई आधार बनाएर यो उपन्यास तयार पारिएको छ । यस उपन्यासमा मानवीयताको महत्तम दावी भएको छ । मानवीय धर्म र मनुष्यत्वलाई कुनै पनि राजनीतिक स्वार्थले कुल्चिनु हुँदैन । मानवता मनुष्यको जातीय धर्म हो । प्रत्येक मानिसलाई मानवीयता सहजै उपलब्ध हुनुपर्थ्यो तर त्यो कुरा यहाँ हुन सकिरहेको छैन भन्ने वास्तविक तथ्यलाई उपन्यासमा निहित कथावस्तुले प्रदर्शित गर्न खोजिरहेको छ ।

जुन देशमा कारागारको सीमा छैन, त्यसलाई सीमाबद्ध गराउनु पर्दछ, नत्र मूर्ख र सज्जन, वेइमान र इमान्दार, शोषक र शोषित एकै खाडलमा पर्दछन् । यसकारण मानिसलाई वैचारिक कारागारमा नराखी कारागारको अनन्ततालाई अन्त गर्ने मुख्य आह्वान कैदी र झ्यालखान उपन्यासले गरेको छ । प्रजातन्त्र प्राप्तिको लागि कटिवद्ध भएका जुनसुकै देशका जनताहरूले भोग्नु परेका वाध्यता र त्यसप्रति उनीहरूले गर्ने विद्रोह नै यस उपन्यासको विषयवस्तु हो । त्यसैले यो राजनैतिक सामाजिक उपन्यास हो ।


---

[१५२] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ६४-६५ ।

## ४.३.१.१ कैदी र भ्यालखान उपन्यासको कथानक विकासक्रमको कोठे तालिका

(ग्राफ चार्ट )

तालिका नं. २




***कैदी र भ्यालखान** उपन्यासको कथानक- पिरामिड (सूचि-स्तम्भ) विकासक्रमको आधारमा ।*

सङ्केतहरू : १, २, ३ ....ले **कैदी र भ्यालखान** उपन्यासका परिच्छेदहरू जनाउँछन् ।

*कथानकको गतिको दिशा*

| | | |
|---|---|---|
| क | १ र २ परिच्छेद | = चिनारी (आरम्भ) |
| क देखि ख सम्म | ३, ४ र ५ परिच्छेद | = सङ्घर्ष-विकास |
| ख देखि ग सम्म | ६ र ७ परिच्छेद | = चरम |
| ग देखि घ सम्म | ८ र ९ परिच्छेद | = सङ्घर्ष-ह्रास |
| घ देखि ङ सम्म | १० परिच्छेद | = उपसंहार |

### ४.३.१.२ कथानकको ढाँचा र तालिका विश्लेषण

आरम्भदेखि अन्त्यसम्म रहने घटनावलीहरूको संयोजनको अवस्था नै उपन्यासमा कथानकको ढाँचा हो । उपन्यासमा उपन्यासकारहरूले घटनावलीलाई आफ्नो रुचि, कौशलता एवम् प्रभावकारीता देखाउनको लागि विविध ढाँचा अपनाएर कथानकको निर्माण गरेका हुन्छन् । कथानकका ढाँचाहरू मूलत : रैखिक र वृत्ताकारीय गरी दुई प्रकारमा पाइन्छ । उपन्यासकारले यी दुई ढाँचामध्ये कुनै ढाँचाको अवलम्वन गरी उपन्यासमा कथानकको निर्माण गरेको हुन्छ ।

**कैदी र झ्यालखान** उपन्यासको कथावस्तु सामान्यतः रैखिक ढाँचामा सलल बगेको पाइन्छ । उपन्यासको कथावस्तुमा प्रथम परिच्छेददेखि दोस्रो परिच्छेदसम्म कार्यालयको जेलर र बन्दीहरूको सामान्य परिचय रहेको छ । यसमा जेलरले गार्डको सहायता लिएर विविध मुद्दामा जेलमा कैद भएका बन्दीहरूको अवस्थालाई राम्ररी बुझ्ने प्रयास गरेको छ । यसलाई उपन्यासको कथावस्तुको आदि अवस्था मान्न सकिन्छ । यो कथावस्तुको आरम्भ हो ।

उपन्यासको तेस्रो परिच्छेददेखि पाचौं परिच्छेदसम्म सङ्घर्ष विकास रहेको छ । यसमा जेलभित्र रहेका बन्दीहरूको मार्क्सवादप्रति दृढ समर्थन भएकाले आन्दोलन राजनैतिक नाराविरुद्ध जेल प्रशासन कडा राख्न आदेश जारी भएको छ । शोषण, गरीबी, महँगाइँ बढ्यो, काम र माम चाहियो भन्दा विद्यार्थीले लाठी र रबर बुलेटको मार खेप्नु परेको छ । क्रमश : जेलर र वन्दनाबीचको प्रेमाकाङ्क्षा पनि अङ्कुरित हुदैँ गएको पाइन्छ ।

उपन्यासको छेठौं परिच्छेददेखि सातौं परिच्छेदसम्म कथावस्तुको चरमोत्कर्ष अवस्था रहेको छ । यो अवस्था उपन्यासको मध्य अवस्था हो । यसमा सरकारी पदस्थ व्यक्तिहरूको सभा-सम्मेलन गरेर देशमा सङ्कटकालीन स्थितिको घोषणा गरी वर्ग शत्रु निर्धारण गरिएको छ । विद्रोहीहरूलाई दबाउन शासन व्यवस्थालाई चुस्तदुरुस्त पार्न खोजिएको छ । अर्कोतर्फ विद्रोहीहरूले जेल तोड्नका लागि आन्तरिकरूपले गुप्त योजना बनाइरहेका छन् । यस्तो योजनालाई जेलरको पनि सहयोग र समर्थन गोप्यरूपबाट भइरहेको छ । जेलर

र बन्दी वन्दनाबीचको प्रेम औधि प्रगाढ बन्दै गइरहेको छ । यो उपन्यासको चरम अवस्था हो ।

उपन्यासको परिच्छेद आठौंदेखि नवौं परिच्छेदसम्म कथावस्तु सङ्घर्ष-ह्रास हुदैं गएको पाइन्छ । यसमा जेल तोडेर भागेका बन्दीहरूको खोजीमा सैनिक बटालियन र त्यसको लेफ्टिनेन्ट रावलका साथ जेलर पनि जङ्गलको शिविरमा बसेका छन् । बन्दीहरले पठाएको पत्रमा 'स्वतन्त्रता वाणी र कर्मको, जीवन जस्तो हुन्छ मानव धर्मको' भन्ने वाक्यका साथ जेलरको प्रगतिशील क्रान्तिकारी विचारधारालाई अप्रत्यक्ष तथा परोक्षरूपमा प्रशंसा गरिएको छ । तानाशाही शासन व्यवस्थाको समूल नष्ट गर्न आन्दोलनका चरणबद्ध योजना बनाउन भागेका बन्दीहरू मख्खन, राधेश्याम, शम्भु, रामदीन सक्रिय भइरहेका देखिन्छन् ।

उपन्यासको परिच्छेद दसौं उपसंहार हो । यही परिच्छेदमा उपन्यासको कथावस्तु समापन भएको छ । यसमा जेल तोडेर भागेका कैदीहरूलाई हिरासतमा ल्याउन नसकेको र उनीहरूको आन्दोलनलाई समसामयिक परिप्रेक्ष्य हो भन्ने 'म' पात्र (जेलर) जेलमा बन्दी बनेर सजाय भोग्नु परेको छ । पुन : सरकारी पक्ष र विद्रोही पक्षबीच लडाइँ भएपछि विद्रोहीहरू 'म' पात्र (जेलर) भगाउन सफल भएका छन् । यसै क्रममा जेलमै कैदी भएकी वन्दनालाई छातीमा गोली लागेर उसको देहान्त भएको छ । विद्रोहीहरूको आन्दोलनलाई सफलता प्राप्त भएको छ । यही विन्दुमा आएर उपन्यासको कथावस्तु टुङ्गिएको छ । यो नै उपन्यासको कथावस्तुको अन्त्य भाग हो ।

रैखिक ढाँचामा विकास भएको **कैदी र झ्यालखान** उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको श्रृङ्खलामा आबद्ध रहेको छ । यस उपन्यासमा आरम्भ, सङ्घर्ष-विकास, चरम, सङ्घर्ष-ह्रास र उपसंहारको श्रृङ्खला पाइन्छ ।

## ४.३.२ पात्र तथा चरित्रका आधारमा

उपन्यासभित्रका विशेषता बुझाउन व्यवस्थितरूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणी नै पात्र वा चरित्र हुन् । सामान्यतया :पात्रले फरक-फरक विचारलाई सम्प्रेषण गर्न एक वर्गको कार्य गरेको हुन्छ । उपन्यासलाई जीवित तुल्याएर कथानकलाई गति दिने महत्वपूर्ण जिम्मेवारी पात्रको रहेको हुन्छ ।

पात्रकै सम्वाद र क्रियाबाट स्रष्टाले आफ्‌ना मूर्त एवम्‌ अमूर्त विचारलाई प्रकट गरेको हुन्छ । पात्र तथा चरित्र भनेका कथावस्तुलई गति दिने वाहन हुन्‌ ।

**कैदी र झ्यालखान** उपन्यासको राजनैतिक एवम्‌ सामाजिक कथावस्तुलाई चरित्र चित्रणकै माध्यमबाट अगाडि बढाइएको छ । उपन्यासका सबै पात्रका कार्यव्यापारको माध्यमबाट कथ्यलाई कलात्मक रूपमा अघि बढाएको पाइन्छ । उपन्यासमा पात्रको सङ्ख्या थोरै देखिन्छ, तापनि प्रमुख, सहायक एवम्‌ गौण पात्रहरूको संयोजन सबल प्रकारको रहेको छ । उपन्यासमा रहेका सबै पात्रहरूलाई निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.३.२.१ 'कैदी र झ्यालखान' उपन्यासको पात्रविधान सम्बन्धी तालिका

तालिका नं.३

| क्र.सं. | पात्रहरू | ! | | @ | | | # | | $ | | % | | ^ | | & | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लि¨ | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
| | | क | ख | क | ख | ग | क | ख | क | ख | क | ख | क | ख | क | ख |
| | | पुलिङ्ग | स्त्रीलिङ्ग | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थीर | गतिशील | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | जेलर (म) | ✓ | | ✓ | | | ✓ | | ✓ | | | ✓ | | ✓ | ✓ | |
| २ | वन्दना | | ✓ | ✓ | | | ✓ | | | ✓ | | ✓ | | ✓ | ✓ | |
| ३ | मख्खन | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | ✓ | |
| ४ | शम्भु | ✓ | | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ | ✓ | |
| ५ | रामदीन | ✓ | | | | ✓ | | ✓ | ✓ | | | ✓ | | ✓ | ✓ | |
| ६ | राधेश्याम | ✓ | | | ✓ | | ✓ | | ✓ | | | ✓ | | ✓ | ✓ | |
| ७ | राज्यपाल | ✓ | | | | ✓ | | ✓ | ✓ | | ✓ | | ✓ | | | ✓ |
| ८ | लेफ्टिनेन्ट | ✓ | | | | ✓ | | ✓ | | ✓ | ✓ | | | ✓ | | ✓ |

चिन्ह सङ्केत : ✓ चिन्हले सम्बद्ध प्रयोजनको उल्लेखलाई जनाउँदछ ।

**कैदी र झ्यालखान** उपन्यासमा विविध प्रकृतिका पात्रहरूको भूमिका रहेको तथ्य पात्रविधान सम्बन्धी तालिकाबाट प्रष्ट हुन्छ । प्रस्तुत गरिएको तालिकालाई मुख्य आधार मानेर उपन्यासका चरित्रको चित्रण गर्ने जमर्को

गरिएको छ । उपन्यासका प्रमुख, सहायक र गौण पात्रको चरित्रचित्रण क्रमश :तल प्रस्तुत गरिएको छ ।

## प्रमुख पात्र

### जेलर (म)

जेलरका रूपमा रहेको 'म' पात्र **कैदी र झ्यालखान** उपन्यासको प्रमुख पात्र हो । लिङ्गका आधारमा पुरुष पात्र हो । जेलर यस उपन्यासमा प्रयुक्त कथानकको केन्द्रिय चरित्रका रूपमा आएको छ । यसैकारण यस पात्रलाई प्रमुख पात्रको रूपमा लिइएको छ । जेलरले राजनीतिक विषयमा एम.ए. उत्तीर्ण गरी जेल कार्यालयको सुपरिटेन्डेन्ट पदमा जागिर खाएको छ । दिनभर जेल कार्यालय र त्यसको नियन्त्रित परिवेशमा बस्दाबस्दै आफूलाई जेलका कैदीसँग तुलना गरेको छ । 'म' पात्रले आफूलाई झ्यालखानभित्र रहेको कैदीभन्दा फरक पाउदैनथ्यो । फरक यति थियो, जेलरको नाताले कामकारवाहीमा आफूलाई केही फरक महशुस गर्थ्यो ।

यस उपन्यासमा 'म' पात्र अनुकूल पात्रका रूपमा चित्रित छ । 'म' पात्र प्रजातन्त्रको पूर्ण समर्थक र निरङ्कुश शासन व्यवस्थाको पूर्ण विरोधी हो । अरु जस्तो कठोर र निर्दयी जेलरका रूपमा यो पात्र भएको पाइदैन । यो शिक्षित, जागिरे, बुद्धिजीवि तथा प्रजातन्त्रवादीहरूको प्रतिनिधि पात्र हो । यस उपन्यासमा जेलरलाई स्वभावका आधारमा हेर्दा स्थीर पात्र हो किनभने शुरुदेखि अन्त्यसम्म उसको विचारमा कुनै किसिमको परिवर्तन आएको पाइदैन । आफ्नो प्रजातान्त्रिक विचार तथा सिद्धान्तमा अडिग रहेको छ । जीवनजेचनाका आधारमा व्यक्तिगत चेतना भएको पात्र हो । कुनै किसिमको व्यक्तिगत स्वार्थ, लोभ, लालचमा लागेको देखिदैन । आसन्नताका आधारमा मञ्चीय पात्र हो । उपन्यासको प्रारम्भ नै 'म' पात्रबाट भएको छ । उसका सबै महत्वपूर्ण क्रियाकलापहरू उपन्यासको मञ्चमा प्रत्यक्ष रूपमा घटित भएका छन् । उपन्यासको कथानकमा जेलर प्रत्यक्ष रूपमा रही आएको छ । यो पात्रलाई उपन्यासमा एक क्षण हटाउन मिल्दैन । यसैले मञ्चीय पात्र हो । आबद्धताका आधारमा 'म' बद्ध पात्र हो । उपन्यासका घटनाहरू जेलरको चरित्रसँगै आबद्ध भएर आएका छन् । जेलरलाई उपन्यासको कथानकबाट झिकिदिने हो भने यसको संरचना नै खलबलिएर

अस्तित्वविहीन हुनपुग्दछ । मानवीय उदात्तताको प्रतिमूर्तिका रूपमा जेलरको भूमिका रहेको छ ।

'म' पात्रले जेलर पदमा जागिर खाएपनि उसमा निडरता छ, साहस छ । समयको क्रममा व्यवस्थामा देखिएको दुषित व्यवस्थालाई अफाल्नको लागि आन्दोलन गर्नुपर्छ भन्ने धारणा उसमा पाइन्छ । 'म' पात्रले भनेको छ– 'क्रान्तीले हमेशा नयाँ कुरा ल्याउँछ, नयाँ पालुवाको रूपमा त्यहाँ एक नयाँ जीवन आरम्भ हुन्छ ।'[१५३] 'म' पात्रले जेलरको भूमिका निर्वाह गरे पनि तत्कालीन शासन व्यवस्थाबाट वाक्कदिक्क भएर राजनीतिक बन्दीहरूलाई जेल तोडेर भाग्नको लागि गुप्तरूपले सहयोग पुऱ्याएको छ । खासगरी 'म' पात्रलाई प्रहरीले विद्यार्थीलाई कुटेको र रबरका बुलेटले हानेको मन परेको छैन किनकी ती विद्यार्थीहरू काम र मामको लागि आन्दोलनरत थिए । बन्दीहरूले जेललाई तोडेर भागेपछि राज्यपालबाट जेलका कैदीहरूलाई नियन्त्रण र अनुशासनमा राख्न नसकेको भनी 'म' पात्रलाई जेलर पदबाट मुक्त गराइएको छ र कैदी भगाएको आरोपमा कैद समेत गरिएको छ । यसरी 'म' पात्र कहिले जेलभित्र त कहिले जेल बाहिर समेत बसी सजाय भोग्नुपरेको अवस्था छ । जेलभित्र बन्दी बनाइएकी वन्दनासँग 'म' पात्रको प्रेम सम्बन्ध पनि देखिन आएको छ । एक जागिरदारले निरङ्कुश शासन व्यवस्थामा भोग्नुपर्ने सम्पूर्ण कुरा 'म' पात्रले भोगेको कुरा उसको चरित्रले प्रष्ट गरेको छ । प्रस्तुत 'कैदी र झ्यालखान' उपन्यासमा 'म' पात्र नायक पात्रको रूपमा चित्रित भएको स्पष्टत : देखिन आउँदछ ।

## वन्दना

वन्दना **कैदी र झ्यालखान** उपन्यासकी नायिका हो । उपन्यासकी एक मात्र स्त्री पात्र हो । कार्यको आधारमा प्रमुख पात्र हो । लगभग १८ वसन्त पार गरेकी यी पात्र राजनैतिक बन्दी हुन् । विद्यार्थीहरूले काम, माम, महँगाइँ र शोषणको विरुद्धमा आन्दोलन गर्दा र तत्कालीन शासन व्यवस्थाको चर्को विरोधमा आवाज उठाएकोले यी पात्र झ्यालखानमा कैद हुनुपरेको देखिन्छ ।

राष्ट्रियता, प्रजातन्त्र, नैतिकता र जीवनको आदर्शलाई आफ्नो कर्तव्य ठान्ने वन्दना अनुकूल प्रवृत्ति चरित्र हो । ऊ कारागारबाट भाग्न पनि चाहँदिन र

---

[१५३] वामदेव पहाडी, 'कैदी र झ्यालखान' पूर्ववत्, पृ ७६ ।

उसको भाग्ने इच्छा पनि देखिदैन । स्वभावको आधारमा गतिशील चरित्र हो । उसले पहिले अर्को परपुरुषसँग प्रेम सम्बन्ध राखेकी छे भने पछि आएर जेल कार्यालयको जेलरसँग उसको प्रेम विकसित भएको छ । जीवनचेतनाका आधारमा यो पात्र व्यक्तिगत चेतनाको पात्र हो । उपन्यासमा भएका उसका क्रियाकलापले व्यक्तिविशेष चरित्रलाई प्रस्तुत गरेका छन् । राजनैतिक बन्दी भएपनि आफ्नै किसिमको विचार र धारमा हिड्ने पात्र हो । आसन्नताको आधारमा हेर्दा वन्दना मञ्चीय पात्र हो । उपन्यासमा यिनको प्रवेश पृष्ठ-३ देखि अन्त्यसम्म नै रहेको छ ।[१५४] उपन्यासमा प्रत्यक्षरूपमा उपस्थित देखिएकोले मञ्चीय पात्र हो । उपन्यासको कथानकबाट यो पात्रलाई हटाउँदा उपन्यास अधुरो हुन्छ । आसन्नताको आधारमा बद्ध चरित्र हो । वन्दनाका क्रियाकलापसँग उपन्यासका घटना आबद्ध भएका छन् । यो पात्रलाई उपन्यासको कथानकबाट अलग राख्दा उपन्यासको कथावस्तु प्रष्टिन सक्दैन ।

स्त्री पात्रकी रूपमा रहेकी वन्दना निडर र साहसी पात्र हो । उसको विचारमा सरकारले मलाई खान दिन्न भने नदेओस् । देशका हजारौं लाखौं भोकाहरू जस्तो एक म पनि नखाएर मरिदिउँला । प्रजातन्त्र मरेको, तसर्थ मलाई पनि मार ।[१५५] यसरी प्रजातन्त्रवादी विचारमा भरपूर समर्थन देखाउने यी पात्र साच्चै निरङ्कुश शासन व्यवस्थाको विरोधी भएको पाइन्छ । राजनैतिक बन्दीहरू भएको कारागारमा सरकारी सेना र विद्रोहीहरूबीच लडाइँ हुँदा सरकारी सेनाले चलाएको गाली वायाँ काखीमा लागेर वन्दनाको मृत्यु भएको छ । प्रजातन्त्र ल्याउनको लागि जीवन नै शहादत गर्ने पात्र वन्दना हो ।

## सहायक पात्र

### मख्खन

मख्खन यस उपन्यासको पुरुष पात्र हो । कार्यगत आधारमा सहायक पात्र हो । कैदीहरू झ्यालखान तोडेर फरार भएपछि क्रान्तीकारी दलको कमाण्ड गर्ने काम यो पात्रले निर्वाह गरेको छ । लगभग २६-२७ वर्षको यो पात्र डाका र ज्यानमारा मुद्दाको अभियोग साबित भई जन्म कारावासको सजाय भोग्न झ्यालखानमा बन्दी भएको हो । यो पात्र प्रतिकूल प्रवृत्तिको पात्र हो । यो

---

[१५४] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्वतत्, पृ. ३ ।

[१५५] ऐजन ।

बदमास कैदीको रूपमा चित्रित छ । छिमेकी कोठामा रहेका कैदीहरूलाई घुस्सा हान्ने, पिट्ने जस्ता कार्य गरेको छ । जेलका नियम-कानून एकातिर हुन्थे भने उसका नियम-कानून आफ्नै खालका हुन्थे । कसैलाई नटेर्ने अनुशासनहीनताको आरोपमा शारीरिक यातना समेत पाएको छ । स्वभावको आधारमा स्थीर पात्र हो । तत्कालीन शासन व्यवस्थाको विरोधमा नयाँ व्यवस्थाको जरो गाड्न यो पात्र अटल छ । क्रान्तीकारी दलको प्रतिनिधित्व समेत पाएको मख्खनको विचारमा यी अग्ला-अग्ला भित्ताले शरीरलाई घेर्न र थुन्न सक्दछन्, दिललाई होइन । झ्यालखानले अपराधलाई छेक्ला; अपराधीलाई होइन[१५६] भन्ने गहिरो विचार समेत पाइन्छ । जीवनचेतनाको आधारमा व्यक्तिगत चेतना भएको पात्र हो । यस उपन्यासमा यो मञ्चीय पात्रको रूपमा रहेको छ । उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म मख्खनको प्रत्यक्षरूपमा उपस्थिति रहेको छ । उपन्यासको कथानकबाट यो पात्रलाई हटाउन मिल्दैन । यो पात्रको क्रियाकलापसँगै उपन्यासका घटनाहरू आबद्ध भएका छन् । दलको कमाण्ड गर्दै सङ्घर्षपूर्ण जीवन व्यतीत गर्ने मख्खन बद्ध चरित्रका रूपमा देखिएको छ ।

तत्कालीन तानाशाही शासन व्यवस्थाको विरोधमा रहेको यस पात्रले चलिरहेको निरङ्कुश व्यवस्थाको अन्त्य गरी प्रजातान्त्रिक व्यवस्थाको जरो गाड्न महत्वपूर्ण भूमिका वहन गरेको छ ।

### शम्भु

**कैदी र झ्यालखान** उपन्यासमा शम्भु पुरुष पात्र हो । कार्यगत आधारमा सहायक पात्रको रूपमा भूमिका निर्वाह गरेको छ । यो पात्र राजनैतिक बन्दी बनाइएको पात्र हो । लगभग २८-३० वसन्त पार गरेको शम्भु प्रजातन्त्रवादीतामा कम्युनिष्ट समर्थक पात्र हो । प्रवृत्तिगत आधारमा यो पात्र प्रतिकूल पात्र हो । एकैपटक सम्पूर्ण रुढीवादी, परम्परालाई जरैदेखि फालेर मार्क्सवादी चिन्तन पाराले नयाँ समाजको संरचना गर्नुपर्छ भन्ने विचारमा निहित रहेको पाइन्छ । स्वभावगत रूपमा स्थीर पात्र हो । कट्टर देशभक्ति भावनामा उसको सोचाइमा कुनै परिवर्तन आएको पाइदैन । प्रजातन्त्र प्राप्तिको लागि जस्तो सुकै कष्ट उठाउन परेपनि अटल विचारबाट अगाडि बढ्ने पात्र हो

---

[१५६] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ११ ।

। यो पात्रमा व्यक्तिगत जीवनचेतना पाइन्छ । आफ्नो सिद्धान्तमा अडिग यो पात्र नीजि स्वार्थवस सिद्धान्तलाई छाडेर राज्यपाल र मन्त्रीपद ताक्ने नीच र अवसरवादी तत्वमाथि उसको घृणादृष्टि थियो । यो उपन्यासमा शम्भु मञ्चीय पात्रको रूपमा उपस्थित भएको छ । उपन्यासको कथानक भर नै यो पात्रको प्रत्यक्ष उपस्थिति रहेको छ । उपन्यासको कथानकबाट हटाइदिएमा उद्देश्य प्राप्तिमा असर पुग्दछ । आबद्धताको आधारमा यो बद्ध पात्र हो । शम्भुका क्रियाकलाप उपन्यासका घटनासँग आबद्ध भएका छन् । उपन्यासको कथानकबाट यो पात्रलाई अलग्याउने हो भने यसको संरचना भङ्ग हुन सक्दछ ।

शिक्षित एवम् बौद्धिक पात्रको रूपमा चिनिने राजनैतिक बन्दी बनाइएको यो पात्र भत्किसकेको पुरानो व्यवस्थालाई फालेर नयाँ संरचना निर्माण गर्नुपर्छ न कि त्यही कुहिरहेको खाँबोलाई चुन पोतेर सेतो पारिराख्नु हुँदैन भन्ने नयाँ सोच यस पात्रमा देखिन्छ । देशभक्ति र प्रजातन्त्रप्रति यो पात्रको प्रशस्तै झुकाव रहेको छ ।

## राधेश्याम

यस उपन्यासमा राधेश्याम पुरुष पात्र हो । कार्यगत आधारमा सहायक पात्र हो । यो पात्र राजनैतिक बन्दीको रूपमा झ्यालखानमा कैद भएको छ । दुई, तीन महिना पहिले मात्र व्यवस्थाको विरोधमा सत्याग्रह गरेर पक्राउमा परी निर्धारित कैद सजाय भोग्न ऊ जेलमा आएको हो । प्रवृत्तिगत आधारमा अनुकूल चरित्रको पात्र हो । यो प्रजातन्त्रवादी पात्र हो । साम्यवादी व्यवस्थाको गणतन्त्रभन्दा उसको प्रजातन्त्रवाद अलग्गै रहेको छ । स्वभावगत रूपमा स्थीर पात्र हो । कथानकको प्रारम्भदेखि अन्त्यसम्म नै आफ्नो सिद्धान्त र विचारप्रति अटल रही चरित्र निर्वाह गरेको पाइन्छ । यो पात्र सम्पूर्ण व्यवस्थाको बुकुरोलाई समूल खनेर फाल्ने सिद्धान्तको पछौटे नभएर व्यवस्थाको जो त्रुटी थियो त्यसलाई अफालेर संसदीय प्रजातन्त्रको महल ठड्याउन सक्ने अवधारणामा विश्वस्त थियो । व्यक्तिगत जीवनचेतना भएको पात्रको रूपमा यस उपन्यासमा देखिएको छ । यस उपन्यासको मञ्चीय पात्र हो । उपन्यासको कथानकको शुरुदेखि अन्त्यसम्म प्रत्यक्ष रूपमा मञ्चीय भूमिका निर्वाह गरेको छ । उपन्यासको कथानकबाट हटाएमा उपन्यासलाई आघात पर्न सक्दछ । यो पात्र उपन्यासको मुक्त नभई बद्ध पात्र हो । यो पात्रका कार्यकलापसँगै उपन्यासका

अन्य घटनाहरू आबद्ध हुन आएका छन् । प्रजातन्त्र प्राप्त गराउनका लागि सङ्घर्षपूर्ण जेल जीवन व्यतीत गर्ने राधेश्याम बद्ध चरित्रका रूपमा उपन्यासमा चित्रित छ ।

यो पात्र शम्भु जति वाचाल नभए पनि उसमा राजनीतिशास्त्र अध्ययनको कुनै कमी थिएन । राजनैतिक बन्दीको रूपमा रहेको यो पात्र चलिरहेको निरङ्कुश व्यवस्थालाई फाली प्रजातान्त्रिक व्यवस्थाको विजारोपण गर्न जीवनभर मरिमेटेको र क्रान्तीकारी आन्दोलनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने पात्र हो ।

## अन्य पात्रहरू

### रामदीन

रामदीन **कैदी र झ्यालखान** उपन्यासको पुरुष पात्र हो । यस उपन्यासमा कार्यगत आधारमा ऊ एक गौण पात्रको रूपमा रहेर भूमिका निर्वाह गर्ने पात्र हो । यो पनि झ्यालखानमा बन्दी बनाइएको पात्र हो । प्रवृत्तिगत रूपमा प्रतिकूल चरित्रको पात्र हो । लगभग ४० वर्ष उमेरको यो पात्र बदमास कैदीको रूपमा उपन्यासमा चित्रित छ । कहिले प्याज चोर्ने त कहिले रूपैयाँ-पैसा चोर्ने यस कैदीले समय-समयमा कोर्रा समेत खानुपरेको देखिन्छ । जेहोस् अन्य कैदी जस्तो यो तत्कालीन निरङ्कुश शासन व्यवस्थाको विरोध गर्ने र आन्दोलनमा समेत सक्रिय भूमिका निर्वाह गर्ने पात्र हो । स्वभावगत रूपमा स्थीर चरित्रको पात्र हो । झ्यालखानमा यातना झेल्नुपरे पनि आफ्नो सिद्धान्त र विचारप्रति कुनै परिवर्तन देखाएको पाइदैन । व्यक्तिगत जीवनचेतना भएको पात्र हो । उपन्यासको कथानकमा शुरुदेखि अन्त्यसम्म यो पात्र प्रत्यक्षरूपमा देखापरेको छ । यो उपन्यासमा मञ्चीय पात्र हो । यो पात्रका क्रियाकलापसँग उपन्यासका अन्य घटनाहरू आबद्ध भएका छन् । यसैले यो पात्र उपन्यासमा बद्ध चरित्रका रूपमा चित्रण भएको छ ।

खासगरी देशमा प्रजातन्त्रको विजारोपण गर्नको लागि क्रान्तीकारी आन्दोलनमा सरीक हुँदै तत्कालीन शोषण सामन्ती व्यवस्थाको विरोध गरेको छ । प्रजातन्त्रवादीताको लागि आफ्नो ज्यूज्यान समर्पण गर्ने पात्रको रूपमा देखापरेको छ ।

## राज्यपाल

**कैदी र झ्यालखान** उपन्यासको राज्यपाल पुरुष पात्र हो । कार्यगत आधारमा यस उपन्यासको गौण पात्र हो । गौण पात्र भए पनि एक निर्देशक पात्र हो । यो पात्रले प्रमुख पात्रलाई निर्देशन दिने कार्य गरेको छ । जेलर तथा उच्चपदस्थ कर्मचारीको सभा-सम्मेलन गराएर आफ्ना मातहतका कर्मचारीहरूलाई कडा निर्देशन दिने काम गरेको छ । प्रवृत्तिगत आधारमा प्रतिकूल चरित्रको पात्र हो । निरङ्कुश शासन व्यवस्थाको अन्धसमर्थक यो पात्रले तत्कालीन समयमा चलिरहेको तानाशाह शासन व्यवस्थालाई टिकाउनका लागि लाठी, रबर बुलेट तथा शक्तिको परिचालन गरी सबैलाई ठीक पार्नुपर्छ र सत्ता टिकाइरहनु पर्दछ भन्ने दमनकारी व्यवहार यसमा रहेको छ । स्वभावगत रूपमा यो पात्र स्थीर चरित्र हो । तत्कालीन शासन सत्ता टिकाइरहने पक्षको विचारमा एकदमै अडिग रहेको छ । जीवनचेतनाको आधारमा वर्गगत चरित्र हो । यो पात्रले दीनहीन एवम् विवशतावश कैदमा परेका व्यक्तिलाई सहयोग गर्नुको सट्टा उनीहरूलाई हप्काउने, दप्काउने र शक्तिको प्रयोग गरी कष्ट दिने काम गरेको छ । यसरी राज्यपाल भएर दमनकारी नीति लिएर शासन-सत्ता टिकाउन खोज्नुले उसको वर्गगत विशेषतालाई वहन गरेको छ । आसन्नता आधारमा नेपथ्य पात्र हो । उपन्यासको शुरुदेखि अन्त्यसम्म प्रत्यक्ष मञ्चीय उपस्थिति पाइँदैन । उपन्यासमा यो पात्र मुक्त चरित्र हो । यसको अनुपस्थितिमा उपन्यासको गति अगाडि बढ्न सक्दछ ।

खासगरी यो पात्रले बनावटी रूपमा जेलको शासन व्यवस्थालाई चुस्तदुरुस्त राख्न र राजनैतिक बन्दीलाई लेख्ने, पत्र-पत्रिका पढ्ने कार्यमा कडा रोक लगाउने कार्य गरेको छ । देशमा तीन थरीका वर्गशत्रुको निर्धारण गरेको छ ।[१५७] १. कम्युनिष्ट २. प्रजातन्त्रवादीहरू ३. स्वतन्त्र विचारधारा राख्ने-डेमोक्रेट भनाउँदा व्यक्ति । राज्यपालले 'म' पात्रको रूपमा रहेको जेलरलाई झ्यालखानबाट कैदी भगाएको आरोप समेत लगाएको देखिन्छ ।

## लेफ्टिनेन्ट रावल

[१५७] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ३८ ।

**कैदी र भ्यालखान** लेफ्टिनेन्ट रावल पुरुष पात्र हो । कार्यगत आधारमा गौण पात्रको भूमिका निर्वाह गरेको छ । यो पात्र सरकारी पक्षको सैनिक कमाण्डर हो । कैदीहरू भ्यालखानबाट फरार भएपछि खोजेर कारावासमा ल्याउनको लागि खटिएको छ । प्रवृत्तिगत आधारमा प्रतिकूल चरित्रको पात्र हो । आफू मर्ने र अरुलाई पनि मार्ने जस्तो सिद्धान्तको अन्धसमर्थक हो । कडा अनुशासनको घेरालाई अझ मजबुत पार्ने र दमन गर्ने एक अवसरवादी पात्रका रूपमा देखापरेको छ । स्वभावगत रूपमा गतिशील चरित्र हो । आन्दोलनकारी विद्रोहीको दमन गर्न आएको यो पात्र स्वयम् नै विद्रोही बन्न पुगेको छ । तत्कालीन शासन व्यवस्थाको राजनीतिक परिवेशमा सन्तुष्ट हुन सकेको छैन । वर्गगत जीवनचेतना भएको पात्र हो । सुरक्षाको नाममा आडम्बरीपन देखाउनु, दमनकारी नीतिको पक्षपोषण गर्नुले सैनिक अफिसरको वर्गगत विशेषता झल्काएको देखिन आउँदछ । यस उपन्यासमा मञ्चीय पात्र हो । उपन्यासको कथानकको मध्यभागदेखि अन्त्य भागसम्म नै यो पात्रको प्रत्यक्ष उपस्थिति रहेको छ । आबद्धताका आधारमा मुक्त पात्र हो । उपन्यासको कथानकबाट हटाइदिए पनि उपन्यासको उद्देश्य प्राप्तिमा खासै आघात पुग्दैन ।

वास्तवमा कैदीहरूलाई पक्रिन बनाएको योजना तासको घर झैं भताभुतुङ्ग भत्किएका छन् । कैदीहरूलाई समातेर भ्यालखान ल्याउन यो पात्र असफल छ । फौजी अफिसर मात्र नभई बुद्धिजीवि पात्र पनि भएकोले हिंसाको औचित्य र अनौचित्यवारे उसको बुझाइ स्वतन्त्र खालको छ । विद्रोहीद्वारा प्रस्तावित प्रजातन्त्रप्रति पनि शङ्कालु छ भने चालू व्यवस्था असफल हुने कारणमा बेइमान नेतृत्वलाई मुख्य मानी यस्ता सम्पूर्ण तत्वलाई गोली हानेर पन्छाउने धारणा यस पात्रमा रहेको छ ।

### अन्य गौण पात्रहरू

**कैदी र भ्यालखान** उपन्यासमा गौण पात्र-चरित्रको रूपमा गार्ड, हवल्दार, जमादार, विद्यार्थी, ड्राइभर, सिपाही आदि रहेका छन् । यी पात्रहरूले पनि प्रत्यक्ष वा परोक्ष रूपमा कथानकको गतिलाई अगाडि बढाएका छन् ।

## ४.३.३ परिवेश वा पर्यावरण

उपन्यासमा पात्रहरूले काम गर्ने स्थान, समय, घटना पर्यावरण हो । पर्यावरणमा देशकाल र वातावरण रहेका हुन्छन् । **कैदी र झ्यालखान** उपन्यासको देशकाल नेपाल राष्ट्रको कुनै स्थान हो जो स्थानको किटानी उपन्यासमा पाइँदैन भने उपन्यासमा घटनाको समय वि.सं.२०३६ साल हो । यस उपन्यासको वातावरण तत्कालीनको पञ्चायती शासन व्यवस्था र यसैले जन्माएको निरङ्कुश व्यवस्थाले मानिसमा पारेको मानसिक प्रभाव वातावरणमा देखिन आएको छ । उपन्यासमा पञ्चायत कालको चरम अवस्थाको ज्वलन्त निर्विकार स्वरूप नै यसको परिवेश हो । उपन्यासमा कैदीहरू बस्ने झ्यालखान र झ्यालखान बाहिरको जङ्गल, नदी, पाखा-पखेरा समेतको प्राकृतिक वातावरण देखिन्छ । यसैगरी कारागारको कम्पाउण्ड र कम्पाउण्डभित्र रहेको रङ्गीचङ्गी फूल आदिलाई झ्यालखानको वातावरणलाई प्रस्तुत गरेको छ । जेल कम्पाउण्डको पर्यावरणलाई यसरी उल्लेख गरिएको छ- जेल कम्पाउण्डभित्र लहरै अनेकौ जातका फूलहरू छन् जो समयको साथसाथमा फुलिरहन्छन् । फुलबारीको पूर्वी लहरको थोरै फरक-फरकमा पारिजात र रातरानीका वोटहरू छन्-ढकमक्क फुलिरहेका । हरियो चौरमा जहाँ डाइएन्थसका सेता, राता केही छिरबिरे रङ्गमा फूलमा लोभिन्थे । समयको भाग दौडमा जे जस्तो परिवर्तन भैरहेपनि, फूल स्वभावतः फूल्छन् । देशउपर जोसुकैले रजाइँ गरोस्-जुनसुकै राजनैतिक व्यवस्था आओस्-जाओस्, यिनलाई कुनै मतलब छैन । साम्यवादको कठोर व्यवस्था होस्, चाहे प्रजातन्त्रको खुकुलो समाज, डाइएन्थस् फुल्छ, फुलिरहन्छ-जसरी अहिले फुलेको छ-सेतो, रातो छिरबिरे रङ्गको ।[१५८]

**कैदी र झ्यालखान** उपन्यासमा त्यो परिवेशको सिर्जन भएको छ, जो राष्ट्र र जनताले प्रत्यक्ष भोग्नुपरेका पीडाजन्य परिस्थितिको वास्तविकतामा प्रकटीकरण भएको छ । निरङ्कुश शासन व्यवस्थाका अन्याय, अत्याचार, उत्पीडन, शोषण र दमनको चक्रव्यूहले राष्ट्र र राष्ट्रियतालाई थिचेको परिवेशमा उपन्यासको सिर्जन भएको छ । वि.सं. २०३६ सालको निरङ्कुश पञ्चायतकालीन व्यवस्था र प्रजातन्त्र प्राप्त गर्न गर्नुपर्ने क्रान्तीकारी कदमलाई उपन्यासको पर्यावरण बनाइएको छ । जनताले भोगेका शोषण, गरीबी, भोकशोक, सन्त्रास, काम र मामका समस्यालाई दुःखान्तपूर्ण रूपमा उपन्यासमा

[१५८] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ४५ ।

उपस्थिति गराइएको छ । पञ्चायती शासनको गुणगान गाएको भरमा देशलाई खोक्रो बनाउन खप्पिस सामन्त, भरौटे कर्मचारी, राज्यपाल जस्ताको चित्रण उपन्यासको परिवेशगत पृष्ठभूमिका आएको छ । राष्ट्र र जनताले प्रत्यक्ष भोग्नु र खेप्नु परेका दर्दनाहक परिस्थितिको पृष्ठभूमिमा उपन्यासले हुर्कने अवसर प्राप्त गर्नु नै यसको यथार्थ परिवेश हो । उपन्यासमा वर्णित जीवनको शाश्वत सत्य देशीय विस्तृत र सन्तुलित छ । राष्ट्रियताको दुरावस्था, निरङ्कुश शासन प्रणालीप्रतिको विद्रोह र आजादी प्राप्तिको लडाइँमा हुन सक्ने देशभक्तहरूको बलिदान नै उपन्यासको धरातलीय स्वरूप हो । हक र अधिकारका कुरा उठाउँदा लाठी, गोली जेलनेल पाउनुपर्ने रहेछ, यस्तो तानाशाही व्यवस्था चाहिँदैन भन्ने आधार स्वरूप यो उपन्यास सिर्जन भएको देखिन्छ ।

### ४.३.४ दृष्टिबिन्दु

**कैदी र झ्यालखान** उपन्यासको कथानक भन्ने व्यक्ति 'म' पात्र (जेलर) हो । 'म' पात्र उपन्यासको समाख्याता हो । 'म' पात्र उपन्यासका घटना चरित्रसँग सम्बन्धित भई हिडेकाले यसमा प्रथम पुरुष वा आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ । सबै कुरालाई कथयिताले आफ्नै स्मृतिबाट झिकेर पाठकका लोचनअगाडि बिछ्याइदिएको छ । 'म' पात्र स्रष्टा, द्रष्टा र भोक्ता सबै हो । उपन्यासमा 'म' पात्रको भूमिका केन्द्रीय रहेको देखिन्छ । यस उपन्यासमा 'म' पात्रको प्रयोग हुँदा र 'म' पात्रले नै प्रमुख पात्रको भूमिका निर्वाह गरेको हुँदा केन्द्रीय आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको हो । उपन्यासको प्रारम्भमा जेलरले 'म' पात्रको रूपमा आफ्नो भनाइ यसरी व्यक्त गर्दछ –

म हालसालै त्यस जेल कार्यालयको सुपरिन्टेन्डेन्ट पदमा नियुक्त भएर आएको थिए; त्यसभन्दा पहिले जेल वा त्यसको वातावरण, कुनैसित मेरो पालो परेको थिएन । झ्यालखानको पर्खालभित्र र बाहिरको संसारमा निकै पृथकत्व हुँदो रहेछ भन्ने कुरा मैले त्यही गएर अनुभव गरे ........।[१५९]

उल्लिखित कथनमा 'म' पात्रको प्रविष्टीले आन्तरिक केन्द्रीय दृष्टिबिन्दु बन्न पुगेको छ र सबै वर्णनहरू उसले मात्र गरिरहेको छ । उपन्यासको अन्त्यमा पनि यसैगरी 'म' पात्रले स्वतन्त्र जीवनको अभिव्यक्ति यसरी पोखेको छ–

[१५९] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. १ ।

म यहाँ रहुँ वा बाहिर । फरक त के छ र ? म बाहिर रहुँ, बागीहरूसित नलागूँ, सरकारकै बफादार भएर बसिरहूँ , त्यसबाट लाभ केही देख्दिन । आखिर स्वतन्त्रता भन्नुहुन्छ केलाई ? आखिर झ्यालखान भन्नाले तपाईको अर्थ के हो ? .......... म र वन्दना थुनिएको, इँट र ढुङ्गाको पर्खालले घेरेर बनाइएको धर्तिको एक टुक्रा जमिनमा केन्द्रित छ ।[१६०]

यस उपन्यासमा अल्प मात्रामा वाह्यदृष्टिबिन्दु तृतीय पुरुषको प्रयोग पनि भएको छ । तृतीय पुरुवा वा वाह्यदृष्टिबिन्दुको यसरी उपन्यासमा प्रयोग भएको पाइन्छ–

भित्र आउने इशारा पाएर भित्रिदै भन्यो- उसले कैदी नं.१२ ले प्याज चोर्दा पक्राउ परेको छ । कति कोर्रा लाउने हो उसलाई ?.......... ऊ केही बोलेन ।[१६१]

यसरी उपन्यासमा मिश्रित दृष्टिबिन्दु देखिन आए पनि यस उपन्यासमा खास आन्तरिक वा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको नै प्रयोग भएको छ । उपन्यासभित्रै बसेर 'म' पात्रले सबै कुराको वर्णन गरे पनि उपन्यासले स्तरीयता र उच्चताको स्थान ओगट्न सक्षम भएको छ । प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोगले यसको महत्व अझ उँचो बन्न पुगेको छ ।

## ४.३.५ सारवस्तु

**कैदी र झ्यालखान** (२०३६) उपन्यासमा एक जागिरदार व्यक्तिले एउटा निरङ्कुश शासन व्यवस्थामा भोग्नुपर्ने नियतिको यथार्थपरक चित्रण गरिएको छ । विवेच्य उपन्यासमा प्रशासकहरूको चरित्रहीन अनैतिक आचरणको उद्घाटन गर्न लेखक सोझै जाइलागेर आलोचनाको मार्गलाई अवलम्वन एवम् अख्तियार गरेका छन् । आडम्वरी स्वभाव, चाकरी, मनोवृत्तिको उछित्तोको साथै भ्रष्ट प्रशासक र निरङ्कुश चरित्रको आलोचना गर्नु, यसको विस्थापन गर्नु उपन्यासको प्रमुख उद्देश्य पनि हो । उपन्यासले सबै जागिरवाल उही उस्तै तानाशाही हुकुमी वृत्तका हुँदैनन् भन्ने कुरालाई देखाएको छ जो कुरा जेलरले कैदीहरूलाई देखाएको नरम व्यवहारले पुष्ट्याइँ गरेको छ ।

---

[१६०] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ८० ।

[१६१] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. २-३ ।

आलोचनात्मक शैलीलाई अङ्गिकार गरी लेखिएको यस उपन्यासमा उपेक्षित र प्रताडित रूपमा झ्यालखानमा रहेर विक्षिप्त अवस्थामा भोग गरिरहेका बागीहरूको यथार्थ दृष्टि छ । यथार्थवादी प्रस्तुति नै उपन्यासको दृष्टिकोण हो । यथार्थवाद भौतिक दृष्टिकोणको वस्तुपरक साहित्यको रूप भएकोले यसको शाश्वता प्रत्यक्ष जगत् हो । त्यसैले यथार्थवादीहरू वाह्य संसारका द्रष्टा हुन् । जहाँ मनुष्य जगतका वास्तविकता देखेर त्यसलाई त्यही रूपमा मूर्त्याउँछन् । सङ्घर्षशील जीवनले मानिसलाई भविष्य निर्माणमा सहयोग पुऱ्याउँछ र नयाँ यथार्थ सृष्टि गर्ने सृजनात्मक चेतना दिन्छ भन्ने विचार उपन्यासको सारवस्तुको रूपमा रहेको छ । उपन्यासले राजनैतिक एकदलीय दोषलाई देखाउँदै यस भित्रको स्वेच्छाचारीताले खराब पक्षलाई प्रश्रय दिने र जनजीवन कष्टकर बन्दै जाने हुँदा एकदलीय व्यवस्थाभित्र पूँजीवादको प्रधानता रहन्छ । त्यहाँ क्रमिक सुधारको प्रवल सम्भाव्यता रहँदैन भन्ने कुरा सावित गरेको प्रतीत हुन्छ ।

**कैदी र झ्यालखान** उपन्यासले मानवीयताको महत्तम दावी गरेको छ । समाज र राष्ट्रमा समग्र मानवता नै बन्दी छ; त्यहाँ त्यस सर्वत्र फैलिएको अनन्त कारागारलाई तोड्न बन्दुक र सङ्गीन भिरेर धेरैले विद्रोह गर्छन र आत्मोत्सर्ग गर्छन् ।[१६२] वास्तवमा इँट र गारोले बनेको झ्यालखानलाई तोड्न सकिन्छ तर भोक गरीबीको बन्दीगृहलाई दासना र परतन्त्रताको शिविरलाई नष्ट गरेर मानवीय मूल्यको प्रतिस्थापन गराउनु चानचुने कुरो होइन । मानवीय जीवनमा दासता र परतन्त्रताको साङ्लोलाई, नेल र हत्कडीलाई चुडाँलेर फुक्का हुन र शान्तिको श्वास फेर्न मनुष्यलाई स्वतन्त्रता चाहिन्छ । यो स्वतन्त्रता प्राप्तिको लागि जनताको अजेय शक्ति सङ्गठित रूपमा एकताबद्ध भई निरन्तर क्रियाशील रहनुपर्छ भन्ने उपन्यासको स्वर नै सारवस्तुको रूपमा देखापरेको छ ।

प्रस्तुत उपन्यासमा एक किसिमको मानिसमा रहेको अभाव दरिद्रता र गरीबी नै हामी सबैको झ्यालखान हो । मानवले मानवता प्रदर्शित गर्न सक्नु मानवको जातीय धर्म हो । यसलाई राजनैतिक निहित स्वार्थको पराकाष्ठाले कुनै पनि हालतमा कुल्चन मिल्दैन । यदि यसलाई मनुष्य हुनुको गरिमामा उभ्याएर हेर्ने हो भने प्रत्येक मनिसलाई मानवीयता सहजरूपेण उपलब्ध हुनुपर्दछ ।

---

[१६२] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ७६ ।

प्रत्येक मान्छेको आचरण प्रत्यक्षीकरण भई यो गुण मान्छेमा स्वतः प्राप्त हुनुपर्छ तर उपन्यासमा यो तथ्य विखण्डित अवस्थामा छ । यसलाई स्थापित गराउने प्रयास उपन्यासको मूल उद्देश्य हो ।

## ४.३.६ भाषा

**कैदी र झ्यालखान** उपन्यास भाषाका दृष्टिले महत्वपूर्ण कृति हो । उपन्यासमा प्रयोग भएको भाषा सरल र सम्प्रेष्य नै मान्नुपर्दछ । उपन्यासमा भएका सम्वादात्मक अभिव्यक्तिहरूमा शिष्ट र औपचारिक भाषाको प्रयोग गरिएको छ । उपन्यासको गद्यात्मक भाषा सरल र सलिल छ । उपन्यासमा शिष्ट भाषाको प्रयोग यसरी भएको छ-

– गुड मार्निङ जेलर !

– सबैलाई मेरो नमस्कार ! शम्भुज्यू ! अहिले यो के विषयको लेक्चर हो ? राधेश्यामलाई पनि कमरेड बनाउँदै हुनुहुन्छ कि क्या हो ?[१६३] यसरी उपन्यासकारले जेलर र कैदीबीचको कुराकानी औपचारिक भाषा तथा श्लील भाषाको रूपमा प्रस्तुत गरेको देखिन्छ । वाक्य चयनलाई हेर्दा यस उपन्यासमा छोटा-छोटा सरल वाक्यको प्रयोग बढी छ भने मिश्र, संयुक्त तथा मिलित वाक्यको प्रयोग पनि भएको पाइन्छ । उपन्यासको भाषा संस्कृत, हिन्दी तथा अङ्ग्रेजीबाट प्रभावित भएको देखिन्छ । उपन्यासकार स्वयम् नै अङ्ग्रेजीमा एम.ए. भएको हुँदा उपन्यासमा अङ्ग्रेजीको प्रयोग भएको लाग्दछ । पात्र लेफ्टिनेन्ट रावलले जेलरलाई अङ्ग्रेजीमा यसरी भनेको छ-

दि ड्रिप्पिंग ब्लड आबर बन्ली ड्रिंक
दि ब्लिडी प्लेश आबर बन्ली फूड :
इन्सपाइट आफ हिवच बी लाइट टु थिक
दैट वी आर साउन्ड, सब्सटैन्सियल फ्लेश ऐण्ड ब्लड ।[१६४]

अर्थः "तप्तप् चुहेको रगत हाम्रो पेय हो, रगताम्य मासु हाम्रो भोजन हो । त्यस्तो भएर पनि हामी सोच्दछौं कि हामी स्वस्थ र वास्तविक मासु हौं ।" वास्तवमा उपन्यासका पात्रले प्रयोग गरेको भाषा बौद्धिक र तार्किक छ । यसरी नै पात्र जेलरले पनि कैदीहरूसँग समय-समयमा अङ्ग्रेजी शब्द बोलेको पाइन्छ ।

---

[१६३] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ८ ।
[१६४] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ६७ ।

राजनीतिकशास्त्रको विद्यार्थी रही आएको नाताले, मार्क्सवादसँग चिनारी गर्ने मौका पाएकोले 'डाइलेक्टिकल मैटेरियलिज्म' र 'सरप्लस भैल्यू' लाई बुझेको थिएँ र साम्यवादी दलको 'मैनिफेस्टो' सँग परिचित थिए ।[१६५] यसरी हेर्दा उपन्यासका पात्रको भाषा बौद्धिक ठहरिन्छ ।

यस उपन्यासका कतिपय अनुच्छेदहरू धेरै लामा-लामा छन् भने कतिपय अत्यन्तै छोटा र मीठा रहेका छन् ।

**कैदी र झ्यालखान** उपन्यासमा नेपाली भाषामा प्रचलित शब्दका अतिरिक्त तत्सम्, तद्भव र अङ्ग्रेजी, हिन्दी जस्ता आगन्तुक शब्दहरू समेत प्रयोग गरिएको छ । यस उपन्यासमा प्रयोग गरिएका केही शब्दहरूलाई तत्सम् र आगन्तुक गरी प्रस्तुत गरिएको छ ।

केही तत्सम् शब्द तालिका नं. ४

| | |
|---|---|
| पृथकत्व (१) | उपद्रब (५२) |
| निर्निमेष (२) | प्रारब्ध (६०) |
| तुमुल घोष (१८) | पलायन, प्रतिबिम्ब (७१) |
| मनीषी, लिप्सा (२३) | अन्तहीनता (८१) |
| निरूपाय (३०) | उषा (६६) |

केही आगन्तुक शब्द

| अङ्ग्रेजी | हिन्दी |
|---|---|
| सुपरिन्टेन्डेन्ट (१) | राशन (१) |
| फायरिंग (२६) | उपर (१३) |
| डिस्टर्ब (३१) | तारीफ (३५) |
| क्यानभास (४४) | फगत (४४) |
| डायनामाइट (४९) | जरुर (५५) |
| स्ट्रैटिजी (५४) | बागी (५७) |
| एनालिसिस, सिन्थेसिस (६५) | दिवार (७३) |
| ट्रेनिङ्ग (६८) | खिलाफ (७४) |

[१६५] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ९ ।

| | |
|---|---|
| प्रोमोशन (८०) | खुद (८०) |

केही अनुकरणात्मक शब्द

| | |
|---|---|
| मुसुक्क (३) | फूफू (६३) |
| फन्फन्ती (१७) | मुसुमुसु (७३) |
| ठक्क ! ठक्क ! (२७) | टटटट ! डडडड ! डुम्म...... (४९) |
| फिस्स (३४) | चुर्लुम्म (८०) |
| सर्सर्ती (४२) | फनन्न (७७) |

*(कोष्ठकको अङ्कले पृष्ठ जनाउँछन्)*

**कैदी र भ्यालखान** उपन्यासमा आएका तत्सम् र आगन्तुक शब्दले उपन्यासको भाषालाई केही जटील तुल्याइदिएको छ तर उपन्यासभित्र भएका तद्भव् नेपाली शब्दले उपन्यासको भाषिक अभिव्यक्तिलाई सहज तुल्याएको छ । उपन्यासमा आएका चरित्रले प्रयोग गर्ने भाषा स्वभाविक खालको देखिन्छ । उपन्यासका चरित्रले तत्सम्, तद्भव् र आगन्तुक शब्दलाई स्वभाविक रूपमा अगाडि बढाएका छन् । केही झर्रा नेपाली शब्दको प्रयोगले भाषालाई जीवन्त बनाएको छ । भाषाको प्रयुक्ति भेद उच्च मान्नुपर्दछ । अर्थ सम्प्रेषणमा सफल रहेको प्रस्तुत उपन्यासको भाषिक प्रयोग सम्प्रेषण नै छ ।

समग्रमा उपन्यासमा प्रयुक्त भाषाले सम्प्रेषणीयताको व्यवधान सिर्जना नगरेको हुँदा भाषिक प्रयोग उपयुक्त रहेको छ ।

## ४.३.७ द्वन्द्व

द्वन्द्वले उपन्यासमा घटनावस्तुलाई गति प्रदान गर्दछ । द्वन्द्वले गर्दा कथानक गतिशील भई श्रृङ्खलितरूपमा अगाडि बढ्दछ । द्वन्द्वले कथानकलाई नयाँ मोड दिने हुँदा जसको अभावमा कथानक फितलो हुन सक्दछ । द्वन्द्वले पाठकको भित्रि हृदयमा प्रभावकारीता ल्याउँछ । **कैदी र भ्यालखान** उपन्यासको द्वन्द्व सबल छ । यसमा वाह्य द्वन्द्व र आन्तरिक द्वन्द्व दुबै पाउन सकिन्छ । यस उपन्यासमा वाह्य द्वन्द्व खासगरी जेलर र कैदीबीच, बन्दी र बन्दीबीच,

तत्कालीन तानाशाही व्यवस्था र प्रजातान्त्रिक व्यवस्थाबीच भएको पाइन्छ । जेलरलाई राज्यपालले जेल कार्यालयको शासनलाई कडा पार्न आदेश जारी गरेपछि जेलरले कैदीहरूलाई हप्काउँदा, दप्काउँदा यी बीच वाह्य द्वन्द्वको सिर्जना भएको छ । जेलर र मख्खनबीचको द्वन्द्वलाई हेरौं–

मख्खन ! अलिक कडा स्वरले भने, तिमी अपराधी हौ र कैदको सजाय भोगिरहेका छौ । तिम्रा यस्ता आचरणबाट कैदको अवधि घट्नुको सट्टा बढ्दै जान्छ । म चाहन्छु-तिम्रो रेकर्ड सफा रहोस् ।

हा ! हा ! हा ! हा ! जोरसित हाँस्दै जुँगा मुसार्दै भन्यो उसले- जेलका यी अग्ला-अग्ला भित्ताले मेरो शरीरलाई घेर्न-थुन्न सक्दछन्, दिललाई होइन । जेलर साहब! झ्यालखानले अपराधलाई छेक्ला; अपराधीलाई होइन । के सम्झनु भएछ तपाईले ? बीस वर्ष के मख्खन पचास वर्षदेखि पनि डराउन्न ।[१६६]

यस प्रकारको द्वन्द्वले पाठकमा कौतूहलता जगाइ घटनामा गति प्रदान गर्दछ । यसरी नै शम्भु र राधेश्याम दुबै बन्दीको राजनैतिक द्वन्द्वलाई यसरी हेर्न सकिन्छ–

शम्भुले अलि मुस्कुराउँदै भन्यो- राधेश्यामको भनाइ छ कि साम्यवादी जीवन व्यवस्थामा समाज धेरै दिनसक्म टिक्दैन रे !
तपाईको के तर्क छ ?

मेरो दृष्टिकोण यिनलाई भनिसके । सृष्टिको आदिकालदेखि नै मानिसको जीवनयापन साम्यवादी ढङ्गको छ । 'प्रिभिटीभ कम्युनिज्म' मेरो मित्रले आदिम साम्यवादलाई फगतै कल्पना भन्दछन् ।[१६७]

यसैगरी यस उपन्यासमा तत्कालीन एकदलीय शासन व्यवस्था र राष्ट्र, राष्ट्रियताको स्वतन्त्रताको क्रान्ती गरिरहेका विद्रोहीहरू बीच द्वन्द्व भएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा आन्तरिक द्वन्द्व पनि रहेको छ । जेलर र राज्यपालबीच आन्तरिक द्वन्द्वको अवस्था सिर्जना भएको छ । कैदीहरूप्रति नरम दृष्टि राख्ने जेलर राज्यपालसँग भित्रभित्रै मुर्मुरिएको छ । जेलरको उसँग मनोद्वन्द्व चलेको छ । तानाशाह शासन व्यवस्था टिकाउन राज्यपालले लिएको दमनकारी

---

[१६६] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ११ ।
[१६७] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ८ ।

नीतिसँग जेलर आन्तरिक रूपमा असन्तुष्ट देखिएको छ । जेलरको राज्यपालको शासन व्यवस्थाप्रति अन्तरद्वन्द्व यसरी व्यक्त भएको छ–

हजार कोशिश गरे निदाउन सकिन ।
घरी-घरी मुलुक र यसका मालिकहरूको तस्विर दिमागमा उघ्रिन थाल्यो ।
व्यवस्थाको लागि यी सबै ठूला-ठालूले सोचिरहेका ।
व्यवस्था जसको लागि हो त्यो जनतासँग सोध्न कोही जाँदैन !
जसको जो चीज हो उसको नै बेवास्ता छ ?
जनताको इच्छा बमोजिमको व्यवस्था होइन कि, यहाँ त व्यवस्थानुकूलको जनताको तलाश छ !
अर्थात् जनता भनेको केही होइन, फगत भेडा-बाखाको बथान ।
व्यवस्था सर्वोपरि छ ।
व्यवस्था मूख्य छ जनता गौण ।[१६८]

**कैदी र भ्यालखान** उपन्यासमा आन्तरिक (मनोद्वन्द्व) र वाह्‌य द्वन्द्व सबल प्रकारको रहेको छ । द्वन्द्व अत्यन्तै स्वभाविक र तर्कपूर्ण रूपमा आएका छन् । द्वन्द्वका दृष्टिले उपन्यास सबल नै देखिएको छ ।

## ४.३.८ कथोपकथन ⁄ सम्वाद

उपन्यासमा पात्र-पात्राबीच हुने सम्वादात्मक अभिव्यक्तिलाई कथोपकथन पनि भनिन्छ । यो पात्रहरूबीच हुने कुराकानी हो । पात्र-पात्राबीच हुने कथोपकथनले उपन्यासको कथावस्तु विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

प्रस्तुत **कैदी र भ्यालखान** उपन्यासमा प्रमुख सम्वादको रूपमा ‘म’ ( जेलर) पात्र रहेको छ । अन्य पात्रहरू मख्खन, शम्भु, राधेश्याम, रामदीन, वन्दना, राज्यपाल, सैनिक  अफिसरका सम्वाद पनि महत्वपूर्ण रहेका छन् । पात्रहरूको स्तर अनुकूलको सम्वादको संयोजन रहेको छ । पात्रको स्तरअनुरूप उच्च, मध्यम र निम्न खालका सम्वादहरू पाइन्छन् । जेलर र लेफ्टिनेन्ट रावलका सम्वादहरू बौद्धिक खालका रहेका छन् । उपन्यासलाई सम्वादले दृश्यात्मक बनाएको छ ।

‘म’ पात्र र गार्डबीचको सम्वाद हेरौं–

---

[१६८] वामदेव पहाडी ‘कैदी र भ्यालखान’ पूर्ववत्, पृ. ४३-४४ ।

मैले सोधे-यै हो रामदीन ! जेलभित्र कैदीले कुनै अपराध गर्दा कतिसम्म कोर्रा हानिन्छ ?

सा'ब एकजना गार्डले भने-यो ज्यादै बदमास कैदी हो ।

पिटाइले गर्दा के यसमा सुधार आउला र ?

हो, सा'ब ! यसपाली कति कोर्रा लगाऊ ? गार्डले सोधे ।[१६९]

यसरी हेर्दा उपन्यासको सम्वाद सरल र स्वभाविक एवम् सम्प्रेषणीय खालको रहेको पाइन्छ ।

वन्दना र जेलरबीचको सम्वाद यस्तो देखिन्छ–

के छ हालचाल बाहिरको ? उसले सोधी ।

के हुनु हालचाल भित्र पो छ, ल, बताउनुस् वन्दना जी !

यस उपद्रवको लागि दोषी को छ ?

दोषी त तपाईको व्यवस्था छ नि ! निःशङ्क भएर जवाफ दिई उसले- टुइयँ गरेको गोलीको आवाजमा मैले परिवर्तनको गीत सुन्दछु 'लडाइँ तोडफोड र ध्वंश' कहिलेकाही त रमाइलो हुन्छ, होइन र ![१७०]

यसरी एउटा जेलरले कैदीलाई अशिष्ट कालको भाषा अभिव्यक्तिको प्रयोग नगरेर शिष्ट एवम् उच्च सम्मानका साथ कुराकानी गरेको देखिन आउँदछ । **कैदी र झ्यालखान** उपन्यासमा देखापरेको कथोपकथन स्वभाविक र शिष्ट खालको छ । छिटफुटरूपमा लेफ्टिनेन्ट रावल र म (जेलर) पात्रबीच अङ्ग्रेजी सम्वाद पनि भएका छन् । जेहोस् उपन्यासको सम्वादले उपन्यासलाई मञ्चीय बनाएको छ । कथावस्तुको विकाससँगै सम्वाद पनि बढ्दै गएको छ । कतिपय लामा र कतिपय छोटा सम्वादले उपन्यासको चरित्र-चित्रण पक्षलाई प्रभावकारी बनाएको छ ।

## ४.४ शीर्षकको सार्थकता

**कैदी र झ्यालखान** (२०३६) उपन्यासका उपन्यासकार वामदेव पहाडी हुन् । यस उपन्यासको लेखन र प्रकाशन अभिव्यक्तिको आधार वि.सं. २०३६ सालको शाही घोषणा हो । ती सबैको हातमा जो आ-आफ्ना वैचारिक

---

[१६९] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. १ ।

[१७०] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. ५२ ।

कारागारमा कैद छन् : मुक्त हुन चाहन्छन् तर साहस र सङ्कल्प छैन ।[१७१] दस परिच्छेदमा विभाजित यस उपन्यासले निरङ्कुश तानाशाह शासन व्यवस्थामा जनताले भोग्नुपरेका यथार्थ पीडाजन्य वस्तुस्थितिको चित्रण गरेको छ । उपन्यासको कथानकको आधारमा **कैदी र झ्यालखान** उपन्यासको शीर्षक सार्थक छ । अन्याय, अत्याचार, दमन, शोषण, गरीबी, बेरोजगार बढ्यो, काम र माम देऊ भनेर आन्दोलन गरेका विद्यार्थीहरूमाथि लाठी र रबर बुलेट बर्षाएर उनीहरूलाई कैद गरिएको छ । तत्कालीन शासन व्यवस्थाको विरोध र प्रजातन्त्र प्राप्तिको लागि शम्भु, मख्खन, राधेश्याम, रामदीन जस्ता पात्रले आन्दोलन गर्दा उनीहरूलाई विद्रोहीको संज्ञा दिएर झ्यालखानमा थुनिएको छ । मानिसले आफ्नो हक, अधिकार माग्दा लाठी र गोली खानुपर्ने, झ्यालखानमा कैद हुनुपर्ने अवस्थालाई उपन्यासले देखाएको छ । देशको अस्तव्यस्त दुरावस्थाप्रति चिन्तनशील रहेर 'स्वतन्त्रता वाणी र कर्मको, मानव जीवन कस्तो हुन्छ मानवधर्मको' भन्ने धारणा बोकी सङ्घर्षको मैदानमा उत्रिएका क्रान्तीकारीलाई बन्दुक र सङ्गीनको भरमा पक्रेर झ्यालखानमा कैद गरिएको छ । शीर्षकको आधारमा घटनाक्रम देखिनाले शीर्षक सफल मानिन्छ । एकातर्फ कैदी र अर्कोतर्फ कैदीहरूलाई नै नजरबन्द गर्न बनाएको झ्यालखान प्रत्यक्षरूपमा उपन्यासको घटनामा आएकोले शीर्षक सबल नै मान्नुपर्दछ । अपेक्षित र प्रताडितरूपमा झ्यालखानमा रहेर विक्षिप्त अवस्था भोग गरेका कैदीहरूको यथार्थिक जीवन छ ।

**कैदी र झ्यालखान** उपन्यासको झ्यालखान कहिलेकाही विस्तार भएर सम्पूर्ण समाजलाई त्यसभित्र हुल्न सकिन्छ । जब जनताका नीजि जीवनका समस्या, पूँजीवादी समाजले सिर्जिएका सामाजिक संस्कारहरू रहन्छन् तब मानवीय जीवनको झ्यालखानले व्याप्तिरूप धारणा गर्दछ । सम्पूर्ण शोषित-पीडित मनुष्य त्यस झ्यालखानको कैदी हो । त्यसैले उपन्यासको शीर्षकमा सार्थकता झल्किन आउँदछ । 'हामी कैदी छौं, तर मन स्वतन्त्र छ । यसका इच्छा, आकाङ्क्षाहरूलाई, चाहे कोही भित्र होस् वा बाहिर, कुनै फरक पदैन । तपाईको लागि त सारा संसार खुला छ, हाम्रो लागि त आकाशको विस्तार पनि

---

[१७१] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, पृ. 'भूमिका' ।

धेरै छोटो छ-यही जेलको चारदिवारीमा अँटाए जति मात्र ।'[१७२] जुन समाज र राष्ट्रमा समग्रमा मानवता नै बन्दी छ । त्यहाँ त्यसरी फैलिएको अनन्त कारागारलाई तोड्न हतियार भिरेर पनि विद्रोह गर्छन् र आत्मोत्सर्ग गर्छन् र इँट र गारोले बनेको झ्यालखानलाई तोड्न सकिन्छ तर भोक र गरीबीको बन्दीगृहलाई तोड्न, दासता र परतन्त्रको शिविरलाई नष्ट गर्न सकिदैन । एक किसिमको अभाव र गरीबी हाम्रो झ्यालखान हो भनिएको छ । यसरी उपन्यासको विषयवस्तु र शीर्षकबीच सामञ्जस्यता देखिन आएकोले शीर्षक साफल्य देखिन्छ ।

झ्यालखान भनेको पर्खालले घेरिएको मात्र होइन । अभाव र गरीबीले सताएका सवै मान्छेहरू झ्यालखानमा रहे सरह हुन्छन् । सडक बनाएर मात्र हुँदैन, आवश्यक चिजको पूर्ति हुनुपर्दछ । सडक बनाए पनि दूरी बढ्छ, बिजुली बाले पनि अध्यारो हुन्छ । यसकारण देशको व्यवस्था एवम् देश विकासको आधार नै जन-समर्थन हो । जनबलले मुख्य स्थान नपाउँदासम्म जेलर जस्तै इमान्दार कर्मचारीले पनि अन्त्यमा कैदी भएर जेल जीवन वित्ताउनु पर्दछ । गरीब देशका तमाम व्यक्ति कोही पर्खालको कारागारमा छन् त कोही अभाव र गरीबी एवम् मानसिक यन्त्रणाको कारागारमा । वैचारिक स्वतन्त्रता नभएका देशमा जेलभित्र भन्दा बाहिर झन् बन्दी जीवन विताइरहेका हुन्छन् भन्ने कुरा जेलर र बन्दनाको मुखारविन्दुबाट लेखकले भन्न लगाएबाट शीर्षकको सार्थकता अझ स्पष्ट हुन आउँदछ । मुठीभरी आकाशमुनि स्वतन्त्र भएर बाँच्नु र सिङ्गो शरीर लिएर विशाल धरती उपर परतन्त्र भएर डुलफिर गर्नु कुन चाँही असल हो ? हो, शरीरबाट स्वतन्त्र भएर के ? जब विचारबाट हामी परतन्त्र छौं । जेलभित्र रहेर पनि कैदी मुक्त छन्, तर जेलर जेल बाहिर भएपनि बन्दी जस्तै छ । वास्तवमा कुनै पनि प्रशासकले विरोधीलाई जेलमा राखेर मात्र समाधानको बाटो नअपनाइँ वैचारिक विमर्शतिर लानु पर्दछ किनभने जेलभित्र शरीर बन्दी भए पनि मन त बन्दी हुँदैन । जेल बाहिरको बौद्धिक परतन्त्रता भन्दा जेल भित्रको मानसिक स्वतन्त्रता राम्रो हुन्छ भन्ने कुरा देखिन आएको छ । त्यसैले प्रस्तुत उपन्यासको शीर्षक साफल्य छ ।

---

[१७२] वामदेव पहाडी 'कैदी र झ्यालखान' पूर्ववत्, 'लेखक परिचय' ।

## ४.५ निष्कर्ष

**कैदी र झ्यालखान** उपन्यास आलोचनात्मक शैलीमा वामदेव पहाडीले रचना गरेका छन् । यथार्थवादी यसको प्रमुख दृष्टि हो । तिरस्कृत र प्रताडितरूपमा कारागारमा विक्षिप्त अवस्था भोग गरिरहेका बन्दीहरूप्रति नरम दृष्टि रहेको छ । एक जागिरदारले निरङ्कुश शासन व्यवस्थामा भोग्नुपर्ने नियति प्रकटीकरण भएको छ । उपन्यासकारले सबै जागिरदार उही, उस्तै निरङ्कुश तानाशाह हुकुमी वृत्तका हुँदैनन् भन्ने कुरा 'म' पात्रको रूपमा समेत रहेको जेलरले राष्ट्र, राष्ट्रियता र सार्वजनिक जीवनको स्वतन्त्रताप्रति उसले देखाएको आस्थाले प्रकट गरेको छ । अन्ततः जेलर पनि देशको नागरिक हो, जनता हो । उसका पारिवारिक समस्या समाजका साझा समस्याभित्रै पर्दछन् भन्ने विचार उपन्यासले प्रस्तुत गरेको छ ।

**कैदी र झ्यालखान** उपन्यासमा एउटा सत्य छर्लङ्ग हुन्छ, त्यो हो मानवीयताको महत्तम दावी । जसको प्रतिष्ठामा लेखक सबभन्दा सचेत देखिन्छन् किनकी मानवता मनुष्यको जातीय धर्म भएकोले यसलाई राजनैतिक निहित स्वार्थले कुल्चन कदापि मिल्दैन । यसलाई मनुष्य हुनुको गरिमामा ठड्याएर हेर्ने हो भने प्रत्येक मानिसको आचरण प्रत्यक्ष भई यो गुण मानिसमा स्वतः प्राप्त हुनुपर्थ्यो तर विखण्डित अवस्थामा छ, यसलाई स्थापित गर्ने प्रयास गर्नु उपन्यासको मूल स्वर हो ।[१७३] उपन्यासले सामान्यरूपमा यही मानवीयतालाई उठाउने लक्ष्य लिएको छ । पहाडीको औपन्यासिक स्वरले राजनैतिक एकदलीय दोषलाई देखाएको छ । यसभित्रका स्वेच्छाचारणले खराब पक्षलाई पश्रय दिन्छ र जनजीवन कष्टकर बन्दै जान्छ तसर्थ एकदलीय व्यवस्थाभित्र पूँजीवादको प्रधानता छ भने त्यहाँ सुधारको प्रवल सम्भावना रहन्न भन्ने कुरा उपन्यासको कथानकले सावित गर्दछ । मानवीय जीवनमा दासता र परतन्त्रताको साङ्लोलाई, नेल र हत्कडीलाई चुडाँलेर फुक्का हुन र शान्तिको

---

[१७३] कृष्णचन्द्रसिंह प्रधान "नेपाली उपन्यास र उपन्यासकार" साझा प्रकाशन, काठमाण्डौं २०३६ पृ. २०८ ।

सास फेर्न स्वतन्त्रता चाहिन्छ । समयको क्रममा व्यवस्थामा देखिएको दुषित मनोवृत्तिलाई अफाल्नको लागि आन्दोलन गर्नुपर्छ ।[१७४] यो स्वतन्त्रता प्राप्तिको लागि जनताको अजेय शक्ति सङ्गठितरूपमा एकताबद्ध भई निरन्तर क्रियाशील रहनुपर्छ भन्ने उपन्यासको स्वरलाई शाश्वत रूपमा लिन सकिन्छ । यो प्रक्रियाले मानवलाई स्वराष्ट्रभित्र सत्यम्, शिवम् सुन्दरम्तर्फ अग्रसरताको अवसर प्रदान गराइरहन्छ ।

उपन्यासमा वर्णित जीवनको शाश्वत विस्तृत र सन्तुलित छ । जुन समाज र राष्ट्रमा समग्र मानव नै बन्दी छन् । त्यस सर्वत्र फिजारिएको अनन्त बन्दीगृहलाई तोड्न हातहतियार भिरेर धेरैले विद्रोह गर्छन् र आत्मवलिदान पनि गर्छन् भन्ने कार्यप्रति उपन्यासको पूर्ण समर्थन छ । राष्ट्र र जनताले प्रत्यक्ष भोग्नुपरेका पीडाजन्य परिस्थितिको पृष्ठभूमिमा उपन्यासले हुर्कने अवसर नै यसको यथार्थ हो । लेखकको यथार्थवादी चिन्तन, प्रगतिशील तथा वस्तुपरक धारणाजन्य उपज हो ।

**कैदी र भ्यालखान** कृतिमा उपन्यासकारले राष्ट्रियताको दुरावस्था, तानाशाही शासन प्रणालीप्रति विद्रोह र स्वतन्त्रता प्राप्तिको लडाइमाँ हुनसक्ने देशभक्तहरूको बलिदानलाई औपन्यासिक धरातल बनाउँदै उपन्यासमा प्रशासकहरूको चरित्रहीन आचरणको उद्घाटन गर्न लेखक सोभै जाइलागेर आलोचनाको मार्गलाई अख्तियार गरेका छन् । मानवको अभाव र गरीबी आफ्नो भ्यालखान हो । ढुङ्गो र माटोले बनेको भ्यालखानको गारोलाई तोड्न सकिन्छ तर भोक र गरीबीको बन्दीखानालाई, पराधीनता र दासताको शिविरलाई समूल विनष्ट गरेर मानवीय मूल्यको प्रतिस्थापन गराउन खोज्नु उपन्यासको निचोड हो ।

[१७४] वामदेव पहाडी 'कैदी र भ्यालखान' पूर्ववत्, पृ. ७६ ।

# अध्याय पाँच

## नेपाली उपन्यास परम्परामा वामदेव पहाडीको स्थान र योगदानको निरूपण

### ५.१ पृष्ठभूमि

वास्तविक नाम वामदेव जोशी र साहित्यका फाँटमा वामदेव पहाडी त्रिभुवन विश्वविद्यालय विद्यावारिधि (PHD) हासील गरेका उच्च प्रशिक्षित व्यक्तित्व हुन् । अनेकन संस्थाद्वारा सम्मानित र पुरस्कृत पहाडीले वि.सं. २०२२ मा **रत्नश्री** पदक र वि.सं. २०५४ मा युवा खेलकुद तथा संस्कृति मन्त्रालयद्वारा **राष्ट्रिय प्रतिभा पुरस्कार** प्राप्त गरेका थिए । त्यस्तै पहाडीले नेपाली साहित्यको क्षेत्रमा गरेको साधना र योगदानको कदर गरी वि.सं. २०५४ मै **नूरगङ्गा पुरस्कार** संस्थानले नगद र सम्मान पत्र प्रदान गरेको थियो । उनका यो सम्मान र पुरस्कारले राष्ट्रिय साहित्यकारका रूपमा स्थापित गराएको पाइन्छ ।

खासगरी वामदेव पहाडीले नेपाली साहित्यका कविता, कथा, उपन्यास एवम् समालोचना जस्ता भिन्न-भिन्न विद्यामा कलम चलाइ महत्वपूर्ण योगदान दिएका छन् । मुक्तक र गीति कवितामा पनि कलम चलाएको पाइन्छ । अनेकन विद्यामध्ये समालोचना र कथाको फाँटमा अधिकतर लेखनी चलेको देखिन्छ । यसैगरी उपन्यास र कविताका फाँटमा पनि कलम चलाउँदै आएका थिए । उनको प्रारम्भिक लेखनकार्य वि.सं. २००८ देखि हिन्दी भाषा साहित्यबाट भएको र वि.सं. २०१३ देखि नेपाली भाषा साहित्यमा लेखनारम्भ गरेको पाइन्छ । पहाडीले लेखन कार्यको प्रारम्भिक अवस्थामा विविध पत्र-पत्रिकामा लेख रचना प्रकाशित गराउँदै आएका र प्रथम प्रकाशित कृतिको रूपमा **नययनीर** (२०१०) काव्यसङ्ग्रह प्रकाशन गरेको पाइन्छ । तत्पश्चात् २०३६ सालमा औपन्यासिक कृति **कैदी र झ्यालखान** प्रकाशनमा ल्याएको देखिन आउँदछ । वि.सं. २०३७ मा **विवेक र मन्थन** समालोचनात्मक निबन्ध सङ्ग्रह, वि.सं. २०४१ मा **जय देश जय नेपाल** कथा सङ्ग्रह, वि.सं. २०५२ मा **विचारका केही क्षण** आलोचनात्मक निबन्ध सङ्ग्रह र २०५४ मा **आलोचना वृत्त** समालोचनात्मक लेख सङ्ग्रह

जस्ता साहित्यिक कृतिको सिर्जन र प्रकाशन गरी नेपाली साहित्यको वाङ्मयमा विशेष योगदान पुऱ्याएको देखिन आउँदछ ।

खासगरी वामदेव पहाडीले प्रगतिवादी नेपाली साहित्यमा कलम चलाइ मूल्यवान कृतिहरू पस्किएर प्रगतिवादी साहित्यमा योगदान पुऱ्याएका छन् । परम्परागत लेखनका विरुद्ध नवलेखनको तीव्र स्वर प्रकट गराउँदै पाश्चात्य साहित्य प्रभावको झुकाव आफ्ना कृतिहरूमा पर्दापण गराएका छन् । नेपाली साहित्यको क्षेत्रमा कलम चलाउँदै आएका आधुनिक कालका समसामयिक धारामा उदिप्त हुन पुगेका साहित्यकार पहाडीमा आलोचनात्मक शैली र यथार्थपरक दृष्टिकोण पाइन्छ । नेपाली साहित्यालोचनाका क्षेत्रमा प्रतिभाशाली समालोचकहरू उदाइरहेका छन् जसमध्ये वामदेव पहाडी जस्ता समालोचकहरू पनि विकासशील देखिन्छन् ।[१७५] यसरी पहाडी नेपाली साहित्य समालोचनाका क्षेत्रमा प्रतिभाशील भएर प्रगतिशील तथा विकासशील रहेको कुरा स्पष्ट हुन आउँदछ । पहाडी प्रगतिशील यथार्थवादी भई वस्तुगत तथ्य अङ्कन गरेर विसङ्गत अवस्थाको अन्त्य गर्न चाहने राष्ट्रिय साहित्यिक प्रतिभाको रूपमा समुन्नत देखिन्छन् । साहित्यको क्षेत्रमा पहाडीले गरेको योगदानबाट सो क्षेत्रलाई समृद्धशाली बनाउनमा अमूल्य योगदान पुगेको तथ्य स्पष्ट हुन आउँदछ ।

अमरताको लागि सनातन र शाश्वत मार्ग साहित्य र कला हो । वामदेव पहाडीले नेपाली साहित्यको सिर्जन कर्ममा लागेर अमरताको बाटो हिडेका छन् ।[१७६] पहाडी साहित्यमा स्वतन्त्र उत्प्रेरणाबाट स्वत : स्फूर्त हुने सिर्जनको पक्षमा प्रवल रूपले रहेका छन् । पहाडीका साहित्य लेखनका विद्या कविता, उपन्यास, कथा र समालोचना हुन् । उनी जीवनमा साहित्यिक बाहेक अन्य विविध प्रतिभा सम्पन्न रहेपनि स्वत : स्फूर्त रूपले संलग्न रहेका छन् । पहाडीका तर्कपूर्ण अभिव्यक्ति रहेका आलोचनात्मक लेखहरूमा नेपाली जनजीवनमा पलाउँदै आएका ऐजेरुहरूलाई मूलत : विनष्ट गर्न खोजिन्छ । प्राच्य पद्धतिलाई मूल्य र मान्यता प्रदान गर्दै स्थापित गर्ने सम्मति प्रकट गरिन्छ । कतिपय आधुनिक पाश्चात्य काव्य सिद्धान्तलाई पनि पूर्वका स्रष्टाले आफ्ना दृष्टि र सृष्टिमा ल्याउन आग्रह गरिन्छ । उनले आफ्नो साहित्यिक प्रतिभालाई विशेष गरी

---

[१७५] सम्पादक, 'समालोचना परिचय' नेपाली साहित्यको परिचयात्मक इतिहास, ने.सा.प्र.स. सिलगुढी, १९९१ पृ. १३७ ।

[१७६] कर्णबहादुर कार्की, 'डा.वामदेव पहाडीको निधन' लुम्बिनी दैनिक, (बुटवल : लुम्बिनी अफसेट प्रा.लि. वर्ष १०, अङ्क ६५, फाल्गुण २४, २०५४) पृ. १ ।

समालोचनाका क्षेत्रमा लगाएर लेख लेखेका छन् र प्रकाशनमा ल्याएका छन् ।[१७७] उनको प्रमुख साहित्यिक योगदानको क्षेत्र समालोचना पनि हो ।

वामदेव पहाडीले नेपाली साहित्यको उपन्यास विद्यामा कलम चलाइ महत्वपूर्ण योगदान दिएका छन् । उपन्यास र उपन्यासकारका बारेमा पहाडीको विचार यस्तो छ- औपन्यासिक धरातलमा उपन्यासकारको उही साधना थिग्रिएको हुन्छ उसको साधकको रूपमात्र देखिन्छ । त्यसरी लेखिसकिएको उपन्यास साध्य होला तर खुद उपन्यासकार साध्य होइन । उपन्यासकार कतै अस्तित्वादी भएर रहे होला र हुन सक्छ त्यस अस्तित्ववाद भित्र नै मानवतावाद खोज्दै हिडेको होस् ।[१७८] उपन्यास विद्यामा पहाडीको औपन्यासिक कृति **कैदी र झ्यालखान** सङ्ख्यात्मक हिसाबले एक्लो कृति हो । यस कृतिले नेपाली साहित्यको सम्बन्धित विद्यालाई पाश्चात्य सिद्धान्त, शैली र रूपसँग पनि परिचित गराउँदै नेपाली मौलिक रूप विकसित गर्ने सामर्थ्य राखेको छ ।[१७९] उनको एकमात्र प्रकाशित कृतिलाई आधार मानेर पहाडीको उपन्यासमा पाइने प्रवृतिलाई निम्नलिखित बुँदामा विश्लेषण गरिएको छ ।

## ५.१.१ वैचारिक पक्ष

उपन्यासकार वामदेव पहाडीको वैचारिक चिन्तन अत्यन्तै गहन खालको रहेको छ । लेखनमा सत्य र तथ्यलाई अनुभूतिमा ढालेर विचारात्मक प्रभाव दिनुमा उनको मूल प्रवृत्ति रहन्छ । पहाडीले आफ्ना समीक्षात्मक दृष्टिभित्र पूर्वीय समालोचना सिद्धान्तलाई हलुको रूपमा र पाश्चात्य सिद्धान्तलाई गहकिलो मान्दछन् । उनको दृष्टिमा पूर्वीय प्राचीन, भरपर्दो नभएको अवैज्ञानिक र पुरातन छ, पाश्चात्य आधुनिक युगानुकूल तथा भरपर्दो वैज्ञानिक छ । यसैभित्र पूर्वी दार्शनिक, स्रष्टा र साहित्यप्रतिको श्रद्धामा कमी छैन । यसलाई नेपाली साहित्यका इतिहासकारहरूले पहाडीले आलोचना क्षेत्रमा दरो र खरो पाराले लागिरहेको मानेका छन् जुन सार्थक छ । यसैले उनको वैचारिक पक्षलाई दरोरूपमा लिन सकिन्छ । पहाडीले साहित्यमा स्वतन्त्र उत्प्रेरणाबाट प्राप्य सिर्जन

---

[१७७] कृष्णराज पाण्डे, 'वामदेव पहाडीका समालोचना' सम्वाद साप्ताहिक (भैरहवा : लक्ष्मी प्रिन्टिङ प्रेस, वर्ष ८, २०५३) पृ. ३ ।

[१७८] वामदेव पहाडी 'औपन्यासिक धरातल', 'विवेक र मन्थन' पूर्ववत्, पृ. ११५ ।

[१७९] नेपाली साहित्यको परिचयात्मक इतिहास, ने.सा.प्र. समिति, पूर्ववत्, पृ. १३७ ।

कार्यमा नै प्रभावकारीता राख्न सक्ने आत्मनिर्भर रही मौलिक संस्कृति तथा सभ्यताका संस्कारलाई आत्मसात् गरेर नै प्रत्येक मानिसले शिष्टाचार, अनुशासन र नीतिगत उत्थान गर्न सक्छ भन्ने उनको वैचारिक चिन्तन देखिन आउँदछ ।

**कैदी र झ्यालखान** उपन्यासमा वैचारिक चिन्तन सबल छ । यसमा राष्ट्रियता, स्वतन्त्रता, मानवीय जीवनको मूल्य र मान्यता यसप्रति प्रेमको अमरतामा भावना विशाल छ । मानवको यथार्थ, व्यथा र वेदना, मानवीय संवेद्यता यसमा निहित छ । जीवनको शाश्वत पक्ष विस्तृत र सन्तुलित छ । शासक, प्रशासकका आडम्बरी चरित्र, चाकरी, मनोवृत्ति, निरङ्कुश चरित्रको आलोचना र यथार्थ विचार उपन्यासका सबल वैचारिक पक्ष हुन् ।

## ५.१.२ मानवतावादी पक्ष

उपन्यासकार वामदेव पहाडीको उपन्यास कृतिमा मानवीय चिन्तन तीव्र रूपमा सल्बलाएको पाइन्छ । उनको उपन्यासमा एउटा कुरो सत्य छर्लङ्ग देखिन्छ त्यो हो मानवीयताको महत्त्वम दावी । लेखक मानवीयताको पक्षमा सजग रहेको छ । मानवता मनुष्यत्वको जातीय धर्म हो । यस्तो मानवीयताको धर्मलाई कुनै राजनैतिक निहित स्वार्थले कुल्चन मिल्दैन । मानवतामा समानता, स्वतन्त्रता भन्ने कुरा सबैभन्दा महान् हो । **कैदी र झ्यालखान** ले मानवतालाई यसरी प्रस्तुत गरेको छ - 'स्वतन्त्रता वाणी र कर्मको, जीवन कस्तो हुन्छ मानव धर्मको' भन्ने विचारले मानवीयताको मूलमर्मलाई स्पष्टरूपमा प्रस्तुत गर्न पुगेको छ । प्राय : उच्च पदस्थ व्यक्तिहरूमा वाणी र वचनबाट सुनिने आदर्श, कर्म र व्यवहारबाट अव्यवहृत नै रहेकोले वर्तमानमा मानवीयता असामान्य झै प्रतीत भइरहेको छ जसलाई **कैदी र झ्यालखान** ले उठाउने लक्ष्य लिएको छ । मानवीय जीवनमा दासता र परतन्त्रताको साङ्लोलाई, नेल र हत्कडीलाई चुँडालेर स्वतन्त्र हुन र शान्तिको श्वास फेर्न मनुष्यलाई स्वतन्त्रता चाहिन्छ । यो स्वतन्त्रता प्राप्त गर्नको लागि जनताको अजेय मानवीय शक्ति एक ढिक्का भई निरन्तर क्रियाशील रहनुपर्दछ । उनका औपन्यासिक कृतिले मानवीयतालाई महत्वपूर्ण स्थान दिएका छन् । समाज र राष्ट्रमा समग्र मानवता नै बन्दी रहेको छ ।

### ५.१.३ राजनैतिक पक्ष

उपन्यासकार वामदेव पहाडीमा राजनीतिक स्वर प्रबल रूपमा पाइन्छ । उनको **कैदी र झ्यालखान** उपन्यासले २०३६ को शाही घोषणा र त्यसले जन्माएको एकदलीय दोषलाई प्रस्तुत गर्ने सन्दर्भमा राजनैतिक पृष्ठभूमिलाई आधार बनाएर लेखिएको कृति हो । जसमा पञ्चायती निरङ्कुश शासन सत्ताको भण्डाफोर गर्ने प्रयास भएको छ । पहाडीको औपन्यासिक स्वरले निर्दलीयतालाई देखाउँदै यसभित्रका स्वेच्छाचारी प्रवृत्तिले खराब पक्षलाई प्रश्रय दिदैं जाने र मानिसको जनजीवन झन्-झन् कष्टकर बन्दै जाने भएकाले एकदलीय व्यवस्थाभित्र पूँजीवादको प्रमुखता रहने हुँदा सुधारको सम्भावना रहन सक्दैन । पहाडीले जनपक्षीय प्रजातान्त्रिक व्यवस्थाको पुर्नस्थापनाको भावनालाई आफ्नो लेखनकार्यबाट अगाडि बढाएका छन् । पञ्चायतले जन्माएका विसङ्गत र निर्दलीय तानाशाही विरुद्ध आक्रोश र विद्रोहको स्वरलाई उनको उपन्यासले अभिव्यक्त गरेको हुन्छ । मानिसलाई मौलिक हक जो निसर्गबाट प्राप्त छन्, प्रत्येक राजनैतिक व्यवस्थामा तिनको सुरक्षा हुनुपर्छ भन्ने कुरा **कैदी र झ्यालखान** बाट देखाउन खोजिएको छ । राजनैतिक चिन्तनका साथ त्यसभित्र रहने वैचारिक चिन्तन प्रस्तुत गर्ने काम पहाडीबाट भएको देखिन आउँदछ ।

### ५.१.४ प्रगतिवादी-यथार्थवादी/प्रगतिशील पक्ष

उपन्यासकार वामदेव पहाडीमा प्रगतिशील विचार पाइन्छ । पहाडी प्रगतिशील यथार्थवादी भई निष्कपट, निष्पक्ष र वस्तुतथ्य अङ्कन गरेर विसङ्गतपूर्ण अवस्थाको समाप्ति गर्न चाहन्छन् । जीवनमा देखेका, सुनेका घटनालाई संश्लिष्ट पारेर व्यक्त गर्ने गर्दछन् । उपन्यासका घटना र पात्र काल्पनिक मात्र होइनन्, यथार्थ हुन्, तिनको चित्रणमा भने कतै कतै काल्पनिकता रहन्छ । यसको अनुभूति पाठकमा स्थापित गराउने अठोट पहाडीमा रहेको हुन्छ । **कैदी र झ्यालखान** जुन परिवेशमा सिर्जन भएको छ, त्यो राष्ट्र र जनताले प्रत्यक्ष खेप्नुपरेका दुःखदायी परिस्थितिको यथार्थ पृष्ठभूमि हो । यो उपन्यासकारको यथार्थवादी दृष्टिबोधको वस्तुपरक तथा प्रगतिशील धारणाजन्य उपज हो जो कि निरङ्कुश शासन व्यवस्थाका अन्याय, उत्पीडन शोषण र दमनको चक्रव्यूहलाई विनष्ट गरी देशमा प्रजातन्त्र स्थापना गर्नेहरूका लागि सङ्घर्ष गर्नेहरूको

जीवनको पीडा तथा करुणाजन्य अवस्थाप्रति उपन्यासकारको समवेदना र सहानुभूति छ । सुधारको मनोभावना उपन्यासमा निहित भएको छ ।[१८०]

पहाडीको उपन्यासमा आलोचनात्मक शैलीको अवलम्वन भएको छ । यथार्थवादी उपन्यासको दृष्टि हो । यथार्थवाद भौतिक दृष्टिकोणको वस्तुपरक साहित्यको रूप हो र यसको सत्य चाहीँ प्रत्यक्ष जगत हो । त्यसैले यथार्थवादीहरू वाह्य संसारका द्रष्टा हुन् । त्यहाँ मनुष्य जगतका वास्तविकता देखेर त्यसलाई त्यही रूपमा सजाई मूर्त्याउँछन् । सङ्घर्षशील जीवनले मानिसलाई भविष्य निर्माणमा सहभागी बनाउँदछ र नयाँ सृष्टि गर्ने सिर्जनात्मक चेतना दिन्छ ।[१८१] पहाडीका रचनामा विषयवस्तु र वैचारिकतामा भाव, संयोजक रहेको हुँदा निबन्धात्मक गुण, व्यक्ति र उसको कृतिका वारेमा अभिमत प्रकट भएकाले प्रगतिशीलको छाप पाइन्छ ।

पहाडीको यथार्थवादी दृष्टि आलोचनात्मक यथार्थवादतर्फ विकासशील भएको पाइन्छ । शोषण र सामाजिक कुप्रथाको प्रकाश गर्ने कार्यको फलीभूतको लागि विवेचना, आलोचना गर्ने प्रवृत्ति विशेषलाई आलोचनात्मक यथार्थवादको संज्ञा दिइन्छ । यो यथार्थवादको छुट्टै अङ्ग नभएपनि कुत्सित कर्म र प्रचलनहरूको आलोचना गर्ने एक प्रचलित प्रणाली हो जो **कैदी र भ्यालखान** मा पाइन्छ । आदर्श र यथार्थमा आलोचनाले ठाउँ पाएजस्तै उपन्यासमा आलोचनात्मक यथार्थ पनि आदर्शबाट सर्वथा परित्यज्य छैन । आदर्श र यथार्थको चरमतामा पहाडीको आदर्शले राजनैतिक सुधारवादलाई अगाल्न पुग्दछ भने यथार्थताले मानवीयताको उपस्थापन गर्न जोड दिन्छ ।

## ५.२ मूल्याङ्कन

उपन्यास, कथा, समालोचना र कविता साहित्य विधामा कलम चलाइ स्थापित बन्न पुगेका वामदेव पहाडीको विधागत समष्टी मूल्याङ्कन निम्नलिखित छ ।

नेपाली उपन्यास परम्परामा वामदेव पहाडी प्रगतिशील यथार्थवादीधारा सन्निकट रहेका छन् । त्यसमा पनि आलोचनात्मक यथार्थवाद प्रमुख पक्ष हो ।

---

[१८०] वामदेव पहाडी 'नयननीर' पूर्ववत्, पृ. २८ ।

[१८१] कृष्णचन्द्रसिंह प्रधान, 'नेपाली उपन्यास र उपन्यासकार', पूर्ववत्, पृ. १२ ।

उपन्यासमा पाइने यथार्थवादी दृष्टि आलोचनात्मक यथार्थवादतर्फ विकसित भएको छ । उपन्यासबाट समाजमा रहेको दमन, शोषण, अन्याय, अत्याचार यथार्थरूपमा समीचन र विवेचन गर्ने काम भएको छ । कुत्सित कर्म, प्रचलन र आचरणको तीव्र आलोचना उनको उपन्यासबाट भएको छ । पहाडीको **कैदी र झ्यालखान** उपन्यास पारिजातको **उसले रोजेको बाटो, पर्खालभित्र पर्खालबाहिर** उपन्याससँग निकट रहेको देखिन आउँदछ । आदर्श र यथार्थको चरमतामा पहाडीको आदर्शले राजनैतिक परिष्कारलाई अगाल्न पुग्दछ भने यथार्थले मानवीयताको उपस्थापनमा जोड दिदैं परतन्त्रतालाई नकार्न पुग्दछ । उनका उपन्यासमा वर्णित जीवनको शाश्वत, सत्य देशीय र सन्तुलित रहन्छ, यस्ता कृतिको युगको प्रतिनिधि बनेका छन्, पहाडीको औपन्यासिक कृतित्व त्यो धुरोमा पुग्न नसके पनि फेदीमा चाहीँ पक्कै रहदैन ।[१८२] पहाडी मान्दछन्- उपन्यासमा वर्णित जीवनको शाश्वत यदि विस्तृत र सन्तुलित छ भने त्यो युगको नेतृत्वकारी बन्दछ । निरङ्कुश चरित्र र भ्रष्ट प्रशासकका चरित्रहीन अनैतिक आचरणको उपन्यासमा प्रशस्तै आलोचना भएको छ । मुठ्ठीभरका शोषक सामन्तले, साहु महाजनले, कपटी महानेताले बहुसङ्ख्यक जनताको आँखामा छारो हालेर ऐश आरामको जीवन विताइरहेका छन् जसको मुख्य कारण अर्थ लोभ हो, आर्थिक कारण, आर्थिक वैषम्यताबाट नै समाजमा वर्ग भेद छ । शम्भु, मख्खन, राधेश्याम, रामदीन यस वर्ग सङ्घर्षलाई तोड्न चाहन्छन् । क्रान्ती गर्दछन्, विद्रोह मच्चाउँछन् भन्दै पहाडीले मानवको प्रत्येक सर्गमा मानवतालाई पदललित गर्ने मानिस मानव धर्म, रमाज र राष्ट्रको वैरी भएको यथार्थलाई **कैदी र झ्यालखान** उपन्यासमार्फत प्रस्तुत गरेका छन् ।

नेपाली साहित्यको कथा विधामा वामदेव पहाडीको योगदान महत्वपूर्ण छ । पहाडी कथाकारका रूपमा यथार्थवादी प्रगतिवादी धाराका सन्निकट रहेका छन् । उनका कथाहरू **जय देश जय नेपाल** कथासङ्ग्रहमा सङ्ग्रहित छन् । ती कथाहरू राजनैतिक, सामाजिक, आर्थिक विषयवस्तुसँग सम्बद्ध रहेका छन् । आँखाले देखेका, कानले सुनेका, मन र मस्तिष्कले भोगे र गुनेका हुन् यी कथा ।[१८३] पहाडीका कथाका पात्रका घटनाले अमूर्त नरही केही भन्न बोल्न चाहेका हुन्छन् । पहाडी कथानक र त्यसका घटना वा पात्र काल्पनिक होइनन् यथार्थ

---

[१८२] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास', पूर्ववत्,पृ. १२३-१२४ ।

[१८३] वामदेव  पहाडी 'भूमिका', 'जय देश जय नेपाल', पूर्ववत्, पृ. ४ ।

हुन् भन्ने कुरा पाठकमा स्थापित गराउन चाहन्छन् । पात्र चित्रणमा कतै कतै काल्पनिकता नहुने भने होइन । राजनीतिक र सामाजिक धरातलमा रहेका कथाले केही गूढतालाई छरपस्ट पारेर प्रभावकारीता कायम गर्दछन् र उद्बुद हुने सन्देश प्रसारित गर्दछन् । उनी कथाको पारम्पारिक शैली नै नव प्रयोग भन्दा असल हुन्छ भन्ने तर्फ दृढ छन् ।[१८४]

वामदेव पहाडी नेपाली साहित्यको समालोचना फाँटमा महत्वपूर्ण स्थान राख्न सफल रहेका छन् । समालोचनामा वरीयता प्राप्त पहाडीको उच्चतम प्राप्तिको विधा समालोचना साहित्य हो । **विवेक र मन्थन**, **विचारका केही क्षण, आलोचना वृत्त** उनका समालोचनात्मक निवन्धहरूका सङ्गालो हुन् । पहाडीले समालोचनात्मक लेखहरूमा जर्मन, फ्रान्स, अमेरीका तथा पूर्वी युरोपका समालोचकहरूको सिद्धान्त र कलाकृतिको मूल्यका साथ पूर्वी प्राचीन सिद्धान्तको पृष्ठभूमिमा रहेर नेपाली साहित्यको समालोचना गरेका छन् । परम्परित समालोचना पद्धतिमा नवीन आयाम ल्याउने अठोट उनीबाट भएको पाइन्छ । तथ्य र सत्यलाई अनुभूतिमा ढालेर विचारात्मक प्रभाव छाड्नु उनको समालोचकीय प्रवृत्ति हो । नेपाली आलोचनाका क्षेत्रमा दरो, खरो पाराले लाग्नेहरूमा वामदेव पहाडीको नाम महत्वपूर्ण रहेको छ । उनको तार्किक शक्ति, शैली ओजपूर्ण भएको र पूर्वी, पश्चिमी, दर्शन, साहित्य, सिद्धान्त, कृति र कृतिकारका बारेमा प्रभावकारी रूपले कलम चलाउँदै आएका छन् । नेपाली साहित्यका महारथीहरू लेखनाथ पौड्याल, वालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल तथा मोदनाथ प्रश्रितका काव्यकृतिको गहिरो समीचन समीक्षा गरेर नेपाली समालोचनाको क्षेत्रमा विशाल पट विच्छ्याइदिएका छन् । यसमा उनको कानून व्यवसायी अधिवक्ता व्यक्तित्वको तार्किक शक्तिको पट अत्याधिक रूपमा उपयोग भएको छ । नेपाली समालोचना साहित्य विधामा पूर्ववर्ती समालोचक रामकृष्ण शर्माको प्रभाव र विकटतामा वामदेव पहाडी रहेका देखिन आउँदछन् । पूर्ववर्ती समालोचकका अभिमतलाई लेखनको आरम्भिक चरणदेखि नै अंशत :स्वीकार गर्दै आएको पाइन्छ । उनको आलोचकीय शैली सङ्क्षिप्त, सूत्रात्मक, व्याख्यात्मक र प्रभावकारी रहेको छ ।

---

[१८४] वामदेव पहाडी 'विवेक र मन्थन', पूर्ववत्, पृ. ९१ ।

नेपाली साहित्यको क्षेत्रमा पहाडीले गरेको योगदानप्रति वरिष्ठ साहित्यकारहरूले अमूल्य योगदानको मूल्याङ्कन गरेका छन् ।[१८५]

वामदेव पहाडी नेपाली साहित्यको कविता विधामा देखापरेका छन् । कविता विधामा गद्य कवितात्मक रूपका कवि हुन् । उनको एकमात्र प्रकाशित काव्यसङ्ग्रह **नयननीर** (२०१०) हो । पहाडीका कवितामा प्रकृतिको चित्रण पाइन्छ । उनले नीजि अनुभूतिलाई प्रकाश पार्न प्रकृतिका विविध रूपको अनुकृतिमा कविताद्धारा चित्रण गर्दछन् । त्यस्ता कवितामा मानिसको प्रयासको सम्पूर्ण पक्षको सफलीभूतको प्रेरणा र आशाको दृष्टि विकसित गर्ने अठोट गरेका हुन्छन् ।[१८६] पहाडीका कवितामा नैराश्यता, उत्साहहीनता र पलायनप्रतिको विद्रोहको स्वर भेटिन्छ । समाजमा उपेक्षित र प्रताडित जीवनप्रति कविको समवेदना प्रकट भएको हुन्छ । राष्ट्रियता, स्वतन्त्रता, मानवीय जीवनको मूल्य र यसप्रति प्रेमको अमरतामा कविभावना विशाल छ । उनका कवितामा रोमान्स, कल्पना, उडान भर्नुका साथै कतै धरतीका यथार्थ गीत पनि गाएको पाइन्छ । पहाडीको **नयननीर** गद्यकाव्य सङ्ग्रह छायावादी शैलीमा रचना भएको छ ।[१८७] **नयननीर** मा सङ्ग्रहित रहेका कविताहरूले पहाडीको कवित्व पक्षलाई मूल्याङ्कन र स्थापित गर्न सक्षम भएको छ ।

नेपाली साहित्यको वाङ्मयमा वामदेव पहाडी उपन्यासकार, कथाकार, समालोचना कविको रूपमा रही बहुप्रतिभाको रूपमा स्थापित र मूल्याङ्कित हुन आउँछन् ।

---

[१८५] कृष्णराज पाण्डेय, 'साप्ताहिक सम्वाद' पूर्ववत्, पृ. ३ ।
[१८६] वामदेव पहाडी 'विचारका केही क्षण' पूर्ववत्, पृ. १ ।
[१८७] वामदेव पहाडी 'नयननीर' पूर्ववत्, पृ. ७ ।

## ५.३ निष्कर्ष

आधुनिक कालका समसामयिक धारामा उदिप्त भएका साहित्यकार पहाडीमा आलोचनात्मक शैली र यथार्थवादी दृष्टिकोण पाइन्छ । कवि, कथाकार, उपन्यासकार, समालोचकका रूपमा ख्यातिप्राप्त पहाडीले नेपाली साहित्यको प्रगतिवादी धारामा कलम चलाइ योगदान पु¥याएका छन् । उनी प्रगतिशील यथार्थवादी भई वस्तुगत तथ्य अङ्कन गरेर विसङ्गत अवस्थाको अन्त्य गर्न चाहने राष्ट्रिय साहित्यिक प्रतिभाको रूपमा स्थापित भएका छन् । साहित्यको क्षेत्रमा पहाडीले दिएको योगदानबाट सो क्षेत्रलाई सम्पन्नशाली बनाउनमा अमूल्य योगदान पुगेको छ । पहाडीले लेखनमा सत्य र तथ्यलाई अनुभूतिमा ढालेर विचारात्मक प्रभाव दिनसक्नु उनको मूल प्रवृत्ति हो । पहाडीले पौर्वात्य समालोचना सिद्धान्तलाई हलुको र पाश्चात्य समालोचना सिद्धान्तलाई ओजिलो र गहकिलो रूपमा स्वीकारेको पाइन्छ । पहाडीका उपन्यासमा वैचारिक चिन्तन, मानवतावादी चिन्तन, राजनैतिक चिन्तन तथा प्रगतिशील धारणा सल्बलाएको पाइन्छ । राष्ट्र र जनताले प्रत्यक्ष भोग्नु परेका पीडादायी परिस्थितिको चित्रण गरी मानवीय महत्तताको दावी भएको हुन्छ । पहाडी कथा र उपन्यासको परम्परामा प्रगतिवादी यथार्थवादी, कवितामा स्वच्छन्दतावादी तथा समालोचनामा दह्रो र खरो समालोचकका रूपमा स्थापित रही विशिष्ट योगदान पु¥याएको पाइन्छ । उनको आलोचकीय शैली सङ्क्षिप्त, सूत्रात्मक र प्रभावकारी रहेको देखिन्छ । नेपाली साहित्यको क्षेत्रमा पहाडीले दिएको योगदानप्रति वरिष्ठ साहित्यकारहरूले अमूल्य योगदानको मूल्याङ्कन गरेका छन् र उनी बहुप्रतिभाको रूपमा कवि, कथाकार, उपन्यासकार एवम् समालोचकका रूपमा रही नेपाली साहित्यमा योगदान पु¥याएका देखिन्छन् ।

# अध्याय छ
# उपसंहार एवम् निष्कर्ष

## ६.१ सार सङ्क्षेप

उपन्यासकार वामदेव पहाडीको **कैदी र झ्यालखान कृतिको अध्ययन र विश्लेषण** नामक शोधपत्र अन्तर्गत अध्याय एकमा शोध-परिचय, अध्याय दुईमा वामदेव पहाडीको सङ्क्षिप्त जीवनी र व्यक्तित्व, अध्याय तीनमा उपन्यासको सैद्धान्तिक परिचय र विकास प्रक्रिया तथा वामदेव पहाडीको साहित्ययात्रा, अध्याय चारमा पहाडीको उपन्यास कृति 'कैदी र झ्यालखान' को औपन्यासिक तत्वको कसीमा अध्ययन र विश्लेषण, अध्याय पाँचमा पहाडीको स्थान र योगदानको निरूपण तथा मूल्याङ्कन र अध्याय छ को उपसंहार खण्डमा सम्पूर्ण अध्ययनको सारलाई निचोडको रूपमा प्रस्तुत गरिएको छ ।

एउटा दीपक जसरी आफू सल्किएर भस्मीभूत बन्दै जान्छ र तमसलाई मिल्काएर ज्योति प्रदान गरिरहन्छ त्यसरी नै एउटा सच्चा चिन्तक साहित्य-स्रष्टाले अनेक ठक्कर खाएर आफू सल्किरहन्छ । एउटाको जीन्दगी सकिन्छ र त्यो निभ्छ तर अर्को युगौंयुगसम्म बलिरहन्छ । त्यसकै त्यो अनन्त आलोकमा नौलो चिन्तनको भाव प्रवहणता कायम रहेर मानव जीवनलाई गतिशील पार्न सक्षम बनिरहन्छ मानौं त्यसमा एक युगको तस्विर फेर्ने बल निहित हुन्छ । यस्तै सुकर्मद्धारा जीवनको क्षणभङ्गुरतालाई अमरताको त्यस अनन्त पथमा गतिशील पार्न सफल साधकमध्ये वामदेव पहाडीले आफू क्यान्सरले पीडित भएर पनि जीवित रहँदासम्म परिश्रमसाध्य कार्य गरेर अमरताको बाटोमा यात्रा गर्ने कार्य गरे । वामदेव पहाडीको जन्म वि.सं. १९९३ साल चैत्र शुक्ल पञ्चमीका दिन लुम्बिनी अञ्चल नवलपरासी जिल्लाको परसा गाउँमा भएको हो । यिनी पितामाताका ज्येष्ठ सुपुत्र हुन् । ज्येष्ठ सन्तानका रूपमा जन्मिएका वामदेव जोशी कालान्तरमा वामदेव पहाडीका नामले साहित्यमा प्रख्याती भए । यिनको बाल्यकाल पितामाताको वात्सल्य र भरणपोषणमा भारतको उत्तरप्रदेश ठुटाबारीमा सुखद् रूपमा बित्यो । सात वर्षको उमेरदेखि शिक्षा-दीक्षा प्रारम्भ गरेका पहाडीको ठुटीबारीमै प्रारम्भिक शिक्षा सम्पन्न भयो । ई.सं. १९५२ मा इलाहावाद वोर्ड अन्तर्गत नौतनवाँ हायर सेकेण्डरी स्कूलबाट हाईस्कूल ( एस.एल.सी.) परीक्षा र ई.सं. १९५३ मा आइ.ए. परीक्षोत्तीर्ण गरे । ई.सं. १९५७

मा आगरा विश्वविद्यालयबाट वि.ए. उत्तीर्ण गरे भने वि.सं. २०१८ सालमा त्रिभुवन विश्वविद्यालयबाट वि.एल. उत्तीर्ण गरे । पछि गएर वि.सं.२०२० (ई.सं. १९६३) मा आगरा विश्वविद्यालयबाट हिन्दी साहित्यमा एम.ए. उत्तीर्ण गरे । वि.सं. २०४८ सालमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि (PHD) उपाधि समेत हासील गरे । वि.सं. २०१२ सालदेखि भैरहवामा स्थायी बसोवास शुरु गरेका पहाडी जीवनभर त्यही नै बिताए । वि.सं. २०१२ सालमै वैवाहिक सूत्रमा बाँधिएका पहाडीको पहिलो पत्नीको निधन वि.सं. २०१६ मा भयो । त्यसपछि दोस्रो विवाह भए पनि अचानक दोस्रो पत्नीको पनि निधन भएकोले वि.सं. २०२४ सालमा तिलोत्तमासँग उनको तेस्रो विवाह भई अन्तिम समयसम्म सपत्निक जीवन बिताए ।

पहाडीको आर्थिक अवस्था मध्यमस्तरको रहेको थियो । न्यूनतम आवश्यकताको तुष्टी गर्न सङ्घर्षशील रहनु परे पनि साहित्य सिर्जनको फाँटमा लागिरहेका थिए । उनी क्यान्सर रोगबाट ग्रसित थिए । वि.सं. २०५१ सालदेखि क्यान्सर जस्तो दु:साध्य रोगले उनलाई आहत पुऱ्याएको थियो । उनलाई स्वास्थ्योपचारको लागि विभिन्न संघ-संस्था, साहित्यकार, पत्रकार, वकील एवम् मित्रवर्गबाट आर्थिक सहयोग प्राप्त भएको थियो । आर्थिक सहयोग प्राप्त भए पनि क्यान्सर रोगको कारण नै उनको स्वर्गारोहण वि.सं. २०५४ फाल्गुण २३ गते भयो । उनको देहावसानमा विभिन्न व्यक्ति, संघ-संस्था आदिले शोक समवेदना सन्देश प्रकट गरेका थिए ।

वामदेव पहाडी मृदुभाषी, मिलनसारी, स्पष्ट वक्ता र निर्भिक व्यक्तित्व थिए । राजनीति, दर्शन, कानून, अर्थशास्त्र, धर्मशास्त्र, महाभारत, श्रीमद्भागत् पुराण, उपनिषद् पढ्न रुचि राख्ने पहाडीको आफ्नै घरमा पनि सानो पुस्तकालय रहेको छ । पहाडीको साहित्यिक र साहित्येतर व्यक्तित्व गरी दुई पाटा रहेका छन् । साहित्यिक व्यक्तित्व अन्तर्गत कवि, कथाकार, उपन्यासकार, समालोचक, शिक्षक-प्राध्यापक रहेको छ भने साहित्येतर व्यक्तित्व अन्तर्गत सामाजिक, राजनैतिक, अधिवक्ता, पत्रकार रहेको छ । त्यस्तै गरी उनको जीवनदर्शन पनि सैद्धान्तिक र व्यवहारिक गरी दुई पाटामा रहेको छ । सैद्धान्तिक पाटोमा ईश्वरको अस्तित्व स्वीकार्दैनन् भने स्वतन्त्र उत्प्रेरणाबाट भएको सिर्जन कार्यमा मौलिकता रहन्छ भन्ने उनको अवधारणा रहेको थियो ।

वामदेव पहाडीले वि.सं. २००८ सालदेखि हिन्दी साहित्य, वि.सं. २०१३ सालदेखि नेपाली भाषा साहित्यमा कलम चलाएका छन् । **नयननीर** (२०१०) पहिलो काव्यसङ्ग्रह हो । उनका फुटकर कृतिहरू तत्कालीन समयका **साप्ताहिक सम्वाद, रत्नश्री, बगर, बगैचा, गरिमा, तन्नेरी, रूपरेखा, समकालीन** साहित्य पत्र-पत्रिकामा प्रकाशित भएका थिए ।

वामदेव पहाडी एक व्यक्ति अनेक व्यक्तित्व हुन् । उनी कवि, उपन्यासकार, कथाकार, समालोचक साहित्यकारका रूपमा रहेका छन् । कवितामा गद्यकविको रूपमा देखापरेका छन् । छाँयावादी शैलीमा रचना भएको **नयननीर** काव्यमा स्वच्छन्दवादी प्रगतिवादी बनेर हिडेका छन् । पहाडी कथाकारका रूपमा पनि देखापरेका छन् । कथासङ्ग्रहको रूपमा पुस्तककार कृति, **जय देश जय नेपाल** प्रकाशित छ जसमा ९ ओटा कथाहरू रहेका छन् । उनका कथा राजनैतिक, सामाजिक, आर्थिक र पारिवारिक क्षेत्रसँग सम्बन्धित छन् । उनका कथामा साँस्कृतिक आदर्श र पुरातन मूल्यलाई वैज्ञानिक आधारमा पुनर्मूल्यन गर्नु पर्ने अनुभूति रहन्छ । कथाको संरचना तत्वका पारम्पारिक शैली अवलम्वन गर्ने वस्तुतथ्य अङ्कन गरेर विसङ्गतपूर्ण अवस्थाको अन्त्य गर्न पहाडीका कथा उद्यत रहन्छन् । यी यथार्थवादी प्रगतिवादी धारामा देखापर्दछन् ।

वामदेव पहाडीले नेपाली समालोचना साहित्यको क्षेत्रमा दरो र खरो पाराले कलम चलाएका छन् । यो उनको उच्चतम प्राप्तिको क्षेत्र पनि हो । उनको समालोचना साहित्य वि.सं. २०२०-२०४९ को अवधि भित्र रहेको छ । **विवेक र मन्थन**, **विचारका केही क्षण र आलोचना वृत्त** उनका समालोचनाका सङ्गालाहरू हुन् । उनका समालोचनात्मक कृतिले नेपाली साहित्यको विधागत अध्ययन र विश्लेषणमा, भाषागत समीक्षामा, कृति र कृतिकारको आलोचनात्मक विवेचना गर्नमा रुचि देखाएका छन् । समालोचनात्मक लेख, निवन्ध रचनाले पाश्चात्य सिद्धान्त शैली र रूपसँग परिचित गराउँदै नेपाली मौलिक रूप विकसित गर्ने शक्ति राखेको देखिन्छ । पहाडीको समीक्षात्मक दृष्टिमा पूर्वीय समालोचना सिद्धान्त हलुको र पाश्चात्य समालोचना सिद्धान्त गहकिलो रहेको छ । उनका समीक्षात्मक कृतिहरूमा सौन्दर्य, कलात्मकता, विषय, भावना र अभिव्यक्तिलाई प्रमुखता दिएर पूर्वी रस, अलङ्कार, वक्रोक्ति र पाश्चात्य सौन्दर्य, अभिव्यञ्जना, सम्प्रेषण, अर्थवन्तता जस्ता कुरालाई आधार बनाएर गुण, दोष, महानता, निम्नता, शैली, विषय विचार आदिको निरोपण

गरिएको हुन्छ । पहाडीको आलोचना शैली सङ्क्षिप्त, सूत्रात्मक, व्याख्यात्मक र प्रभाववादी रहेको छ ।

वामदेव पहाडीले नेपाली साहित्यको उपन्यास विधामा कलम चलाएका छन् । उनको एकमात्र प्रकाशित औपन्यासिक कृति **कैदी र झ्यालखान** हो । यस कृतिमा पहाडीबाट निर्दलीय शासन प्रणालीको विरोध, हक र अधिकार तथा स्वतन्त्रता प्राप्तिमा हुने देशभक्तको बलिदानलाई प्रमुख रूपमा चर्चा गरिएको छ । आलोचकीय शैलीमा देखापरेको यस उपन्यासले मानवीय मूल्य, मान्यताको महत्तम दावी गर्दै जुन समाज र राष्ट्रमा सम्पूर्ण मानवता नै बन्दी छ र त्यस बन्दीगृहलाई तोड्न शस्त्रास्त्र भिरेरै भए पनि क्रान्ती गर्न, आत्मोत्सर्ग गर्न पछाडि पर्दैनन् भन्दै प्रशासकको अनैतिक व्यवहार र चरित्रताको उद्घाटन गर्न लेखक सिधै जाइलागेर आलोचनाको मार्ग अख्तियार गरेको कुरालाई कृतिले प्रस्तुत गर्न चाहेको छ । उनको यो औपन्यासिक कृति आलोचनात्मक यथार्थवादी प्रगतिवादी सन्निकट रहेको छ । मानिसका निम्ति स्वतन्त्रता प्यारो हुन्छ । प्रजातन्त्र र मानव अधिकारका बारेमा उनको **कैदी र झ्यालखान** उपन्यास प्रत्यक्षरूपमा बोल्न सक्नु उपन्यासको कटु यथार्थ हो । उनी मानिसलाई उपदेश होइन, चेतनाबाट जुर्मुराउन चाहन्छन् । मानवतावादी र जीवनवादी बनाउने प्रयत्न उपन्यासमा भएको छ । समाज र राजनीतिको जगत्बाट विषयवस्तुको छनौट गर्नु सरल, सरस, वैचारिक एवम् तार्किक भाषाको प्रयोगप्रति सचेत रहनु पहाडीको उपन्यासको मुख्य पक्ष हो । आकारगत आयामका दृष्टिले उपन्यास लघु भए पनि वैचारिक दृष्टिले महत्वपूर्ण स्थान ओगट्न सफल भएको छ । राजनैतिक तथा जहानियाँ निरङ्कुश शासन सत्ताको तीखो व्यङ्ग्य भएको उपन्यासमा समाजका भोका, गरीब र नाङ्गाको यथार्थङ्कन भएको दर्पण हो ।

**कैदी र झ्यालखान** उपन्यास संरचनाका दृष्टिले लघु मानिन्छ । यो जम्मा ८१ पृष्ठ र १० परिच्छेदमा विभाजित छ । आजको अति अस्तव्यस्त समयमा पनि एकै बसाइँमा वा थोरै समयमा पढ्न सकिने क्षीण कथानक भएको उपन्यास हो । जीवनको सङ्घर्षता र मानवको हक, अधिकारका उपेक्षा जस्ता कुराले पाठकको मनमा सहानुभूतिको भाव सञ्चार गर्न सफल भएको छ । तत्कालीन राजनीति र समाजको यथार्थ चित्रण गरेर लेखिएको उपन्यास प्रगतिशील भइकन पनि समाजको वस्तुतथ्यगत अङ्कन गरेर आजसम्म पनि

नेपाली समाज र राजनीतिलाई उत्तिकै प्रेरणा दिन सफल भएको छ । उपन्यासमा समाजकै यथार्थता टिप्ने अथक प्रयास भएकोले यसमा प्रयुक्त भाषाशैली सामान्य बोलीचालीको छ तर भाषिक एकाइको अर्थपूर्ण ढङ्गमा विभिन्न प्रकारले चयन र विचलनको प्रयोग, ध्वनी तथा शब्दको आवृत्ति र क्रियाहीन वाक्यको प्रयोगले भाषालाई काव्यात्मक बनाइदिएको छ । तत्सम्, तद्भव र आगन्तुक अङ्ग्रेजी, हिन्दी, अरवी, फारसी शब्दको प्रयोग भए पनि कथानक र पात्र-चरित्र अनुसार सुहाउँदिलो भएकाले उपन्यास सम्प्रेषणीय बनेको छ । शाब्दिक विविधता देखिए पनि भाषिक प्रयुक्ति निम्न नभई मध्यम नै रहेको छ । मानवताको अत्युच्च दावी भएको, क्षीण कथानक, न्यून चरित्र, सीमित परिवेश, द्वन्द्व र लघु संरचनामा सीमित गरिएको यो उपन्यास लघु उपन्यासका रूपमा देखिन आएको छ ।

## ६.२ निष्कर्ष

वामदेव पहाडी नेपाली साहित्यका राष्ट्रिय प्रतिभा हुन् । नेपाली साहित्यमा आधुनिक कालका साहित्यकारको रूपमा झुल्किएका पहाडीले कविता, कथा, उपन्यास र समालोचनाको क्षेत्रमा कलम चलाएर साहित्यको धरातललाई थप उर्जा प्रदान गराउनमा महत्वपूर्ण योगदान दिए । नेपाली साहित्यका मूर्धण्य स्रष्टा पहाडी यथार्थवादी प्रगतिवादी साहित्यकारको रूपमा देखिन पुगेको कुरा उनको कृतिको अध्ययन र अनुसन्धानबाट थाहा हुन आउँदछ ।

नेपाली साहित्यमा वामदेव पहाडीको स्थान महत्वपूर्ण रहेको कुरा शोधपत्रको अध्ययन कार्यबाट स्पष्ट हुन आउँदछ । पहाडीले नेपाली साहित्यका फाँटमा खासगरी कविता, कथा, उपन्यास र समालोचनाको क्षेत्रमा कलम चलाउँदै आएको भए पनि यस शोधपत्रबाट उनका कथा, कविता र आलोचनाको क्षेत्रमा विस्तृत रूपमा प्रकाश पार्न यस सङ्क्षिप्त शोधपत्रमा सम्भव हुन सकेन । राष्ट्रिय साहित्यकार एवम् प्रतिभाका रूपमा स्थापित भइसकेका यस्ता उर्जाशील व्यक्तित्वका कृतिहरूको अझ अध्ययन र विश्लेषण गर्न अत्यन्तै जरुरी रहेको कुरा शोधकार्यको अध्ययनबाट देखिन आउँदछ । यसरी लुप्त अवस्थामा रहेका वा ओझेलमा परेका साहित्यकारहरूको खोजी गरी राष्ट्रिय साहित्यकारको

मूलधारमा समावेश गरिनुपर्ने कार्य आफैमा गौरव हो । यस्तो कार्यले स्रष्टाको सम्मान हुने र अर्कोतर्फ नेपाली साहित्य मौलाउन पाउने हुन्छ । पहाडीको प्रकाशित कृतिहरूको र प्रकाशोन्मुख कृतिहरूको उपन्यास विधा बाहेक कथा, कविता तथा समालोचना विधालाई लिएर भविष्यमा कुनै व्यक्ति वा शोधकर्ताले विशद् रूपमा अध्ययन र गवेषण गरी प्रकाश गर्न सक्ने सम्भावनाको द्वार खुला छ । साहित्य, कला र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने पहाडीले रचनागत वैशिष्ट्यताका आधारमा अन्य विधा भन्दा उनको समालोचना विधा अत्यन्तै उर्वर देखिन आएको शोधपत्रको अध्ययनले देखाएको छ । आगामी दिनमा पहाडीका कविता, कथा र समालोचना विधामध्ये कुनै पनि विधामा शोधकार्य गर्न सकिने मार्ग प्रशस्त रहेको छ ।

अन्तमा वामदेव पहाडीका विषयमा अनुसन्धान गर्न चाहनेहरूका लागि सम्भाव्य शीर्षक हुनेछन् -

- वामदेव पहाडीका कथाकारिताका बारेमा ।
- वामदेव पहाडीका कवित्वका पक्षमा ।
- वामदेव पहाडीका समालोचनाकारिताका क्षेत्रमा ।

# सन्दर्भग्रन्थसूची

## (क) पुस्तकसूची


अधिकारी, हेमाङ्गराज तथा अन्य, **रसिलो नेपाली माला,** काठमाण्डौं : आठराई प्रकाशन, २०६१ ।

अब्राम्स, एम.एच, **ग्लोसरी अफ लिटरसी टर्म्स,** दिल्ली : प्रिजम बुक्स प्रा.लि, ई. १९९३ ।

ओझा, रामनाथ र मधुसुदन गिरी, **शोध सिर्जना र संस्कृतकाव्यशास्त्र,** काठमाण्डौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०६० ।

गिरी, स्वामी रामानन्द, **माडूक्योपनिषत् कारिका नेपाली अनुवाद एवम् व्याख्या,** देवघाट : महेश सन्यास आश्रम, २०५१ ।

चापागाई, नरेन्द्र, **केही सृष्टि : केही दृष्टि,** (समालोचना) ललितपुर : साझा प्रकाशन, २०४३ ।

जलादि, विश्वमित्र, **उपन्यास कला : एवं विवेचन** वाराणसी सरस्वती मन्दिर, ई. १९६२ ।

जैन, रविन्द्रकुमार, **उपन्यास सिद्धान्त और संरचना,** दिल्ली : नेसनल पब्लिसिङ्ग हाउस, ई. १९७२ ।

तिमिल्सिना, डिल्लीराम, **प्रबन्धलता,** ताप्लेजुङ् :श्रीराम सार्वजनिक पुस्तकालय, २०२३ ।

.................., **हाम्रो साहित्य र साहित्यकारहरू,** विराटनगर : पुस्तक संसार, २०२४ ।

नेपाल, घनश्याम, **आख्यानका कुरा,** सिलिंगुढी : एकता बुक्स, २००५ ।

नेपाली साहित्य प्रचार समिति, **नेपाली साहित्यको परिचयात्मक इतिहास,** सिलगढी : नेपाली साहित्य प्रचार समिति, सन् १९९१ ।

पहाडी, वामदेव, **कैदी र झ्यालखान,** भैरहवा : राजकुमार श्रेष्ठ, २०३६ ।

...................., **विवेक र मन्थन,** भैरहवा : राजेन्द्रकुमार श्रेष्ठ, २०३७ ।

...................., **नयननीर,** भैरहवा : राजकुमार जोशी, २०४६ ।

...................., **जय देश जय नेपाल,** भैरहवा : मनोज जोशी, २०४८ ।

...................., **विचारका केही क्षण,** काठमाण्डौं : ने.रा.प्र.प्र., २०५२ ।

...................., **आलोचनाको वृत्त,** काठमाण्डौं : ने.रा.प्र.प्र., २०५४ ।

...................., **नेपाली साहित्यको आलोचनात्मक इतिहास,** (अप्रकाशित) ।

पोखरेल, वालकृष्ण, **नेपाली बृहत शब्दकोश,** काठमाण्डौं : ने.रा.प्र.प्र. २०४७ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** काठमाण्डौं : साझा प्रकाशन, २०३७ ।

...................., **नेपाली उपन्यास र उपन्यासकार,** (दो.सं.) ललितपुर : साझा प्रकाशन, २०४३ ।

...................., **साझा समालोचना,** काठमाण्डौं : साझा प्रकाशन, २०३१ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन, २०५६ ।

...................., **नेपाली कथा : उपन्यास सिद्धान्त र समीक्षा,** (दो.सं.) विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाण्डौं, २०६४ ।

भट्टराई, घटराज, **साहित्यकार परिचय कोश,** काठमाण्डौं : एकता बुक्स डिस्ट्रीब्युटर्स, २०५१ ।

भार्गव, राजुल, (अनु) **उपन्यास के पक्ष,** जयपुर : राजस्थान हिन्दी अकादमी, ई. १९८२ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू,** (दो.सं.) ललितपुर : साझा प्रकाशन, २०५० ।

राय,  गोपाल, **उपन्यास शिल्प,** पटनाः विहार हिन्दी ग्रन्थ अकादमी, ई. १९७३ ।

लमजेल, रविमान, **कोशी अञ्चलको साहित्यिक इतिहास,** धरान :स्वयम्, २०५१ ।

लामिछाने, यादवप्रकश, **नेपाली कथा र उपन्यास,** काठमाण्डौं आठराई प्रकाशन, २०५४ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग,** काठमाण्डौं : ने.रा.प्र.प्र. २०५६ ।

................., **शैली विज्ञान,** काठमाण्डौं : ने.रा.प्र.प्र. २०४८ ।

शाक्य, केशवमान, बिम्व (सम्पा) ईश्वर बराल, **नेपाली साहित्य कोश,** काठमाण्डौं : ने.रा.प्र.प्र. २०५५ ।

श्रीवास्तव, शिवनारायण, हिन्दी **उपन्यास ऐतिहासिक अध्ययन,** वाराणसी : सरस्वती मन्दिर, ई. १९६६ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** *(छैठौं सं.)* ललितपुर : साझा प्रकाशन, २०५७ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वनारस : भूमिका प्रकाशन, २०५३ ।

सुवेदी, शिखरनाथ, **शिखरनाथ गोत्र प्रवरावली,** वाराणसी : यशोदा पुस्तकालय, २०२७ ।

हवार्थन, जेरेमी, **स्टडिङ्ङ द नोबल एन इन्ट्रोडक्सन,** *(दो.सं.)* दिल्ली युनिभर्सल बुक्स स्टल, ई. १९९२ ।

## (ख) सन्दर्भ पत्रपत्रिका सूची

"गहिरो दुःख प्रकट", **साप्ताहिक सम्वाद**, (भैरहवा : लक्ष्मी प्रिन्टिङ प्रेस, वर्ष २०, अङ्क २२, २०५४), पृ.१ ।

दवाडी, मदनप्रसाद, "लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क" **हाम्रो पुरूषार्थ** ( किरण पुस्तकालय, तम्घास, गुल्मी, वर्ष ९, अङ्क २, वैशाख, २०३९), पृ. १००-१०३ ।

पहाडी, वामदेव, "मुर्दावाददेखि जिन्दावादसम्म", **अनुराग,** (टीकापुर, कैलाली : साहित्यिक प्रकाशन, वर्ष १०, अङ्क ६५, २०४८), पृ.२ ।

.................., "जङ्गल शहर जङ्गल", **रत्नश्री** (मासिक), (काठमाण्डौं : आनन्ददेव भट्टराई, नवजीवन प्रेस, रत्नश्री पथ, वर्ष २८, अङ्क ३, २०५४), पृ.२६ ।

"पहाडीको स्वर्गारोहण", **लुम्बिनी** (दैनिक), (बुटवल : लुम्बिनी अफसेट प्रेस प्रा.लि, वर्ष १०, अङ्क ६५, २०५४), पृ. १ ।

पाण्डे, कृष्णराज र डा.बलराम गौतमसमेत सामूहिक १४ जना, "दिवंगत आत्माको चीर शान्तिको कामना", **साप्ताहिक सम्वाद,** ( सिद्धार्थनगर : लक्ष्मी प्रिन्टिङ प्रेस, वर्ष २०, अङ्क २३, २०५४), पृ. ३ ।

भट्टराई, मदनदेव, “रत्नश्री पदक र सम्मान”, **रत्नश्री,** (काठमाण्डौं : नवजीवन प्रेस, डिल्लीबजार, भोलुम ५, नं. २, २०३२), पृ. ७ ।

सम्पादक, “लेखक परिचय”, **उद्योग,** (बुटवल, रूपन्देही : बुटवल उद्योग वाणिज्य संघ, २०४२), पृ. ५ ।

“समवेदना”, **जनसंघर्ष** (दैनिक), (बुटवल : हाइटेक अफसेट प्रा.लि., वर्ष ८, अङ्क २०२, २०५४, फाल्गुण २५), पृ. ३ ।

“समवेदना”, **नयाँ दिशा,** (बुटवल : नयाँ प्रकाशन, वर्ष ५, अङ्क २१, २०५४, फाल्गुण २६), पृ. २ ।

## ग) शोधपत्रहरू

पन्थी, कृष्णप्रसाद **साहित्यकार वामदेव पहाडीको जीवनी, व्यक्तित्व र कृतित्व** (अप्रकाशित) स्नातकोत्तर शोधपत्र त्रि.वि.ने.के.वि. २०५५ ।

पौडेल, विष्णुप्रसाद **उपन्यासकार इन्द्रबहादुर राई** (कृतिपरक अध्ययन) (अप्रकाशित) स्नातकोत्तर शोधपत्र त्रि.वि.ने.के.वि. २०४४ ।

बेल्वासे, गोविन्दप्रसाद, **बालसाहित्यकार बूँद रानाको बालकवित्व : एक अध्ययन** (अप्रकाशित) स्नातकोत्तर शोधपत्र त्रि.वि.ने.के.वि. २०६४ ।

मल्ल, महेन्द्र कुमार **लैनसिंह वाङदेलका औपन्यासिक कृतिहरूको अध्ययन** (अप्रकाशित) स्नातकोत्तर शोधपत्र त्रि.वि.ने.के.वि. २०५३ ।

राई, शंकरकुमार, **मुलुकबाहिर उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, त्रि.वि.ने.के.वि., २०५३ ।

सुवेदी, नेत्रमणि **भ्रमर उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, त्रि.वि.ने.के.वि. २०५२ ।

लामिछाने, गीता **लङ्गडाको साथी उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित) स्नातकोत्तर शोधपत्र त्रि.वि.ने.के.वि. २०५८ ।

लामिछाने, यादवप्रकाश, **आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध,** विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि कीर्तिपुर, २०६१ ।